प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन



नेपाल पत्रकार महासंघ

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

(२०७४ वैशाखदेखि ०७५ वैशाख)

**संयोजन**
प्रकाश थापा

**सम्पादन**
भुवन केसी/हिरण्य जोशी

**नेपाल पत्रकार महासंघ**
२०७५

© सर्वाधिकार
नेपाल पत्रकार महासंघ
सञ्चारग्राम, तिलगंगा, काठमाडौँ
फोन : ४११२७६३, ४११२६७३,
Email : fnjnepalcentral@gmail.com
Web : www.fnjnepal.org

डिजाइन लेआउट :
निबास डंगोल
एड क्रिउ मिडिया प्रा.लि.

आवरण तस्बीर :
फोटो जर्नलिष्ट क्लब

यसमा प्रकाशित सामग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत उद्धृत गरेर प्रयोग गर्न वा पुनः प्रयोग गर्न सकिनेछ।

# कृतज्ञता

लोकतन्त्र र प्रेस स्वतन्त्रताबीच अनोन्याश्रित सम्बन्ध हुन्छ। लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस स्वतन्त्रता हुनसक्छ भने प्रेस स्वतन्त्रता भए लोकतन्त्रको संस्थागत विकास हुनसक्छ। त्यसैले नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत तथा भौतिक सुरक्षालाई विशेष प्राथमिकता दिँदै आएको छ।

राणा शासन र पञ्चायती व्यवस्थामा प्रेस स्वतन्त्रता थिएन नै। प्रजातान्त्रिक शासन व्यवस्था अभ्यास भएको समय २००७ सालदेखि २०१७ साल, २०४६ सालदेखि २०५९ साल, २०६२/०६३ सालको जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक शासन व्यवस्थादेखि २०७४ सालको अन्त्यसम्म पनि प्रेसका अधिकार पटक-पटक कुण्ठित गरिएका छन् । यसबीचमा पत्रकारको हत्या, गिरफ्तारी, बेपत्ता, कब्जा/अवरोध, जफत, आक्रमण, धम्की, विस्थापन, पेशागत असुरक्षा, नीतिगत बन्देजलगायतका प्रेस स्वतन्त्रता हननका धेरै घटना भएका छन् ।

पत्रकारको पेशागत तथा भौतिक सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका मुद्दालाई महासंघले महत्वका साथ उठाउँदै आएको छ। त्यति हुँदाहुँदै पनि राज्य तथा गैरराज्यपक्षबाट पत्रकारलाई भौतिक आक्रमण गर्ने, धम्की दिने, मिडियामा अवरोध सिर्जना गर्ने प्रयास हुँदै आएका छन्। यस्ता घटनाको महासंघले सम्पूर्ण रुपले प्रतिवाद गर्दै आएको छ।

२०७२ सालमा जारी नेपालको संविधानले तुलनात्मक रुपमा २०४७ सालको संविधानको भन्दा बढी प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको छ । तरपनि संविधानको धारा र उपधाराहरुमा अझैपनि प्रेस स्वतन्त्रता अपुरो नै छ। व्यवहारमा पनि प्रेस स्वतन्त्रता, पत्रकार र मिडियाको सुरक्षालगायतमा समस्या कायमै रहेको पाइएको छ। राज्य र गैरराज्य पक्षबाट हुने प्रेस स्वतन्त्रता हननका घटनामा पत्रकार महासंघले अनगुमन इकाई स्थापना गरेर अनुगमन गर्दै आएको छ। यसैक्रममा २०७४ साल वैशाख २१ गतेदेखि २०७५ साल वैशाख १६ गतेसम्म भएका प्रेस स्वतन्त्रता हननका घटनालाई समावेश गरेर प्रेस स्वतन्त्रता अनुगमन प्रतिवेदन तयार पारिएको छ। प्रतिवेदनमा प्रेस स्वतन्त्रता र पत्रकारको पेशागत सुरक्षा सम्बन्धी लेखहरू पनि समावेश गरिएको छ। विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा प्रकाशित यस प्रतिवेदनले प्रेस स्वतन्त्रता र प्रेस स्वतन्त्रता हननका विभिन्न आयाम

बुझ्न तथा आगामी दिनमा प्रेस स्वतन्त्रता हननका घटनालाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

प्रतिवेदन तयार पार्ने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पत्रकार महासंघका सबै पदाधिकारी तथा सदस्य र कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु। यसैगरी महत्वपूर्ण लेख उपलब्ध गराई सहयोग गर्नुहुने पत्रकारहरूलाई विशेष धन्यवाद छ। शुद्धा शुद्धि हेर्नुहुने भुवन कार्की र मिडिया अनुगमनको अभिलेख राख्नुहुने खगेन्द्र फुयाँललाई पनि धन्यवाद दिन चाहन्छु।

**गोविन्द आचार्य**
अध्यक्ष
नेपाल पत्रकार महासंघ

# विषय सूची


२०७४ सालमा प्रेस स्वतन्त्रताको अवस्था ........ १

लोकतन्त्र, प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षा
– गोविन्द आचार्य ........ १८

प्रेस स्वतन्त्रताको चुनौती र रक्षा
नियन्त्रण, स्वनियन्त्रण र स्वनियमन
–डा. महेन्द्र विष्ट ........ २९

लोकतन्त्र र प्रेस स्वतन्त्रता
–विपुल पोखे्रल ........ ३७

पत्रकारलाई कोबाट खतरा ?
–बबिता बस्नेत ........ ४३

पत्रकार महासंघ र प्रेस स्वतन्त्रता
–रमेश विष्ट ........ ४७

श्रमजीवी पत्रकारका अधिकार निल्ने प्रपञ्च
–रामप्रसाद दाहाल ........ ५०

आमनिर्वाचन र नेपाली मिडिया
–राजेश मिश्र ........ ६०

पत्रकार आचारसंहिता र प्रेस स्वतन्त्रता
–रामशरण बोहरा ........ ७०

प्रेस स्वतन्त्रता र सोसल मिडिया
–लेखनाथ न्यौपाने ........ ७८

प्रेस र अभिव्यक्ति स्वतन्त्रता
–जन्मदेव जैसी ........ ८३

प्रेसमाथि “सेन्सरसीप” र “अवहेलना”को हतियार
–यम विरही ........ ८७

अनलाइन पत्रकारिता र प्रेस स्वतन्त्रता
–उज्ज्वल आचार्य ........ ९३

लोकतन्त्रपछि प्रेस स्वतन्त्रता हनन्का घटना
–भुवन केसी/हिरण्य जोशी ........ ९९

# २०७४ सालमा प्रेस स्वतन्त्रताको अवस्था

२०७४ साल नेपालमा चुनावी वर्षका रूपमा रह्यो । यसै वर्ष तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भए । वैशाखमा पहिलो, असारमा दोस्रो र असोजमा तेस्रो चरणको स्थानीय तहको निर्वाचनपश्चात् नागरिकले स्थानीय स्तरमा आफ्ना प्रतिनिधि पाए भने यी निर्वाचनहरू देशमा संघीयता कार्यान्वयनको थालनी बिन्दु पनि बन्न पुगे । त्यसलगत्तै मंसिरमा सम्पन्न प्रादेशिक र संघीय संसदको निर्वाचनले संघीयता कार्यान्वयनको आधार तयार पारे ।

नेपाल पत्रकार महासंघका हकमा समेत यो वर्ष चुनावी वर्ष रह्यो । २०७३ माघदेखि सुरू भएको जिल्ला शाखाका निर्वाचनहरूमध्ये कतिपय यही वर्षको शुरूवाततिर सम्पन्न भए भने भदौमा महासंघको केन्द्रीय महाधिवेशन सम्पन्न भयो । अहिले महासंघको प्रदेश समितिहरूको निर्वाचन प्रक्रिया जारी छ र वैशाख २२ गते सम्पन्न हुने निर्वाचनपश्चात् महासंघले पनि आफूलाई पूर्णरूपमा संघीय ढाँचामा रूपान्तरण गर्नेछ ।

नेपालमा प्रेस स्वतन्त्रता हननूका घटनाहरूका कुरा गर्दा मुख्यरूपमा राजनीतिक गतिरोध वा आन्दोलन वा द्वन्द्व जारी रहेको अवस्थामा प्रेस र पत्रकारहरूलाई बढी आक्रमण हुने गरेको पाइन्छ । तीन चरणका निर्वाचनहरू सम्पन्न भएको यस वर्ष पनि प्रेस स्वतन्त्रता हननूका घटनाहरू मूलरूपमा निर्वाचन वरिपरि नै केन्द्रित रहे । निर्वाचनका क्रममा महासंघले देशभर मिसन पठाएर प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको वातावरण तयार पार्न भूमिका निर्वाह गरेको थियो ।

यस वर्ष प्रेस स्वतन्त्रता हननूका घटनाहरूमा मुख्यरूपमा राज्य पक्ष नै बढी संलग्न रह्यो । पत्रकारहरूको गिरफ्तारी होस् वा निर्वाधरूपमा समाचार संकलनमा रोक लगाउने काम, यस वर्ष राज्यपक्षबाट नै बढी भएको पाइएको छ ।

यसै वर्ष प्रेस स्वतन्त्रता हननूका घटनामा न्यायपालिकाको समेत भूमिका रहन गयो । पत्रकारहरूबाट समाचारको स्रोत माग्ने घटना होस् वा प्रधानन्यायाधीश स्वयं संलग्न भई मिडियामा आउने समाचारमा रोक लगाउन भएको प्रयत्न, न्यायपालिकासमेत यस वर्ष प्रेस स्वतन्त्रताप्रति अनुदार देखियो । संकटकालमा समेत नदेखिएका यस्ता घटना देखिनुले प्रेस स्वतन्त्रताका हिमायतीहरूलाई झस्काएको छ ।

संघीयता कार्यान्वयनको यस वर्ष प्रेस स्वतन्त्रतामाथि खतरा आउन सक्ने नीतिगत वातावरण पनि बनेको छ । विभिन्न तहहरूमा कानुन निर्माणको प्रक्रिया अघि बढिरहँदा

कतिपय ऐन र प्रस्तावित मस्यौदाहरूमा प्रेस स्वतन्त्रता ग्यारेण्टी गर्ने संविधानका धाराहरू विपरित हुनेखालका प्रावधानहरू पनि राखिएको छ । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनलाई लिन सकिन्छ,जसको दफा ११ मा एफएम सञ्चालनसम्बन्धी व्यवस्थाअन्तर्गत स्थानीय तहलाई एफ.एम. रेडियो खारेजीको अधिकारसमेत दिइएको छ । यसका साथै संघीय सरकारले बनाउनु पर्ने सञ्चारसम्बन्धी ऐनहरू अझै बन्न सकेका छैनन् । नेपाल पत्रकार महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले अहिले निर्माण हुँदै गरेका सञ्चारसम्बन्धी कानुनहरूको निगरानी गरिरहेका छन् । आमसञ्चार नीति अनुसार नयाँ कानुन र संरचना बन्ने क्रममा छन् । ती कानुन र संरचनालाई प्रेस स्वतन्त्रतामैत्री बनाउन महासंघले पहरेदारी गर्नेछ ।

## प्रेस स्वतन्त्रता हनन्का घटनाको अभिलेखीकरणको व्यवस्था

नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननूका घटनाहरूको निरन्तर अनुगमन गर्दै आइरहेको छ। २०५६ सालदेखि महासंघले प्रेस स्वतन्त्रता हननूका घटना अभिलेखीकरण गर्दै आएको छ। हाल महासंघमा यसका लागि छुट्टै सञ्चार अनुगमन इकाइको व्यवस्था गरिएको छ । यसै वर्षदेखि उक्त इकाइले प्रेस स्वतन्त्रता हननूका घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनालाई त्यहाँ रेकर्ड गर्ने गरेको छ, जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ।

यसका साथै महासंघले २०७१ सालमा प्रेस स्वतन्त्रता हननूको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हननूका घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थितरूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा गत वर्ष संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको सञ्चार अनुगमन इकाइमा वर्षभरी अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्थालाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ। प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का दिन प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ। उक्त प्रतिवेदनका

लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको वैशाखदेखिका घटनाहरूलाई लिने गरिएको छ।


## २०७४ सालमा भएका घटनाहरुको विश्लेषण

वर्ष २०७४ मा नेपाल पत्रकार महासंघको सञ्चार अनुगमन इकाइमा प्रेस स्वतन्त्रता उल्लंघन सम्बन्धी ६२ वटा घटना अभिलेख भएका छन् । यी ६२ घटनामा ८७ जना पत्रकारहरु पीडित भएका थिए । महासंघले प्रदेशहरुका आधारमा रेकर्ड गरेका घटनाहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| घटना प्रकृति | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | कुल घटना |
|---|---|---|---|---|---|---|---|---|
| हत्या | | | | | | | | |
| गिरफ्तारी | १ | | ६ | २ | ४ | १ | २ | १६ |
| बेपत्ता | | | १ | | | | | १ |
| कब्जा / अवरोध | | | ६ | | | | | ६ |
| आक्रमण | २ | | ३ | ३ | २ | ३ | ४ | १७ |
| लैङ्गिक हिंसा | | | | | | | | |
| दुर्व्यवहार/धम्की | | ५ | ८ | ४ | १ | | १ | १९ |
| विस्थापन | | | | | | | | |
| पेशागत असुरक्षा | | | | | | | | |
| नीतिगत बन्देज | | | ३ | | | | | ३ |
| कुल घटना | ३ | ५ | २७ | ९ | ७ | ४ | ७ | ६२ |


यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनाहरुमा सबैभन्दा प्रमुख रुपमा पत्रकारहरु गिरफ्तार गरिएका घटनाहरु देखा परे। विशेष गरी संघीय र प्रदेश निर्वाचनको सेरोफेरोमा निर्वाचन सुरक्षा लगायत विभिन्न बहानामा पत्रकारहरुलाई हिरासतमा लिइयो। कुनै पनि बहानामा पत्रकारहरु गिरफ्तार गरिनु प्रेस स्वतन्त्रता उल्लंघन हो भन्ने ठहरका साथ महासंघले यी पत्रकारहरुको रिहाइका लागि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण मुद्दा दायर गरेको थियो । त्यसलगत्तै गिरफ्तार गरिएका सबै पत्रकारहरुलाई रिहा गरिएको थियो । यीमध्ये कतिपय पत्रकारहरुले हालसम्म पनि मुद्दा खेपिरहनु परेको छ। त्यसैगरी यही वर्ष पत्रकारहरुले समाचार लेखेकै कारण पनि गिरफ्तार हुनु पर्‍यो ।

## प्रदेश अनुसार प्रेस स्वतन्त्रता हननका घटना




यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा धेरै घटनाहरु प्रदेश नं ३ मा भए भने सबैभन्दा कम प्रदेश नं १ मा भए। महासंघ सञ्चार अनुगमन इकाइको रेकर्डका अनुसार प्रदेश नं ३ मा २७ वटा यस्ता घटना भएका थिए भने प्रदेश नं १ मा ३ वटा घटना भएका थिए। त्यसैगरी प्रदेश नं २ मा ५, प्रदेश नं ४ मा ९, प्रदेश नं ५ मा ७, कर्णाली प्रदेश (तत्कालिन प्रदेश नं ६) मा ४ र प्रदेश नं ७ मा ७ वटा घटना भए।

## प्रदेश अनुसार घटनाको प्रकृति




यी ६२ वटा घटनामा ८७ पत्रकार तथा सञ्चार संस्थाहरु पीडित भएका थिए। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| | प्रदेश नं १ | | | प्रदेश नं २ | | | प्रदेश नं ३ | | | प्रदेश नं ४ | | | प्रदेश नं ५ | | | प्रदेश नं ६ | | | प्रदेश नं ७ | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| हत्या | | | | | | | | | | | | | | | | | | | | | | |
| गिरफ्तारी | १ | २ | | | | | १० | १ | | २ | | | ६ | | | २ | | | ३ | | | २७ |
| बेपत्ता | | | | | | | १ | | | | | | | | | | | | | | | १ |
| कब्जा/अवरोध | | | | | | | ६ | २ | ४ | | | | | | | | | | | | | १२ |
| आक्रमण | ३ | | | | | | २ | १ | | ४ | | | २ | | | ३ | | १ | ३ | | | १९ |
| लैङ्गिक हिंसा | | | | | | | | | | | | | | | | | | | | | | |
| दुर्व्यवहार/धम्की | | | | ७ | | | १० | १ | | २ | १ | | १ | | | | | | १ | | | २३ |
| विस्थापन | | | | | | | | | | | | | | | | | | | | | | |
| पेशागत असुरक्षा | | | | | | | | | | | | | | | | | | | | | | |
| नीतिगत बन्देज | | | | | | | | | ५ | | | | | | | | | | | | | ५ |
| कुल पीडित | ६ | | | ७ | | | ४३ | | | ९ | | | ९ | | | ६ | | | ७ | | | ८७ |
| प्रदेश अनुसार पीडित | ५ | | | ७ | | | ३८ | | | ९ | | | ९ | | | ६ | | | ७ | | | ८७ |
| कुल पीडित | पुरुष | ६९ | | महिला | ८ | | संस्था | १० | | कुल | | | | | | | | | | | | ८७ |

पु = पुरुष　　म = महिला　　सं = संस्था


## पीडित पत्रकार तथा सञ्चार संस्था




यस अवधिमा ६९ पुरुष पत्रकार, ८ महिला पत्रकार र १० वटा सञ्चार संस्था प्रेस स्वतन्त्रता उल्लंघनका घटनाबाट प्रताडित भए । यसरी हेर्दा विभिन्न कारणहरुले पुरुष पत्रकारहरु नै यस्ता घटनाहरुमा बढी परेको पाइएको छ ।

घटनाको प्रकतिका आधारमा हेर्दा यस वर्ष सबैभन्दा बढी पत्रकारहरुमाथि दुर्व्यवहार वा धम्कीका घटनाहरु रेकर्ड भएका छन् । त्यसैगरी पत्रकार वा सञ्चार संस्थामाथि आक्रमणका घटना तथा पत्रकार गिरफ्तारीका घटनाहरु पनि भए । घटना प्रकतिका आधारमा विश्लेषण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

## प्रेस स्वतन्त्रता हननका घटना प्रकृति




सारांशमा हेर्दा गत वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनाहरु केही कम भए पनि अझै पनि प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्थालाई सन्तोषजनक मान्न सकिने अवस्था छैन । त्यस अतिरिक्त पछिल्लो केही समयमा सरकार प्रेस प्रति अनुदार हुँदै गएको आभाष पाइन्छ । बन्दै गरेका वा बनिसकेका कतिपय ऐन, नियम, निर्देशिका जस्ता दस्तावेजहरुमा सञ्चारमाथि बन्देज लगाउन सकिनेसम्मका वाक्यहरु परेका छन् । केन्द्र सरकारले स्थानीय सरकारहरुका लागि भनि तयार गरेका कतिपय नमूना कानूनहरुमा प्रेस स्वतन्त्रतालाई संकुचित गर्ने खालका प्रावधानहरु रहेका छन् । यसप्रति सबै मिडिया सरोकारवालाहरुको ध्यान जानु आवश्यक छ र महासंघ देशमा प्रेसमैत्री वातावरण तयार पार्न र कानुनमा भएका यस्ता प्रावधानहरुलाई सच्याउनका लागि कटिबद्ध छ ।

## २०७४ मा भएका प्रेस स्वतन्त्रता हनन्का घटनाहरुको विवरण

| क्र.सं | नाम | घटना विवरण |
|---|---|---|
| १ | गोपाल जिसी (पर्वत) | नेपाल पत्रकार महासंघ पर्वत शाखाका उपाध्यक्ष गोपाल जिसीलाई प्रहरी वैशाख २१ गते पक्राउ गर्‍यो । निजलाई नेत्रविक्रम चन्द नेतत्वको कम्युनिष्ट पार्टीका समाचार सामग्री प्रचार गरेको प्रहरीको आरोप थियो । जिसीलाई एक हप्ता हिरासतमा राखेर एक हजार रुपैयाँ धरौटीमा छोडिएको थियो । |
| २ | पुस्टमन घर्तीमगर (रोल्पा) | नेपाल पत्रकार महासंघ रोल्पा शाखाका सदस्य पुस्टमन घर्तीमगरलाई वैशाख २५ गते पक्राउ गरी हिरासतमा राखिएको थियो । निजलाई स्थानीय तहको निर्वाचन विरोधी गतिविधि गरेको आरोप थियो । स्थानीय तहको निर्वाचनपछि घर्तीमगर रिहा भएका थिए । |
| ३ | देवचन्द्र भट्ट (नुवाकोट) | नुवाकोटका पत्रकार देवचन्द्र भट्टलाई स्थानीय तहको निर्वाचनमा विदुर नगरपालिकामा मतदाता मनोनयनको फोटो खिचेको भन्दै प्रहरीले वैशाख २६ गते दुर्व्यवहार गरेका थिए । |
| ४ | रातोखबर साप्ताहिक (काठमाडौं) | वैशाख २६ गते बागबजारस्थित रातोखबर साप्ताहिकको कार्यालयमा प्रहरी प्रवेश गरी पत्रिका प्रकाशनमा अवरोध गरेका थिए । |
| ५ | ठाकुरप्रसाद तिमिल्सिना<br>गम्भीर पाठक<br>योगेश बराल<br>(काठमाडौं) | नेपाल पत्रकार महासंघ काठमाडौं शाखा सदस्य ठाकुरप्रसाद तिमिल्सिना, गम्भीर पाठक र लेखक योगेश बराललाई प्रहरीले वैशाख २८ गते काठमाडौंमा पक्राउ गरेका थिए । उनीहरूलाई स्थानीय तहको निर्वाचन भाड्न संलग्न भएको आरोप लगाइएको थियो र स्थानीय तहको निर्वाचनपछि छोडिएको थियो । |
| ६ | विनोद विष्ट (लतिलपुर) | वैशाख ३१ गतेको स्थानीय तहको निर्वाचनका क्रममा ललितपुर जिल्लाको गोदावरी नगरपालिका २ स्थित फुल्चोकी प्रा.वि.मा खटिएका प्रहरी र निर्वाचन अधिकतले नयाँ पत्रिकाका सम्वाददाता विनोद विष्टलाई समाचार संकलनमा अवरोध गर्दै दुर्व्यवहार गरेका थिए । |
| ७ | विकाश भट्टराई (गोरखा) | जनता टेलिभिजन सम्वाददाता विकाश भट्टराईलाई स्थानीय तह निर्वाचनको मत गणनाको समाचार संकलनका क्रममा प्रहरीले जेठ २ गते गोरखा जिल्लाको सदरमुकाममा पक्राउ गरेका थिए । केही दिन हिरासतमा राखेर भट्टराईलाई छोडिएको थियो । |

| | | |
|---|---|---|
| ८ | सुदर्शन मंगोल (काठमाडौं) | पत्रकार सुदर्शन मंगोललाई प्रहरीले जेठ ३ गते काठमाडौंको असनमा पक्राउ गरी केही दिनपछि छाडेको थियो । |
| ९ | सुष्मा पौडेल (कास्की) | नेपाल पत्रकार महासंघ निवर्तमान केन्द्रीय सदस्य सुष्मा पौडेललाई<br>पोखराको लेखनाथ महानगरपालिकको निर्वाचन मत परिणामलाई लिएर कार्की कार्कीले फेसबुकबाट जेठ १० गते मार्ने धम्की दिएका थिए । कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरेको केही दिनमा ती व्यक्तिले सार्वजनिक रूपमा माफी मागेका थिए । |
| १० | कृष्णप्रसाद पाण्डे (अर्घाखाँची) | अर्घाखाँची जिल्लाको मालारानी-८ निवासी पत्रकार कष्णप्रसाद पाण्डेलाई जेठ १५ गते अर्घाखाँची मालारानी-६ को रतनमारे प्रहरी चौकी अगाडि ५/६ जनाले कुटपिट गरेका थिए । |
| ११ | अनुप तिवारी (पर्सा) | नेपाल पत्रकार महासंघ पर्सा शाखा उपाध्यक्ष तथा रेडियो बीरगञ्जमा आवद्ध पत्रकार अनुप तिवारीलाई जेठ २२ गते पर्सा जिल्लाको बीरगञ्ज उपमहानगरपालिकाबाट छप्कैयास्थित आफ्नो घरतर्फ जाँदै गर्दा केही व्यक्तिले दुर्व्यवहार गर्दै आगो लगाउने प्रयास गरेका थिए । |
| १२ | हरि भण्डारी<br>राजेन्द्र राउत क्षेत्री (प्युठान) | नेपाल पत्रकार महासंघ प्युठान शाखा सहसचिव तथा लिस्ने एफएम र माउन्टेन टिभी प्युठान सम्वाददाता हरि भण्डारी र लिस्ने एफएम सम्वाददाता राजेन्द्र राउत क्षेत्रीलाई प्रहरीले जेठ २४ गते पक्राउ गरेका थिए । उनीहरूलाई स्थानीय तहको निर्वाचन विरोधी गतिविधिको प्रचार गरेको आरोप लगाइएको थियो । |
| १३ | रेडियो कर्णाली आवाज (हुम्ला) | कार्यक्रम प्रसारणको विषयलाई लिएर हुम्लाबाट प्रसारण हुने सामुदायिक रेडियो कर्णाली आवाजमा जेठ २६ गते आक्रमण गरिएको थियो । जेठ २६ गते बेलुकी ९:५५ बजेतिर मानसरोवर माध्यामिक विद्यालयका प्रधानाध्यापक अमरबहादुर शाहीलगायतका केही व्यक्तिले कार्यालयमा रहेका कम्प्युटर, प्रिन्टर, ल्यापटपलगायतका सञ्चार सामग्री तोडफोड गरेका थिए । |
| १४ | मिमसिंह नेपाली<br>अर्जुन बोहोरा (हुम्ला) | कार्यक्रम प्रसारणको विषयलाई लिएर महासंघ हुम्ला शाखाका अध्यक्ष एवं सामुदायिक रेडियो कर्णाली आवाजमा कार्यरत अर्ज'न बोहरा र कार्यक्रम प्रस्तोता मीमसिंह नेपालीलाई जेठ २६ गते आक्रमण भएको थियो । |

| | | |
|---|---|---|
| १५ | लीला श्रेष्ठ<br>रत्नकष्ण श्रेष्ठ<br>रमेश गिरी<br>सुदिपकुमार पौडेल<br>(भक्तपुर) | भक्तपुरको सूर्यविनायक नगरपालिका हनुमन्ते खोलाको धार परिवर्तनको समाचार संकलनका क्रममा जेठ २७ गते केही व्यक्तिले फोटो पत्रकारको क्यामरा खोस्नुका साथै पत्रकारलाई दुर्व्यवहार गरेका थिए । |
| १६ | खेम भण्डारी<br>गणेश भट्ट<br>(कञ्चनपुर) | कञ्चनपुरबाट प्रकाशित हुने दैनिक मानसखण्डका सम्पादक खेम भण्डारी र पत्रकार गणेश भट्टलाई प्रहरीले असार ३ गते पक्राउ गरेका थिए । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव निरीक्षक महेन्द्र पाण्डे नेतत्वको टोलीले सम्पादक भण्डारीलाई भीमदत्त नगरपालिका १८ स्थित मानसखण्डको कार्यालयबाट पक्राउ गरेको थियो । उच्च अदालत दिपायलको आदेशपछि असार ४ गते भण्डारी र भट्टलाई रिहा गरिएको थियो । |
| १७ | दिपेश शाही<br>(काठमाडौं) | नेपालखबर अनलाइन पत्रिकामा कार्यरत पत्रकार दिपेश शाहीलाई प्रहरीले असार १० गते काठमाडौंको बागबजारबाट नियन्त्रणमा लिएका थिए । साथीहरूसँग चिया खाइरहेको बेला नियन्त्रणमा लिइएका  शाहीलाई केही घण्टापछि छोडिएको थियो । |
| १८ | देवेन्द्र नाथ<br>(बाजुरा) | बाजुरा जिल्ला छेडेदह गाँउपालिकामा समाचार लेखेको विषयलाई लिएर असार १६ गते पत्रकार देवेन्द्र नाथलाई केही व्यक्तिले आक्रमण गरेका थिए । घटनाको छानबिन गर्न नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य तथा क्षेत्रीय संयोजक प्रकाशविक्रम शाहको संयोजकत्वमा मिसन टोली गठन गरिएको थियो । |
| १९ | जनता टेलिभिजन<br>(काठमाडौं) | काठमाडौंको कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा एसियन प्रिमियर लिग जारी रहेका बेला असार १९ गते जनता टिभीका पत्रकार मदन ढुंगाना र सुमन चापागाईलाई आयोजक एसियन क्रिकेट फेडरेसनले समाचार संकलनमा रोक लगाएको थियो । प्रसारण भएको समाचारको विषयलाई लिएर आयोजक एसियन क्रिकेट फेडरेसनले नियोजित रूपमै जनता टिभीलाई समाचार संकलनमा रोक लगाएका थिए । |
| २० | खेम थपलिया<br>(काठमाडौं) | नेत्रविक्रम चन्द नेतत्वको नेकपाले  असार २७ गते आयोजना गरेको नेपाल बन्दका दिन जनपाटी अनलाइनका सम्पादक खेम थपलियालाई काठमाडौंको शान्ति बाटिकाबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका थिए । उनलाई एक घण्टापछि छोडिएको थियो । |

| | | |
|---|---|---|
| २१ | छक्क मल्ल (बाजुरा) | असार २९ गते बाजुरास्थित बुढिनन्दा नगरपालिकामा विवाद हुँदा पत्रकार छक्क मल्ललाई नेकपा (एमाल)का केही कार्यकर्ताले आक्रमण गरेका थिए। |
| २२ | हरिचन्द्र श्रेष्ठ (काभ्रे) | युवा हुङ्कार मासिक पत्रिकामा आवद्ध हरिचन्द्र श्रेष्ठ स्थानीय तहको निर्वाचनका लागि काभ्रेपलाञ्चोक जिल्लाको रोसी गाँउपालिका मतदाता केन्द्रमा मतदान गरी घर फर्कनेक्रममा असार ३० गते सम्पर्कबिहीन भएका थिए। पाँच दिनपछि श्रेष्ठ परिवारको सम्पर्कमा आएका थिए। |
| २३ | छक्क मल्ल (बाजुरा) | साउन ४ गते पत्रकार छक्क मल्ललाई बाजुराको मार्तडीबाट कोल्टी फर्कदै गर्दा अगाउपानीमा केही व्यक्तिले कुटपिट गरेका थिए। यही घटनाबारे सोधपुछ गर्ने भन्दै प्रहरीले मल्ललाई केही नियन्त्रणमा लिएका थिए। |
| २४ | नीजि सञ्चार माध्यम (काठमाडौं) | प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको शपथका लागि शितल निवासस्थित राष्ट्रपति कार्यालयमा साउन २ गते आयोजित कार्यक्रममा सरकारी मिडियालाई प्रवेश दिइए पनि निजी क्षेत्रका मिडियाका पत्रकारलाई रोक लगाइएको थियो। |
| २५ | देशान्तर साप्ताहिक (काठमाडौं) | साउन ८ गते र १५ गते निर्वाचन आयोगसम्बन्धी देशान्तर साप्ताहिक पत्रिकामा प्रकाशित समाचार दुराशययुक्त एवं मिथ्या भएको आरोप लगाउँदै निर्वाचन आयोगले देशान्तर साप्ताहिक पत्रिकाका प्रधानसम्पादक कविर राणालाई तथ्य प्रमाणसहित तीन दिनभित्र निर्वाचन आयोगमा उपस्थित गराउन र सोको आवश्यक कारवाही हुन प्रेस काउन्सिल नेपालमा लेखी पठाउने निर्णय गरेको थियो। |
| २६ | दिलिप पौडेल (काठमाडौं) | नेपाल आयल निगमका निर्देशक गोपाल खड्काले समाचार संकलनका क्रममा नेपाल आयल निगमको कार्यालय बबरमहल पुगेका बेला नागरिक दैनिकका सम्वाददाता दिलिप पौडेललाई साउन २० गते धम्की दिएका थिए। आफ्नो ' करिअर' सिध्याइदिएको भन्दै खड्काले पौडेललाई मार्ने धम्की दिएका हुन्। पत्रकार पौडेलले निगमले जग्गा खरिद गर्दा अनियमितता भएको भन्दै श्रंखलावद्ध रूपमा समाचार लेख्दै आएका थिए। |
| २७ | छत्र साउद (डडेल्धुरा) | डडेल्धुराको अमरगढी रेडियोमा समाचार प्रसारण भएको विषयलाई लिएर भदौ १४ गते स्थानीय पदम भण्डारी कार्यालयमा प्रवेश गरी पत्रकार छत्र साउदलाई गाली गर्नुका साथै मार्ने धम्की दिएका थिए। |

| | | |
|---|---|---|
| २८ | भावना विद्रोही (काठमाडौं) | असोज ४ गते पत्रिकाको काम सकेर घर फर्कने क्रममा पत्रकार भावना विद्रोहीलाई बागबजारमा एक सैनिकबाट आक्रमण भएको थियो । राति ९:३० बजे भएको आक्रमणमा परी विद्रोहीको नाक र टाउकोमा चोट लागेको थियो । |
| २९ | मदन ठाकुर (रौतहट) | असोज ४ गते रौतहट जिल्लाको गरुडा नगरपालिकास्थित गरुडा माध्यामिक विद्यालयमा मतगणनाबारे उत्पन्न विवादको समाचार संकलनका क्रममा नागरिक दैनिकका रौतहट सम्वाददाता मदन ठाकुरलाई प्रहरी प्रमुखले दुर्व्यवहार गरेका थिए । प्रहरीले केहीबेर मोबाइल फोन पनि नियन्त्रणमा लिएका थिए । |
| ३० | विद्यानन्द राम (सप्तरी) | असोज ८ गते सप्तरी जिल्लाको राजविराजस्थित जिल्ला निर्वाचन अधिकतको कार्यालयमा राजविराज नगरपालिकाको रोकिएको मतगणना पुनः सुरु गर्नका लागि सर्वपक्षीय छलफल भएको थियो । समाचार संकलनका लागि पुगेका पत्रकार विद्यानन्द रामलाई 'पत्रकारलाई प्रवेश निषेध छ, किन छिरेको' भनी निर्वाचन अधिकतले क्यामेरासमेत खोसेका थिए । र, प्रहरी लगाएर मतगणना स्थलबाट बाहिर निकालेका थिए । |
| ३१ | अर्जुनप्रसाद भट्टराई (कालिकोट) | असोज २० गते पत्रकार अर्ज'नप्रसाद भट्टराईलाई ३ जना युवाले कालिकोटको मान्मास्थित पुरानो बसपार्क नजिक आक्रमण गरेका थिए । घाइते पत्रकार भट्टराईको जिल्ला अस्पताल मान्मामा उपचार हुन नसकेपछि मेडिकल कलेज कोहलपुरमा उपचार गराइएको थियो । |
| ३२ | उमेश पौडेल (काठमाडौं) | असोज २६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित 'ग्र्याभिटी करेन्सीका नाममा नेटवर्किङ बिजनेसबाट नयाँ ठगी' शीर्षकको समाचार लेख्ने पत्रकार उमेश पौडेललाई 'ठीक पार्ने' भन्दै विभिन्न फोन नम्बरबाट ज्ञानप्रसाद पौडेल नामक व्यक्तिले धम्की दिएका थिए । |
| ३३ | यज्ञराज ढुंगाना (अछाम) | असोज ३० गते पत्रकार यज्ञराज ढुंगानालाई राति ८:१५ बजे अछामको मंगलसेनस्थित मनकामना कटेज होटलमा साथीहरूसँग बसिरहेका बेला प्रहरी सहायक निरीक्षक पदम बुढामगरको नेतत्वमा खटिएको प्रहरीले अपशब्द प्रयोग गर्दै आक्रमण गर्नुका साथै केही समय नियन्त्रणमा लिएका थिए । ढुंगानाको टाउको र आँखाको डिलमा चोट लागेको थियो । |
| ३४ | चन्द्रकिशोर (पर्सा) | कार्तिक १३ गते सर्लाहीमा छठ पर्व मनाएर भारतको बाटो हुँदै पर्सा फर्कने क्रममा कर्मचारीले खानतलासीका क्रममा लेखक चन्द्र किशोरलाई दुर्व्यवहार गरेका थिए । |

| | | |
|---|---|---|
| ३५ | दामोदर केसी (अर्घाखाँची) | स्थानीय बासिन्दाबीच भएको विवादको समाचार संकलन गर्ने क्रममा कार्तिक २४ गते प्रहरीको लाठी प्रहारबाट सामुदायिक रेडियो अर्घाखाँचीका सम्वाददाता दामोदर केसी घाइते भएका थिए। |
| ३६ | कान्ता गिरी<br>दर्शन खत्री<br>(काठमाडौं) | समाचार संकलनका क्रममा इन्स्टिच्यूट अफ मेनेजमेन्ट स्टडिजमा पुगेका टिभी टुडेका सम्वाददाता कान्ता गिरी र क्यामेरापर्सन दर्शन खत्रीलाई सञ्चालक भावना राणा र त्यहाँका कर्मचारीले कार्तिक २७ गते दुर्व्यवहार गरेका थिए। उनीहरू अग्रिम जानकारी सहित इन्स्टिच्यूट अफ मेनेजमेन्ट स्टडिजमा पुगेका थिए। उनीहरूको क्यामेरा र मोवाइल नियन्त्रणमा लिई हातपात गर्ने प्रयास भएको थियो। त्यसपछि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिई चार घण्टापछि छोडेको थियो । |
| ३७ | कालिबहादुर महतारा<br>जगदिशनाथ योगी<br>(कालिकोट) | कालिकोटबाट प्रकाशित जनप्रभात साप्ताहिकका प्रधानसम्पादक कालिबहादुर महतारा र पत्रकार जगदिशनाथ योगीलाई कात्तिक २७ गते प्रहरीले नियन्त्रणमा लिएका थिए। पक्राउ परेका ८ जना पत्रकारको नाममा नेपाल पत्रकार महासंघले मंसिर १९ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दिएको थियो। सर्वोच्च अदालतको आदेशपछि मंसिर २५ गते महतारा र योगी रिहा भएका थिए। |
| ३८ | जायश्वर आचार्य<br>पदमप्रसाद पोखरेल<br>(प्युठान) | प्युठान भिजन मासिकको कार्यालयबाट प्रहरीले पत्रिकाका सम्पादक तथा प्रकाशक जायश्वर आचार्य तथा पत्रकार पदमप्रसाद पोखेललाई कार्तिक २७ गते पक्राउ गरेका थिए। नेत्रविक्रम चन्द नेतत्वको नेकपा समर्थक भएका कारण उनीहरूलाई पक्राउ गरेको प्रहरीको भनाइ थियो। |
| ३९ | नवीन लामिछाने<br>(मनाङ) | कार्तिक ३० गते नेपाल पत्रकार महासंघ मनाङ शाखा उपाध्यक्ष एवं राससका मनाङ प्रतिनिधि नविन लामिछानेलाई मनाङ जिल्ला प्रदेश 'ख' एमाले समर्थित राजिव गुरुङ (दिपक मनाङे)का समर्थक, मेसेङ गाँउपालिका अध्यक्ष कान्छा घले र तिलिचो होटलका सञ्चालक कर्मा गुरुङले आक्रमण गर्ने प्रयास गरेका थिए। उनीहरूले लामिछानेको क्यामरा खोस्नुका साथै मनाङमा बसे नबाँच्ने धम्की दिएका थिए। |
| ४० | लक्ष्मी जैसी<br>(कैलाली) | मंसिर २ गते राति आफ्नै घर बर्दगोरिया गाउँपालिका २ बौनियामा रहेका बेला नेपाल पत्रकार महासंघ कैलाली शाखाका सदस्य तथा जनता टिभीका कैलाली प्रतिनिधि लक्ष्मी जैसीलाई केही व्यक्तिले आक्रमण गरेका थिए। आक्रमणबाट पत्रकार जैसीको टाउको र निधारमा चोट लागेको थियो। |

| | | |
|---|---|---|
| ४१ | दिपेश शाही (काठमाडौं) | मंसिर ३ गते मध्यान्ह राष्ट्रिय दैनिकका वरिष्ठ सम्वाददाता दिपेश शाहीलाई प्रहरीले पक्राउ गरेका थिए। पत्रकार शाही पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालका छोरा प्रकाश दाहालको निधनको समाचार संकलन गर्न नर्भिक अस्पताल पुगेका थिए। धरौटी बुझाएर मंसिर २६ गते उनी रिहा भएका थिए। |
| ४२ | दिनेश थापा (सिन्धुपाल्चोक) | मंसिर १० गते प्रतिनिधिसभा र प्रदेशसभाको चुनावबारे मतदान केन्द्रमा भएको विवादका कारण नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखाका सचिव तथा अनलाईनखबरका स्थानीय सम्वाददाता दिनेश थापालाई आक्रमण गरिएको थियो। |
| ४३ | नवराज पौडेल (उदयपुर) | मंसिर १३ गते उदयपुर क्षेत्र नम्बर २ का नेपाली काँगेसका उम्मेदवार नारायण कार्कीको चुनावी प्रचार-प्रसारको समाचार संकलनका क्रममा उदयपुरगढी नगरपालिका-६ मा बम विष्फोटन हुँदा पत्रकार नवराज पौडेल घाइते भएका थिए। |
| ४४ | खेम थपलिया जितेन्द्र महर्जन (काठमाडौं) | जलजला मासिकका सम्पादक खेम थपलियालाई मंसिर १ गते र निहिगु ज्वज्वलोप्पा मासिक प्रधान सम्पादक जितेन्द्र महर्जनलाई मंसिर २७ गते प्रहरीले पक्राउ गरेका थिए। |
| ४५ | रोशन कार्की (काठमाडौं) | उद्योगपति विनोद चौधरीद्वारा सञ्चालित विभिन्न कलकारखानाहरुले कर नतिरेको विषयमा समाचार प्रकाशन भएपछि पटक-पटक फोन गरी 'चौधरी ग्रुपले कर नतिरे तेरो के जान्छ' भन्दै धम्की दिइएको भनी तीब्रखबरका कार्यकारी सम्पादक रोशन कार्कीले पत्रकार महासंघमा निवेदन दर्ता गराएका थिए। |
| ४६ | प्रकाश डुम्रे (रुपन्देही) | नेपाल पत्रकार महासंघ रुपन्देही सदस्य प्रकाश डुम्रेलाई मंसिर ५ गते समाचार संकलनकै क्रममा प्रहरीले नियन्त्रणमा लिएका थिए। २७ दिन हिरासतपछि पौष २ गते उनलाई रिहा गरिएको थियो। |
| ४७ | सुशासन न्यूजडटकम, शुभदिन डटकम मूलधार डटकम (काठमाडौं) | पुस १८ गते प्रहरीले सुशासन न्यूजडटकम, शुभदिन डटकम र मूलधार न्यूज डटकम लगायतलाई नेपाल प्रहरीका डिआइजी नवराज सिलवालको कार्य सम्पादन मूल्यांकन प्रकाशित गरेकोमा महानगरीय प्रहरी परिसरले कार्यसम्पादन मूल्यांकन फारम र त्यसको स्रोत उपलब्ध गराउन अनुरोध गर्दै पत्र काटेको थियो। |

| | | |
|---|---|---|
| ४८ | सुदिप कैनी (गोरखा/तनहुँ) | गोरखा र तनहुँको सिमानामा पर्ने मर्स्याङ्दी नदी किनारमा बिना टेण्डर बालुवा उत्खनन्  गरेकोबारे समाचार संकलन गर्ने क्रममा माघ १ गते त्यहाँ पुगेका कान्तिपुर दैनिकका गोरखा सम्वाददाता सुदिप कैनीलाई बालुवा उत्खनन् गरिरहेको समूहले आक्रमण गर्नुका साथै क्यामरा र मोबाइल फुटाइदिएको थियो । |
| ४९ | निजी सञ्चारमाध्यम (काठमाडौं) | माघ ५ गते शितल निवासस्थित राष्ट्रपति कार्यालयमा आयोजित प्रदेश प्रमुखहरूको शपथग्रहण कार्यक्रममा निजी क्षेत्रका सञ्चारमाध्यमका पत्रकारलाई फोटो र भिडियो खिच्न तथा समाचार संकलन गर्न रोक लगाइएको थियो । पत्रकारले राष्ट्रपति भवनको मुख्य ढोका अगाडि क्यामरा राखेर त्यसको विरोध गरेका थिए । |
| ५० | गमबहादुर लम्देल<br>जमुना श्रेष्ठ<br>मीना तुम्सुवा<br>(सुनसरी) | सुनसरीबाट प्रकाशित प्रबोध साप्ताहिकका सम्पादक गमबहादुर लम्देल, सम्वाददाता जमुना श्रेष्ठ र मर्निङ टाइम्स दैनिकका सम्वाददाता मीना तुम्सुवालाई प्रहरीले माघ ७ गते पक्राउ गरेका थिए । उनीहरूलाई केही पछि रिहा गरिएको थियो । |
| ५१ | गणेश आचार्य (दाङ) | राप्ती अञ्चल अस्पतालमा योग्यता नपुगेका कर्मचारी नियुक्तिसम्बन्धी समाचार संकलनका क्रममा माघ १८ गते त्यहाँ पुगेका जनता टिभी दाङका सम्वाददाता गणेश आचार्यलाई अस्पतालका अधिकत निमबहादुर वलीले दुर्व्यवहार गरेका थिए । |
| ५२ | प्रकाश ढकाल (कास्की) | सवारी साधन दुर्घटनामा परी ज्यान गुमाएका विद्यार्थीको विषयलाई लिएर पथ्वीनारायण क्याम्पसका विद्यार्थी र प्रहरीबीच भएको झडपको समाचार संकलन गर्ने क्रममा पत्रकार प्रकाश ढकाललाई प्रहरीले माघ २३ गते कुटपिट गरेका थिए । कुटाइबाट ढकालको बाँया खुट्टामा चोट लागेको थियो । |
| ५३ | रामहरी कार्की (ललितपुर) | फागुन २ गते दैनिकी न्यूज डटकमका सम्पादक रामहरी कार्कीलाई ललितपुर जिल्ला महाँकाल गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष शान्ताप्रसाद गौतमले मार्ने धम्की दिएको पत्रकार कार्कीको भनाइ थियो । |
| ५४ | धनश्याम पाण्डे (कास्की) | फागुन ७ गते नेत्रविक्रम चन्द नेतत्वको नेकपाले आयोजना गरेको नेपाल बन्दमा पोखरामा बम राखिएको स्थानमा फोटो खिच्ने क्रममा बम विष्फोट हुँदा गण्डकी एफएम रेडियोका स्टेशन म्यानेजर घनश्याम पाण्डे घाइते भएका थिए । |

| | | |
|---|---|---|
| ५५ | रविन्द्र शाह<br>राजेन्द्रकुमार क्षेत्री<br>सञ्जय सहनी<br>(रौतहट) | सांसद् अनिल झाका बारेमा समाचार लेखेको भन्दै फागुन १० गते पत्रकार सञ्जय सहनीलाई भौतिक कारवाही गर्ने धम्की आएको थियो । त्यसको विरोधमा नेपाल पत्रकार महासंघ रौतहट शाखाले विज्ञप्ति जारी गरेपछि भूमिगत समूह 'सन्तोष मिश्रा बारुद'को नामबाट पत्रकारहरू रविन्द्र साह, राजेन्द्रकुमार क्षेत्री र सञ्जय सहनीलाई तीन दिनभित्र हत्या गर्ने चेतावनीसहितको पत्र नेपाल पत्रकार महासंघ रौतहट शाखा कार्यालयमा भेटिएको थियो |
| ५६ | शशिबाबु पौडेल<br>(काठमाडौं) | फागुन १३ गते नेपाल पत्रकार महासंघ काठमाडौ शाखाका कार्यसमिति सदस्य शशिबाबु पौडेललाई पत्रकार वर्षा गौतमले  भकुटीमण्डपस्थित महासंघको कार्यालय आउने क्रममा नेपाल ल क्याम्पस अगाडि आक्रमण गरेकी थिइन । आक्रमणका कारण पत्रकार पौडेलको टाउकामा चोट लागेको थियो । |
| ५७ | कान्तिपुर दैनिक<br>(काठमाडौं) | फागुन १३ गते प्रधानन्यायधीश गोपालप्रसाद पराजुलीले आफूसँग सम्बन्धित समाचारहरू 'पुनः प्रकाशन हुन नदिनु भन्दै प्रेस काउन्सिल नेपाललाई आदेश दिएका थिए। कान्तिपुर दैनिकले प्रधानन्यायाधीश पराजुलीको जन्ममिति विवादसम्बन्धी समाचार प्रकाशित गर्दै आएको थियो । |
| ५८ | छविलाल तिवारी<br>(पर्वत) | नेपाल पत्रकार महासंघ पर्वत शाखाका अध्यक्ष तथा नागरिक दैनिकका सम्वाददाता छविलाल तिवारीलाई फागुन २० गते प्रकाशित समाचारको विषयलाई लिएर निर्माण व्यवसायी राजेन्द्र भण्डारीले चैत्र १ गते दिउँसो फोन गरी भौतिक कारवाही गर्ने धम्की दिएका थिए । |
| ५९ | कष्ण पाठक<br>प्रकाश न्यौपाने<br>(इलाम) | इलाम जिल्लाको चियाबारी एफएमका व्यवस्थापक कष्ण पाठक तथा प्राविधिक प्रकाश न्यौपाने कार्यालय बन्द गरी घरजाने क्रममा फागुन २३ गते राति १० बजेतिर रबिन मगर सहितको समूहले आक्रमण गरी नगद  र गहना लुटेको थियो । आक्रमणबाट पाठकको टाउको, घोडा र हातमा चोट लागेको थियो । आक्रमणमा संलग्न मगर लगायतलाई प्रहरीले पक्राउ गरी २५ दिनपछि छोडेका थिए । |
| ६० | राजेश भण्डारी<br>विनोद भण्डारी<br>(काठमाडौं) | फागुन २५ गते महानगरीय अपराध महाशाखा टेकुमा कार्यरत प्रहरी नायब निरीक्षक बालकष्ण सञ्जेलले पत्रकार राजेश भण्डारी र विनोद भण्डारीलाई धम्की दिएका थिए । ३३ किलो सुनकाण्डमा संलग्नताको आरोपमा सनम शाक्यको फागुन १८ गते सुनसरीको धरानमा भएको हत्याको समाचारमा आफ्नो नाम जोडेको भन्दै सञ्जेलले धम्की दिएका हुन् । |

| | | |
|---|---|---|
| ६१ | प्रवीण कुमार दत्त<br>मेशकुमार पौडेल<br>नवराज मिश्र<br>सविता श्रेष्ठ<br>तुलमान गुरुङ<br>गीता गुरुङ<br>शिव आचार्य<br>(चितवन) | चैत १३ गते उद्योग वाणिज्य संघ चितवनको टोलीले करको विषयमा ज्ञापनपत्र बुझाउने कार्यक्रमको समाचार संकलन गर्न पत्रकारहरू भरतपुर महानगरपालिकामा पुगेका थिए। महानगरका प्रशासकीय अधिकत प्रेमराज जोशी र वडा नं १० का अध्यक्ष अरुणपीडित भण्डारीले गालीगलौज गर्दै कान्तिपुर टेलिभिजनका सम्वाददाता प्रवीण कुमार दत्त, कान्तिपुर दैनिकका रमेशकुमार पौडेल, कान्तिपुर टिभिका नवराज मिश्र, नागरिक दैनिककी सविता श्रेष्ठ, अन्नपूर्ण पोष्ट दैनिकका तुलमान गुरुङ, कालिका एफएमकी गीता गुरुङ र सौराहा अनलाईनका शिव आचार्यलाई कार्यक्रम स्थलवाट बाहिर निकालेका थिए। |
| ६२ | नेपाल पत्रकार महासंघ<br>(काठमाडौं) | २०७५ साल वैशाख ७ गते नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा क्रान्तिकारी पत्रकार संगठन, प्रगतिशील पत्रकार संघ, क्रान्तिकारी पत्रकार महासंघ, मिडिया नेपाल, प्रेस सोसाइटी नेपाल, संघीय प्रेस फोरम नेपाल  र मधेशी पत्रकार समाजले तालाबन्दी गरे। वैशाख २२ गते हुने नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनका क्रममा तीन संगठनले गठबन्धन गरेपछि सिन्डीकेट गरेको आरोप लगाउँदै विभिन्न माग राखी उनीहरूले तालाबन्दी गरेका हुन्। नेपाल पत्रकार महासंघसँग चार बुँदे सहमति भएपछि वैशाख १० गते ताला खोलिएको थियो। |

# प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

**गोविन्द आचार्य**

## अवधारणाः

पूर्ण लोकतन्त्रमा मात्रै पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्भव छ। लोकतन्त्रबिना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगको कल्पनासम्म गर्न सकिदैन। प्रेसले पूर्णरूपमा स्वतन्त्रता पायो भने मात्रै त्यसले जनतालाई सही सूचना सम्प्रेषण गर्नुका साथै लोकतान्त्रिक शासनलाई जिम्मेवार र उत्तरदायी बनाउन भूमिका खेल्नसक्छ। प्रेस स्वतन्त्रताबिना कुनै पनि स्वतन्त्रता सम्भव हुँदैन। त्यसैले स्वतन्त्र प्रेसलाई लोकतन्त्रको अभिन्न अंग मानिन्छ। प्रेसले लोकतन्त्रको पक्षमा वकालत गर्छ र अभिव्यक्ति स्वतन्त्रताको प्रयोगका साथै यसको रक्षाका लागि महत्वपूर्ण भूमिका खेल्दछ।

प्रेस स्वतन्त्रताको अधिकार भनेको लोकतन्त्रको आधारभूत कुरा हो। त्यहाँ सीमित वर्गले मात्रै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाउने र बहुसंख्यक नागरिक त्यसबाट वञ्चित हुनु हुँदैन। यदि त्यसो भयो भने त त्यो समाज स्वतन्त्र र लोकतान्त्रिक समाज नै हुँदैन। स्वतन्त्र प्रेसले लोकतन्त्रको रक्षा र विकासका लागिसमेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ। विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग, संरक्षण र सम्वर्द्धनका लागि प्रेस यस्तो माध्यम हो जसले शरीरमा रक्तसञ्चारले खेलेको भूमिका सरह समाजमा भूमिका निर्वाह गरिरहेको हुन्छ।

## पृष्ठभूमिः

प्रेसलाई राज्यको चौथो अंगको संज्ञा दिइन्छ। राज्यका अन्य अंगहरूको देश र जनताप्रति जसरी दायित्व हुन्छ, त्यस्तै प्रेसको पनि समाजप्रति दायित्व हुने भएकाले यसलाई चौथो अंग भनेर सम्मान गर्ने गरिएको हो। फेरि प्रेसले राज्यका सबै अंगप्रति वाच डगको भूमिका खेलिरहेकाले पनि यसलाई फरक अंग भनेर सम्बोधन गर्ने गरिएको हो।

प्रेसले विगतमा खेलेको भूमिकालाई हेर्ने हो भने पनि लोकतन्त्र प्राप्तिको आन्दोलनसँगै यसको विकास भएको र भूमिकासमेत बढ्दै गएको पाइन्छ। कुनै पनि देशको राजनीतिक आन्दोलन र परिवर्तनमा प्रेसले प्रभावकारी भूमिका खेलेको पाइन्छ।

समाजलाई मार्गनिर्देशन गर्ने र जनमत सिर्जना गर्ने सशक्तमाध्यम भएकाले समाजको राजनीतिक, सामाजिक, सांस्कतिक र आर्थिक रूपान्तरणमा प्रेसको भूमिका महत्वपूर्ण मानिन्छ।

नेपालमा हेर्ने हो भने २००७ साल, २०४६ साल र २०६३ सालको ऐतिहासिक जनआन्दोलनमा प्रेसको महत्वपूर्ण भूमिकालाई कसैले नकार्न सक्दैन। २०४७ सालको संविधान निर्माणपछि पञ्चायती संविधानमा रहेका प्रेस स्वतन्त्रताविरोधी कानुनहरू खारेज गरियो र केही खुकुलो अवस्था सिर्जना भयो । त्यसपछि छापा, विद्युतीय र अनलाइन सञ्चारमाध्यमको विस्तार र विकास हुन पायो ।

२०४७ सालको संविधानले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्ने जनाए पनि यसमाथि हस्तक्षेप भने रोकिएन। खासगरी २०५२ सालमा माओवादीले तत्कालीन राजतन्त्रात्मक संसदीय व्यवस्थालाई अन्त्य गरी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने उद्देश्यका साथ जनयुद्धको शुरूवात गर्‍यो । त्यसपछिका दिनहरूमा संविधानसभा र गणतन्त्रको पक्षमा लेखेकै कारण थुप्रै पत्रकारहरूमाथि गिरफ्तारी, यातना, थुनछेक, वेपत्ता र हत्यासम्मका घटनाहरू हुन पुगे ।

२०५८ मंसिरमा शेरवहादुर देउवाको नेतत्वमा रहेको सरकारले संकटकाल लगाए लगत्तै सयौं पत्रकारहरूलाई गिरफ्तारी गरियो। कष्णसेनसहित दर्जनौंको हत्या गरियो भने केहीलाई वेपत्ता बनाइयो। द्वन्द्वका क्रममा राज्य र अन्य पक्षबाट २५ जना पत्रकारले ज्यान गुमाउनु पर्‍यो।

पछिल्लो पटक २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर निरंकुश शासन सञ्चालन गरेपछि त संकटकाल लगाएर संविधानमा रहेको प्रेस स्वतन्त्रताको धारा नै निलम्बन गरियो । ज्ञानेन्द्रको आदेशमा आएका सैनिकहरूले सम्पादकका कुर्चीमा बसेर सञ्चारमाध्यममा सेन्सरसीप गर्न थाले । टेलिफोन, इन्टरनेटका लाइन काटिए । कैयौं पत्रकारहरूलाई पक्राउ गरियो । आवतजावतमा रोक लगाइयो। यसले स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने काम भयो। यो नेपालको प्रेस स्वतन्त्रताको इतिहासमा अत्यन्तै कालो समयको रूपमा अंकित रह्यो।

राज्यका सबै प्रकारका दमनका बावजुद नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघ प्रेस स्वतन्त्रताको आन्दोलनमा अघि बढ्यो। महासंघले लोकतान्त्रिक गणतन्त्रको स्थापनाले मात्रै देशमा वास्तविक लोकतन्त्र स्थापना हुने ठहर गर्दै

वास्तविक लोकतन्त्रमा मात्र पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी हुनसक्ने निचोड निकाल्यो। लोकतान्त्रिक व्यवस्थामा मात्रै मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सामाजिक न्याय, आवधिक निर्वाचन, राज्यका सबै निकायमा विभिन्न वर्ग, जाति र क्षेत्रको समानुपातिक र समावेशी सहभागिता तथा स्वस्थ्य राजनीतिक प्रतिष्पर्धाका आधारमा जनप्रतिनिधिहरूको चयन हुनसक्छ भन्ने पत्रकार महासंघको धारणा रहँदै आएको छ। नेपाली पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि २०६२/०६३ मा भएको आन्दोलनमा संस्थागत सहभागिता जनाउनुको अर्थ प्रेस स्वतन्त्रता र पत्रकार हकहितको ग्यारेण्टी गराउनु नै हो। महासंघको अगुवाईमा भएको पत्रकारहरूको आन्दोलनकै कारण निरंकुशतन्त्र झुक्न वाध्य भएको इतिहास हाम्रो सामू ताजै छ।

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को सफलतापछि अहिले नयाँ संविधानमार्फत् संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भइसकेको छ। अहिले एकातिर प्रेसले आफ्नो आचरण र मयार्दामा गम्भीर ध्यान दिनुपर्ने देखिन्छ भने अर्कोतिर प्रेस स्वतन्त्रताको व्यावहारिक प्रत्याभूति र पत्रकार हकहित र अधिकारको ग्यारेण्टी हुनु जरूरी छ। नेपालमा नयाँ संविधानमार्फत् प्राप्त उपलब्धिहरू संस्थागत भइसकेको, तीनवटै तहको निर्वाचन सम्पन्न भई सबै तहमा सरकारसमेत गठन भइसकेको अहिलेको अवस्थामा राज्यको चौथो अंगका रूपमा सम्मान गर्ने गरिएको सञ्चार क्षेत्रको पुनर्संरचनामा सरकार, संसद् र न्यायालयको कस्तो रवैया रहन्छ प्रतिक्षाकै विषय बनेको छ। देशको राजनीतिक र सामाजिक परिवर्तनसँगै सञ्चार क्षेत्रमा जे जस्ता सुधार र पुनर्संरचना हुनुपर्ने हो त्यो हुन नसक्दा राज्यका अन्य निकायहरू प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा र पत्रकारिताको व्यावसायिक विकासप्रति संवेदनशील बन्न नसकेको आभास हुन्छ। आगामी दिनमा राज्यका सम्बन्धित निकायहरूलाई सञ्चार क्षेत्रका मुद्दा सम्बोधनका लागि घच्घचाउन सबै सरोकारवाला पक्षको एकता र साझा दबावको खाँचो छ।

## नेपालमा प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ। यसअघिका संविधानमा यस्तो व्यवस्था थिएन। यसैगरी नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता ग्यारेण्टी

गरिएको छ भने धारा १९ मा सञ्चारको हकअन्तर्गत उपधारा १ मा सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुने सामग्रीमा पूर्वप्रतिबन्ध नलगाइने, २ मा सञ्चारमाध्यमको बन्द, जफत वा दर्ता खारेज वा सामग्री जफत नगरिने तथा ३ मा सञ्चार साधनलाई अवरूद्ध नगरिने व्यवस्था छ।

तर, नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुनेलगागतका केही विषयबस्तुमा मुनासीब प्रतिवन्ध लगाउने गरी कानुन बनाउन सक्ने व्यवस्था संविधानले गरेको छ। बन्देजका विषय धेरै भएकाले यसमा परिमार्जन हुनुपर्ने महासंघको अडान छ।

## प्रेस स्वतन्त्रता मापनको पहिलो आधार : पत्रकारको पेशागत र भौतिक सुरक्षा

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगबिना पत्रकार हकहितको समेत रक्षा हुनसक्दैन । प्रेस स्वतन्त्रता र पत्रकार हकहितको ग्यारेण्टीका लागि लोकतान्त्रिक शासन प्रणाली अनिवार्य शर्त हो। यही मान्यताका आधारमा नेपालमा विगतका सबै लोकतान्त्रिक आन्दोलनमा पत्रकारहरूको सक्रिय सहभागिता रहँदै आयो। नेपालको पछिल्लो राजनीतिक परिवर्तनयताका एघार वर्ष संक्रमणकालकै रूपमा बितें । यसबीचका अभ्यासहरूलाई हेर्ने हो भने प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने कार्यमै बढी समय लागेको देखिन्छ। यसबीचमा प्रेस स्वतन्त्रताको उपभोगमा विगतमा जस्तो ठूलाखालका ब्यवधानहरू आइनपरे पनि पत्रकारको पेशागत र भौतिक सुरक्षाको प्रश्न अत्यन्तै पेचिलो बनेर खडा हुँदै आएको छ। यति हुँदाहुँदै पनि पत्रकारहरूले आफ्ना समस्याभन्दा राष्ट्र र जनताका समस्यालाई प्राथमिकतामा राख्दै आएका छन्। पत्रकारसमेतको सहभागितामा सफल जनआन्दोलनको बलमा प्राप्त उपलब्धिहरू संस्थागत गर्दै संक्रमणकालको अन्त्य, राजनीतिक स्थायित्व, विकास र समद्धिका पक्षमा पत्रकारहरूको सबैभन्दा बढी कलम चल्यो, अहं भूमिका रह्यो। आगामी दिनमा पनि लोकतान्त्रिक अभ्यास र सुदढीकरणका पक्षमा उभिनु पत्रकारहरूको दायित्व हो। पत्रकार महासंघ लोकतन्त्रविरूद्ध कहि र कतैवाट हुने अवरोध वा प्रहारका विरूद्ध आगामी दिनमा पनि विगतमा झैं खडा हुने छ। यो आफ्नो कर्तव्य हो भन्नेमा महासंघ

प्रष्ट छ।

जुनसुकै देशमा प्रेस स्वतन्त्र छ कि छैन भन्ने मापन गर्ने पहिलो आधार भनेको पत्रकारको पेशागत र भौतिक सुरक्षाको अवस्था कस्तो छ, त्यो नै हो। प्रेस स्वतन्त्रताको अवस्था कस्तो छ भनेर मापन गर्न त्यहाँ आमसञ्चारमाध्यमलाई बिनारोकटोक सूचना संकलन र प्रवाह गर्न दिइएको छ कि छैन ?, सूचना प्रवाह भएपश्चात् विभिन्न किसिमका बाधा व्यवधान छ वा छैन ? समाचार कक्षमा सम्पादकीय स्वतन्त्रताको अभ्यास भएको छ कि छैन ? सूचना प्रवाह गर्ने पत्रकारहरू भौतिकरूपमा सुरक्षित छन् कि छैनन ? र, पत्रकारहरू पेशागतरूपमा सुरक्षित छन् वा छैनन् भन्ने जस्ता विषयलाई प्रमुख आधार बनाउने गरिन्छ।

संविधानमा पूर्ण प्रेस स्वतन्त्रता शब्द लेख्ने तर व्यवहारमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने वा कुनै पनि प्रकारले वाधा, व्यवधान र अवरोध पुऱ्याउनेखालका कानुन र संरचना निर्माण गरिने हो भने त्यहा वास्तविक अर्थमा स्वतन्त्रता हुँदैन। व्यावहारिकरूपमै प्रेस स्वतन्त्र छ कि छैन भन्ने अवस्था जाँच्न समाचार सामग्री तयार पार्ने पत्रकारहरूले स्वतन्त्रतापूर्वक काम गर्न पाएका छन् कि छैनन् ? उनीहरूले श्रम गरेअनुसारको पारिश्रमिकलगायतका सुविधा पाएका छन् कि छैनन् ? भन्ने विषयमा समेत गहन अध्ययन, अनुसन्धान हुन जरूरी छ।

## पत्रकारको भौतिक सुरक्षाको अवस्था :

नेपालमा पत्रकारको भौतिक सुरक्षाको अवस्थाबारे चर्चा गर्दा अहिले प्रत्यक्षरूपमा पत्रकारको हत्या र अपहरणका घटनाहरू नभए पनि पक्राउ, धम्की र सेल्फ सेन्सरसीपको अवस्था कायमै छ। विगतमा प्रेस स्वतन्त्रता हनन्का घटनामा संलग्नमाथि कारवाही हुन नसक्दा दण्डहीनताको अवस्था कायमै छ भने आक्रमणमा परेका पत्रकार र तिनका परिवारले न्याय तथा उचित क्षतिपूर्ति पाउन सकेका छैनन्। सशस्त्रद्वन्द्व जारी रहेका बेला २०५२ सालदेखि २०६१ माघ १८ सम्म २५ जना पत्रकारको ज्यान गएको थियो भने सयौलाई गिरफ्तार र यातना दिइएको थियो। पत्रकार महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइको तथ्यांकअनुसार २०६१ माघ १९ देखि २०६३ बैशाखको शाहीकालमा २ जना पत्रकारको हत्या गरिनुका साथै १६८३ वटा प्रेस स्वतन्त्रता हनन्का घटना हुनपुगे। पत्रकारहरूले निर्वाध प्रेस स्वतन्त्रता उपभोग गर्न पाएनन्। संविधानको

प्रेस स्वतन्त्रतासम्बन्धी धारा निलम्वन गरियो। सेना लगाएर मिडिया हाउसमा खुल्ला सेन्सरसीप र मिडिया बन्द, जफत सम्मका काम भए।

२०६२ /०६३ को जनआन्दोलनको सफलता र शान्तिप्रक्रियासँगै प्रेस स्वतन्त्रताको अवस्थामा केही सुधार त भयो तर पत्रकार र मिडिया हाउसको भौतिक सुरक्षाको ग्यारेण्टी हुनसकेन। शान्तिप्रक्रियायताको १० वर्षमा १३ जना पत्रकारको हत्या र वेपत्ता पारियो भने प्रेस स्वतन्त्रता हननूका सयौ घटना हुनपुगे। २०७२ सालमा संविधान निर्माण भएयता भने पत्रकार हत्याको खवर सुन्न परेको छैन भने प्रेस स्वतन्त्रता हननूका घटनामा पनि कमी आएको छ। २०७२/०७३ मा १३९ वटा प्रेस स्वतन्त्रता हननूका घटना भए भने २०७३/०७४ मा यो संख्या केही घटेर ७३ वटा हननूका घटना भए। यसैगरी २०७४ साल वैशाखदेखि २०७५ साल बैशाख १७ गतेसम्म ६२ वटा प्रेस स्वतन्त्रता हननूका घटना भएका छन्।

राज्यका निकाय, राजनीतिक दलका नेता कार्यकर्ता, अपराधिक समूह समेत वाट पत्रकारमाथि आक्रमण हुने क्रम रोकिएको छैन। यसबाट अझै पनि पत्रकार र मिडिया हाउसको भौतिक सुरक्षाको विषय प्रमुख चुनौतीकै रूपमा रहेको देखिन्छ।

**नेपालमा प्रेस स्वतन्त्रता हननको तुलनात्मक तालिका (बेपत्ता ४ सहित)**

| अवधि | ह्नन् | हत्या/बेपत्ता |
|---|---|---|
| सशस्त्रद्वन्द्व जारी रहेका बेला (२०५२-०६१ सम्म) | | २५ |
| शाहीकाल (२०६१ माघ १९ देखि २०६३ वैशाख ११ सम्म) | १६८३ | २ |
| २०६३/६४ (वैशाख २०६३ देखि वैशाख २०६४) | २२२ | ० |
| २०६४/६५ | ४३५ | २ |
| २०६५/६६ | २३२ | २ |
| २०६६/६७ | १६९ | २ |
| २०६७/६८ | १०९ | १ |
| | | |
| २०६८/६९ | १२५ | २ |

| | | |
|---|---|---|
| २०६९/७० | २२८ | ३ |
| २०७०/७१ | ४४ | |
| २०७१/७२ | १५५ | १ |
| २०७२/७३ | १३९ | |
| २०७३/७४ | ७३ | |
| २०७४ साल वैशाखदेखि २०७५ वैशाख १७ गतेसम्म | ६२ | |

**स्रोत : नेपाल पत्रकार महासंघ**

## नेपालमा पत्रकारको पेशागत सुरक्षाको सवालः

नेपालमा पत्रकारिताको इतिहास लामो भए पनि व्यावसायिक पत्रकारिताको इतिहास खासै लामो छैन । २०४६ साल अघिसम्म मिसन पत्रकारिता नै बढी चलन चल्तीमा थियो । पञ्चायती व्यवस्था र त्यसका सञ्चालकहरूको पक्ष वा विपक्षमा पत्रकारिता गर्नुपर्ने अवस्था थियो । २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय संसदीय व्यवस्था स्थापना गरेसँगै व्यावसायिक पत्रकारिताको समेत शुरूआत हुनपुग्यो । निजी क्षेत्रवाट कान्तिपुर दैनिक, समाचारपत्र, हिमालय टाइम्स, लोकपत्र दैनिक, स्पेश टाइमलगायतका पत्रिका प्रकाशन हुनथाल्यो । यी पत्रिकाको प्रकाशनसँगै पत्रकारितालाई पेशा र व्यवसायका रूपमा अंगाल्न थालियो । व्यवसायको सुरक्षा र विकास एवं पेशागत हकहितका कुराहरू त्यसपछि जोडतोडले उठ्न थाल्यो । यसैक्रममा पत्रकार महासंघले श्रमजीवी पत्रकार हितका पक्षमा आवाज उठाउन थाल्यो र छुट्टै ऐनको माग हुनथाल्यो । मिडिया सञ्चालकहरूले समेत मिडियाभित्रको श्रम अभ्यास र यसको व्यवस्थापनका लागि छुट्टै ऐनको समर्थन गरें । फलतः पत्रकारहरूको पेशागत सुरक्षाको ग्यारेण्टी गर्ने पहिलो कानुनी दस्तावेजका रूपमा २०५१ सालमा पहिलोपटक श्रमजीवी पत्रकार ऐन पारित भई लागू गरियो ।

अहिले श्रमजीवी पत्रकार ऐन बनेको २४ वर्ष पुगेको छ । सञ्चारमाध्यममा कार्यरत पत्रकार, कर्मचारी र कामदारको पेशागत सुरक्षाको ग्यारेण्टी गर्न ऐन बनेको २४ वर्ष पुग्दा पनि यो ऐन कार्यान्वयन हुनसकेको छैन । यो ऐन कार्यान्वयन हुन नसक्दा श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरूको पेशागत सुरक्षा हुन सकेको छैन भने मिडियामा

व्यवस्थित श्रम अभ्याससमेत हुन सकिरहेको छैन । जसका कारण मिडिया व्यवस्थित ढंगले सञ्चालन हुनसकिरहेको छैन र पत्रकारिताको व्यावसायिक विकासमा समस्या परिरहेको छ ।

श्रमजीवी पत्रकार ऐन बनेको १३ वर्षपछि २०६४ मा पहिलो संशोधन गरियो । धेरै अव्यावहारिक बुँदा संशोधन गरेर व्यावाहारिक बनाइयो । ऐन संशोधन गरिएको ११ वर्ष पुग्न लाग्दा अहिलेसम्म पनि यसको कार्यान्वयनको अवस्थामा खासै सुधार हुन सकेन । यसबीचमा सञ्चारमाध्यम र पत्रकार, कर्मचारी र कामदारको संख्यामा उल्लेख्य बद्धि भयो । यसलाई व्यवस्थित बनाउने, गुणस्तरीय ढंगले अघि बढाउनेजस्ता विषयमा हाम्रो ध्यान जान सकेन ।

प्रेस काउन्सिल नेपालका अनुसार ८ सय ६३ वटा पत्रिका नियमित छन् भने ७४० वटा एफएम रेडियो र ११६ टेलिभिजनले इजाजत प्राप्त गरेका छन् । १०६४ वटा अनलाइन सूचीकरणका लागि प्रेस काउन्सिल नेपालमा दर्ता भएका छन् । यी सबै सञ्चारमाध्यम सञ्चालन गर्न लगानी चाहिन्छ । लगानीकर्ताबिना सञ्चारमाध्यम स्थापना र सञ्चालन सम्भव छैन । सञ्चारमाध्यमका लागि जसरी लगानीकर्ताहरूको भूमिका प्रमुख हुन्छ, त्यसपछि श्रमजीवीहरूको भूमिका रहन्छ । श्रमजीवी पत्रकार, कामदार र कर्मचारीबिना मिडिया सञ्चालन हुने कल्पनासमेत गर्न सकिन्न । यसरी स्थापित सञ्चार प्रतिष्ठानलाई व्यवस्थित ढंगले सञ्चालन गर्न तथा त्यहाँ कार्यरत श्रमजीवी (पत्रकार, कर्मचारी र कामदार)को हित रक्षा एवं दायित्व निर्धारण गर्न बनेको श्रमजीवी पत्रकार ऐन लागू हुननसक्दा सञ्चार क्षेत्रले व्यावसायिक गति लिन सकिरहेको छैन ।

श्रमजीवी पत्रकार ऐनअन्तर्गत गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिले पछिल्ला १० वर्षमा गरेको देशव्यापी मिडिया अनुगमनका आधारमा सार्वजनिक गरेका प्रतिवेदनहरूलाई हेर्ने हो भनेपनि अहिलेसम्म श्रमजीवी पत्रकार ऐन कार्यान्वयन हुनसकेको छैन । पछिल्ला १० वर्षमा सुरेश आचार्य, महेन्द्र विष्ट, गोविन्द आचार्य, खेम भण्डारी र पोषण केसीले न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्षका रूपमा २/२ वर्षको कार्यकाल पूरा गरिसकेका छन् भने केही समय पहिले मात्र गंगाधर पराजुली नयाँ अध्यक्षका रूपमा नियुक्त भएका छन् । विगत सबैको कार्यकालमा अध्ययन प्रतिवेदनलाई अध्ययन गर्दा अझै पनि करिव ५० प्रतिशत पत्रकारहरूले नियुक्तिपत्र र तोकिएको पारिश्रमिक पाउन सकेका छैनन् ।

पछिल्लो पटक पोषण केसी नेतत्वको समितिले सार्वजनिक गरेको समितिको प्रतिवेदन

२०७४ का अनुसार ऐनले तोकेबमोजिम न्यूनतम पारिश्रमिक नपाउनेको संख्या ३२ दशमलव ३ प्रतिशत रहेको देखाइएको छ। यसैगरी ७४ दशमलव २ प्रतिशत पत्रकारले मात्र नियुक्तिपत्र प्राप्त गरेका छन् । नियुक्तिपत्र प्राप्त गर्नेमध्ये ४४ दशमलव १ प्रतिशत स्थायी र ५५ दशमलव ९ प्रतिशत अस्थायी रहेको देखाइएको छ।

प्रतिवेदनमा जनाइएअनुसार सञ्चार प्रतिष्ठानमा पारिश्रमिक भुक्तानीको अवस्था हेर्दा अहिले पनि हरेक महिना तलब खाने पत्रकार, कर्मचारी र कामदारको संख्या जम्मा ६६ दशमलव ९ प्रतिशत रहेको छ। ९ दशमलव ९ प्रतिशतले दुई महिनामा एकपटक तलब बुझ्छन भने २३ दशमलव १ प्रतिशत पत्रकारले तीन महिनामा एकपटक वा सोभन्दा बढी समयमा मात्र तलब पाउने अवस्था छ। ४३ प्रतिशत सञ्चार प्रतिष्ठानमा अहिले पनि कुनै पनि बिदाको व्यवस्था गरिएको छैन। ५७ दशमलव ७ प्रतिशत सञ्चार प्रतिष्ठानले ऐनले तोकेको सेवासुविधाबाट श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई वञ्चित गरेको प्रतिवेदनमा उल्लेख छ।

यसअघि २०७० मा सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा ४३ प्रतिशत श्रमजीवीले तोकेको न्यूनतम पारिश्रमिक पाउन नसकेको सार्वजनिक गरिएको थियो । न्यूनतम पारिश्रमिक पाइरहेकामध्ये पनि ४० प्रतिशतले त नियमित भुक्तानी नपाएको, ८१ प्रतिशतभन्दा बढीलाई करारमा राखिएको र १८ प्रतिशतले मात्र स्थायी नियुक्ति लिएको प्रतिवेदनमा उल्लेख गरिएको थियो। स्थायी नियुक्ति लिनेमध्ये ९० प्रतिशत त सरकारी सञ्चारमाध्यममा कार्यरत थिए। श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सञ्चयकोष, तालिम, बिमा, बिदालगायतका अन्य सुविधा पाउने श्रमजीवीको संख्या त १० प्रतिशत जति मात्रै थियो, ९० प्रतिशतले यस्तो सुविधा पाउन सकेका थिएनन् । त्यस अघिका अवस्था हेर्दा पनि श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था अत्यन्तै नाजुक नै रहेको थियो।

## पत्रकार सुरक्षाका लागि महासंघको कार्ययोजनाः

क) श्रमजीवी पत्रकारको हकहित र अधिकारका लागि अभियानात्मक ढंगले अघि बढ्ने पत्रकार महासंघले कार्ययोजना तय गरेको छ। यस सन्दर्भमा श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनलाई मुख्य प्राथमिकतामा राखेर गतिविधिहरू सञ्चालन गर्नुका साथै केन्द्रीय समितिबाटै 'व्यावसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम

अधिकार' भन्ने मूल आह्वानका साथ देशब्यापी अभियान सञ्चालन गर्ने निर्णय लिइएको छ। महासंघलाई बलियो ट्रेड यूनियन अधिकार प्राप्त संस्थामा विकास गरी सञ्चारसम्बद्ध संघसंस्था र सरोकारवाला अन्य निकायहरूसँगसमेत सहकार्य गर्दै अघि बढने योजना तय गरिएको छ।

ख) सञ्चार प्रतिष्ठानमा कार्यरत सबै पत्रकार, कर्मचारी, कामदारका हातमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, पारिश्रमिकको नियमित भुक्तानी, विदाको व्यवस्था, सञ्चय कोष, बीमा, दशैं या चाडपर्व खर्च, औषधी उपचार खर्च, उपदानजस्ता प्रमुख व्यवस्था कार्यान्वयन गर्न निश्चित समयावधि तोकेर महासंघ केन्द्र, प्रदेश र जिल्ला तथा प्रतिष्ठान शाखा/एसोसिएट संस्थाबाट चरणवद्धरूपमा सञ्चार अभियान अघि बढाउने निर्णय गरिएको छ। सरकार, मिडिया व्यवस्थापन पक्ष र अन्य सम्बद्ध निकायसँग सम्वाद र छलफलबाट समस्या समाधान हुननसके महासंघ केन्द्रकै पहलमा विभिन्न दबावमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै कानुनी उपचारका लागि समेत पहल गरिने छ।

ग) पत्रकारको पेशागत तथा भौतिक सुरक्षाको प्रत्याभूतिका लागि केन्द्रीय कार्यालयमा सूचना तथा कानुनी सहायता डेस्क स्थापना गरी कार्य अघि बढाइएको छ। श्रमजीवी पत्रकारका श्रम समस्याहरूको सन्दर्भमा तत्काल कानुनी सल्लाह र उपचार सेवाका लागि स्थानीय तहमा पनि कानुनी डेस्क खोल्न शाखाहरूलाई प्रेरित गरिएको छ।

घ) श्रमजीवी पत्रकारहरूले हाल पाउँदै आएको न्यूनतम पारिश्रमिक १९ हजार पाँच सय रुपियाँमा समयसापेक्ष पुनरावलोकनका लागि आग्रह गरिएको छ। यसमा आवश्यक पहल गरिनुका साथै श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका क्रममा बाधा देखिएका विषयमा ऐन संशोधन गरी समसामयिक तुल्याउन माग गरिएको छ।

ङ) स्वीकत निर्देशिकाबमोजिम प्रक्रिया पूरा भएका सवै पत्रकारको दुर्घटना तथा उपचार बीमा व्यवस्थाको लागि पहल गर्नुका साथै द्वन्द्वपीडित पत्रकार कल्याण कोषको कार्यान्वयनका लागि माग गरिएको छ।

च) पत्रकार र सञ्चारमाध्यमको भौतिक सुरक्षा र दण्डहीनताको अन्त्यका लागि ठोस कदम चाल्न सम्बन्धित निकायमा माग गरिएको छ। पत्रकारको हत्या, बेपत्ता एवं आक्रमणमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हननूका घटना रोक्ने र दोषीलाई कारबाही गराउने, पत्रकारविरूद्धको हिंसा एवं मिडियामा सेल्फसेन्सरसीपको अवस्थाको अन्त्यलगायत पत्रकारको भौतिक सुरक्षा

र स्वतन्त्रताको जगेर्नाका लागि निरन्तररूपमा क्रियाशील रहने महासंघले निर्णय गरेको छ।

छ) पत्रकार र पत्रकारिताको मर्यादा अभिवद्धि एवं व्यावसायिक र उत्तरदायी पत्रकारिताको विकासका लागि पत्रकारको नैतिक आचरण र पेशागत आचारसंहिता पालनामा जोड दिइएको छ। आचारसंहिताबारे जानकारी गराउन प्रेस काउन्सिलसहितका संस्थाहरूसँग सहकार्य गरी प्रतिष्ठान र जिल्ला शाखाहरूसम्म पत्रकार आचारसंहिता जागरण तथा सुनुवाई कार्यक्रम सञ्चालन गरिनुका साथै मिडिया कन्टेनमा नियमित सम्वादको प्रक्रिया शुरू गरिएको छ।

ज) न्यूनतम पारिश्रमिक निर्धारण समितिको वर्तमान स्वरूप, भौतिक संरचना र अधिकार क्षेत्रका आधारमा सञ्चार प्रतिष्ठानको श्रम समस्यालाई सम्बोधन गर्न प्रभावकारी हुने अवस्था नरहेकोले यसको पुनर्संरचनाका लागि प्रयास गरिनेछ।

***(आचार्य नेपाल पत्रकार महासंघका अध्यक्ष हुनुहुन्छ)।***

## सन्दर्भ सामग्री

दाहाल, काशिराज। २०५८। *आमसञ्चार र कानुन*। काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट।

*नेपाल पत्रकार महासंघको नीति, कार्यक्रम र कार्ययोजना सम्बन्धी अवधारणा, २०७४।*

*नेपाली पत्रकारिता चुनौती र उपलब्धि*। २०७४। नेपाल पत्रकार महासंघ।

*प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन-२०१६*। सन् २०१६। काठमाडौं : नेपाल पत्रकार महासंघ।

विष्ट, डा. महेन्द्र। २०७४। *नेपालमा प्रेस स्वतन्त्रता*। काठमाडौं : सेन्टर फर मिडिया रिसर्च नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि.।

श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन सम्बन्धमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन-२०६८।

श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक समितिले २०७४ साल साउन १५ गते जारी गरेको प्रेस विज्ञप्ति।

*संकटकालमा नेपाली प्रेस*। २०६०। काठमाडौं : नेपाल पत्रकार महासंघ।

### प्रेस स्वतन्त्रताको चुनौती र रक्षा

# नियन्त्रण, स्वनियन्त्रण र स्वनियमन

**डा. महेन्द्र विष्ट**

कुनै पनि लोकतान्त्रिक प्रणालीमा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरिएको हुन्छ । विचार र अभिव्यक्ति स्वतन्त्रताको सार्वजनिक माध्यम आमसञ्चार नै हो । र, त्यसको प्रमुख क्षेत्र प्रेस हो । प्रेस स्वतन्त्रताबिना विचार र अभिव्यक्ति स्वतन्त्रताको अभ्यास सम्भव हुँदैन । सार्वजनिक सञ्चारमाध्यमको सन्दर्भमा विचार र अभिव्यक्ति स्वतन्त्रता भनेको माध्यमको स्वतन्त्रता मात्र नभएर माध्यममा विषयवस्तुको छनोट गर्न पाउने समाचारकक्षको अधिकारको प्रत्याभूति पनि हो । यसर्थ कानुनी प्रावधानमात्र नभएर आफ्नो सञ्चारमाध्यममा विषयवस्तुको निर्धारण या कार्यक्रमको छनोट गर्ने वा सम्पादकीय परीक्षण या नियन्त्रण (Editorial Judgement or Control) गर्ने एउटा सम्पादकको अधिकारको प्रयोग हुने वातावरण कत्तिको छ भन्ने आधारमा सञ्चारमाध्यममा प्रेस स्वतन्त्रताको अवस्था मापन गर्न सकिन्छ ।

प्रेस स्वतन्त्रतामा मिडियामाथि राज्यको नियन्त्रण (सेन्सरसीप) स्वीकार्य हुँदैन । त्यसैगरी राज्यले नियन्त्रण नगर्ने तर भय वा अन्य कारणले मिडिया वा पत्रकारमाथि स्वनियन्त्रण (सेल्फसेन्सरसीप) को अवस्था हुनु पनि हुँदैन । त्यसले अन्ततः प्रेस स्वतन्त्रतालाई नै संकुचित गर्दछ । तर, पत्रकार र सञ्चारमाध्यम जिम्मेवार र जवाफदेही भने हुनैपर्दछ । त्यसको निम्ति पूर्व प्रतिबन्ध वा नियन्त्रण (सेन्सरसीप), स्वनियन्त्रण (सेल्फसेन्सरसीप) हैन, स्वनियमन (सेल्फरेगुलेसन) हुनुपर्दछ । र, त्यसका लागि जरुरी हुन्छ– स्वमूल्यांकन (सेल्फ एसेस्मेन्ट) को ।

## प्रेस स्वतन्त्रता

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारभूत शर्त हो । यसलाई सूचनामा पहुँच, सूचना र विचारलाई अभिव्यक्त गर्न पाउने अधिकार र सूचनाको सम्प्रेषणमा स्वतन्त्रतासँग गाँसेर हेर्ने गरिन्छ । प्रेस स्वतन्त्रता भनेको सञ्चारमाध्यम खोल्ने, सञ्चालन गर्ने मात्र हैन, बिना अवरोध सूचनाको संकलन, कुनै पनि माध्यमद्वारा बिनाबन्देज प्रकाशन, प्रसारण र वितरण गर्न पाउने कानुनी हक र व्यावहारिक वातावरण पनि हो ।

संयुक्त राष्ट्रसंघले सूचनाको स्वतन्त्रतालाई मानव अधिकारका रूपमा सुरुवातदेखि नै आत्मसात् गर्दै आएको छ । सन् १९४६ मा सम्पन्न राष्ट्रसंघको पहिलो सत्रको साधारणसभाले पारित गरेको प्रस्तावमा 'सूचनाको स्वतन्त्रता मानवअधिकार तथा अन्य सबै स्वतन्त्रताहरूको आधार हो, जुन कार्यमा संयुक्त राष्ट्रसंघ समर्पित छ' भन्दै 'सूचना स्वतन्त्रताभित्र कुनै पनि अवरोधबिना कुनै पनि स्थान र व्यक्तिमा समाचार संकलन, प्रसारण र प्रकाशनको अधिकार हुनेछ...' भन्ने उल्लेख गरियो । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रतालाई 'सूचनाको खोजी, प्राप्ति र प्रवाहको अधिकार' का रूपमा परिभाषित गरेको छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १९ का साथै तीन वटा क्षेत्रीय मानवअधिकारसम्बन्धी सन्धिहरू मानवअधिकारसम्बन्धी युरोपेली महासन्धि, मानवअधिकारसम्बन्धी अफ्रिकी महासन्धि र मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धिमा पनि अभिव्यक्ति स्वतन्त्रताको समान किसिमको प्रत्याभूति गरिएको छ ।

सूचनाको हककै सम्बन्धमा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनसम्बन्धी विशेष प्रतिवेदकले सन् २००० मा विशेष टिप्पणी प्रस्तुत गर्दै सूचना भन्नाले सार्वजनिक निकायसँग रहेको जुनसुकै स्वरूप र साधनमा सुरक्षित गरिएका सम्पूर्ण विवरणहरू भन्ने ब्याख्या गर्नुका साथै सूचनाको स्वतन्त्रता भन्नाले सार्वजनिक निकायहरूले आफ्ना कार्यहरू र जनतालाई असर गर्ने नीति र निर्णयजस्ता जनचासोका सूचनाहरू व्यापकरूपमा प्रकाशित गर्ने र सम्प्रेषण गर्ने भन्ने कुरा बुझाउँछ भनेर उल्लेख गरेको छ । लोकतान्त्रिक मूल्य, सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र विकसित सिद्धान्तलाई आत्मसात् गर्दै विश्वका अधिकांश मुलुकहरूले राष्ट्रिय कानुनमा सूचनाको हकलाई व्यवस्थित गर्नुका साथै संरचनाको निर्माण र अभ्यास गर्दै आएका छन् । नेपालमा पनि सूचनाको हकसम्बन्धी छुट्टै कानुनी प्रबन्ध र संरचना निर्माण भएको एक दशकभन्दा बढी भैसकेको छ । यी अन्तर्राष्ट्रिय मापदण्ड र व्यवस्थालाई नेपालको संविधानमा पनि आत्मसात् गरिएको छ ।

संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको उल्लेख छ भने विभिन्न धाराहरूमा यससम्बन्धी अन्य व्यवस्था छन् । धारा १७ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्था छ । सञ्चारको हकअन्तर्गत कुनै पनि पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनजस्ता सञ्चारमाध्यमबाट कुनै सामग्रीको प्रकाशन वा प्रसारण गर्न पूर्वप्रतिबन्ध नलगाइने, कुनै सामग्री प्रकाशन प्रसारण गरेबापत

बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने तथा सञ्चारका साधनलाई अवरुद्ध नगरिने प्रत्याभूति संविधानमा गरिएको छ।

यस्तै धारा २७ मा सूचनाको हकको व्यवस्था छ। यद्यपि यी धारामै प्रतिबन्धात्मक वाक्यांश उल्लेख गरी कानुन बनाई त्यसमा रोक लगाउन सकिने क्षेत्रहरू पनि तोकिएको छ। त्यसले कानुनमार्फत् स्वतन्त्रतालाई संकुचित गर्न सकिने संभावनालाई कायमै राखेको छ। यता धारा २८ मा गोपनीयताको हक समेटिएको छ जसले लोकतान्त्रिक प्रणालीमा अपरिहार्य मानिने नागरिकको गोपनीयताको हकलाई प्रत्याभूत गरेको छ। यद्यपि यसमा पनि कानुन निर्माण गर्दा स्वतन्त्रता संकुचित गर्न सक्ने गुञ्जायस कायमै राखेको छ। संविधानको धारा १०३ मा संघीय संसद्को विशेषाधिकार, धारा १२८ मा अदालतको अवहेलना, धारा १८७ मा प्रदेशसभाको विशेषाधिकार र धारा २७३ मा संकटकालीन व्यवस्था उल्लेख छ। यो व्यवस्थाको प्रयोग कसरी हुन्छ भन्ने कुरामा स्वतन्त्रताको अभ्यास निर्भर हुन्छ।

## पूर्व प्रतिबन्ध वा नियन्त्रण

संविधानले राज्यको तर्फबाट प्रेसमाथि नियन्त्रण अर्थात सेन्सरसीप नहुने प्रत्याभूति गरेको छ। तर, त्यसका लागि केही क्षेत्र भने छोडेको छ। संविधानको धारा २७३ मा रहेको संकटकालीन अधिकारअन्तर्गत राष्ट्रपतिले संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा धारा १७ को उपधारा (१) मा व्यवस्था भएको विचार र अभिव्यक्तिको स्वतन्त्रता निलम्बन हुनसक्ने व्यवस्था छ भने त्यस्तो समयमा धारा १९ मा व्यवस्था रहेको सञ्चारको हकअन्तर्गतको पूर्वप्रतिबन्ध अर्थात प्रिसेन्सरसीप नहुने व्यवस्था पनि निलम्बन हुनसक्ने अवस्था छ। नेपाल अधिराज्यको संविधान २०४७ मा रहेको यस्तै व्यवस्थाका कारण २०६१ माघ १९ गते लादिएको शाही शासनको बेला नेपाली मिडियाले कठोर सेन्सरसीप व्यहोर्नुपरेको थियो। त्यहीरूपमा सैन्य सेन्सरसीपको अनुमान त अहिले गरिएको छैन तर संकटकालको बेला पूर्वप्रतिबन्धको संवैधानिक छुटले नियन्त्रणको खतरालाई ठाउँ भने दिएको बुझ्न सकिन्छ।

यस्तै, संविधानका जुन धारामा स्वतन्त्रताको प्रत्याभूति गरिएको छ त्यही धारामै प्रतिबन्धात्मक वाक्यांश उल्लेख गरी कानुन बनाई त्यसमा रोक लगाउन सकिने क्षेत्रहरू पनि तोकिएको छ। संविधानको धारा १७ को २(क) मा प्रत्याभूत गरिएको विचार

र अभिव्यक्तिको स्वतन्त्रताको प्रतिबन्धात्मक वाक्यांशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना हुने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने बाटो खोलिएको छ। त्यस्तै धारा १९ को उपधारा (१) मा रहेको पूर्वप्रतिबन्ध नलगाइने प्रत्याभूति गर्दा पनि धारा १७ (२)(क) को प्रतिबन्धात्मक वाक्यांशकै क्षेत्र तोकेर मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने उल्लेख गरिएको छ। त्यसले कानुनमार्फत् स्वतन्त्रतालाई संकुचित गर्न सकिने सम्भावनालाई कायमै राखेको छ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी राष्ट्र संघसहितका अन्तर्राष्ट्रिय प्रतिवेदकहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि आगामी दशकका १० मुख्य चुनौतीको रूपमा मिडियामाथि सरकारी नियन्त्रणका संयन्त्रहरू, फौज्दारी मानहानिका प्रावधानहरू, पत्रकारविरुद्धको हिंसा, अभिव्यक्ति स्वतन्त्रता अधिकारको उपभोगमा विभेद, वाणिज्य दबाब, सार्वजनिक सेवा तथा सामुदायिक प्रसारणमा सहयोग, सुरक्षा र अभिव्यक्ति स्वतन्त्रता, इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा सञ्चार प्रविधिमा पहुँचका साथै सूचनाको हकमा सीमा कायम रहनुलाई पनि मानेका छन्। नेपालमा पनि ती चुनौती कायमै रहेको छ। यसले प्रेसमाथि पूर्वप्रतिबन्ध वा नियन्त्रणको क्षेत्र र खतरालाई स्पष्ट गर्दछ।

## स्वनियन्त्रण

आतंकवाद, राजीतिक द्वन्द्व र हिंसाको समयमा प्रेसमाथि पनि असुरक्षा र हिंसा बढ्न जान्छ। यस्तो बेलामा प्रेस दोहोरो मारमासमेत पर्ने गर्दछ। त्यस्तै आपराधिक समूह, भ्रष्टाचारी र अवाञ्छित तत्वको निशानामा पनि पत्रकारहरू पर्ने गरेका छन्। नेपालमा पनि दस वर्षे जनयुद्ध, शाही शासन, मधेशमा भएका सशस्त्र गतिविधि र विभिन्नखाले आन्दोलनको समयमा प्रेसमाथि तीव्र दबाव पर्न गयो। पत्रकार मारिने, अपहरण गरिने, आक्रमण वा कुटपिट र धम्कीको शिकार हुने, सञ्चारमाध्यमको कार्यालयमा आक्रमण गरिने, सवारीसाधनमा आगजनी हुने, सञ्चार उपकरण लुटिने, तोडफोड गरिने जस्ता कार्यहरू प्रशस्तै भए। सशस्त्र द्वन्द्वको अवधिमा मात्र राज्य र विद्रोही पक्षबाट गरी २४

जना पत्रकारको हत्या र दुईजना अझैसम्म बेपत्ता गरिएको अवस्था छ भने हालसम्म ३६ जना पत्रकारको हत्या वा शंकास्पद मृत्यु भएको र ४ जना पत्रकार बेपत्ता पारिएको अभिलेख नेपाल पत्रकार महासंघसँग छ । यद्यपि ती अधिकांश घटनामा दण्डहीनता कायमै रहेको छ । यसबाहेक प्रेसमाथि नियन्त्रणका नीतिगत प्रबन्धदेखि प्रेस स्वतन्त्रता हनन्का अन्य थुप्रै घटना निरन्तर भैरहेका छन् । महासंघको अभिलेखअनुसार गएको एक वर्षमा मात्र प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन् । यसले पनि नेपाली प्रेस अझै सुरक्षित नरहेको देखाउँछ । जसको परिणाम समाचारका विषयवस्तु र विचार प्रवाहमा स्वनियन्त्रण अर्थात् सेल्फसेन्सरसीपको अवस्था सिर्जना हुन पुगेको छ । किनभने जब पत्रकारमाथि हिंसा वा असुरक्षाका खतरा कायमै रहन्छ र त्यस्तो अवस्थामा पनि दण्डहीनताको स्थिति बन्छ भने पत्रकारले भयका कारण देखेको कुरा पनि लेख्न सक्दैनन् । यस्तो अवस्थामा राज्यले नियन्त्रण नगरे पनि स्वनियन्त्रणको अवस्था बन्दछ । परिणामतः प्रेस स्वतन्त्रता संकुचित बन्न पुग्दछ ।

यी तथ्य-तथ्यांकले समेत नेपाली प्रेसले अहिले पनि प्रेस स्वतन्त्रता हननका घटनाका साथै दण्डहीनता र सेल्फ सेन्सरसीपको सामाना गर्नु परिरहेको स्पष्ट गर्दछन् भने अब निकट भविष्यमै लागू हुने देवानी तथा अपराधसंहिता, अदालतले घृणायुक्त अभिव्यक्ति नियन्त्रण गर्न कानुन बनाउन दिएको आदेशको कार्यान्वयन एवं प्रदेश र स्थानीय सरकार तथा संसदले प्रेसलक्षित नीति र कानुन निर्माण गर्दा अपनाउने विधि र विषयवस्तुमा सचेत हुनुपर्ने अवस्था छ । अन्तर्राष्ट्रियरूपमा झूठा समाचार (फेक न्यूज) विरुद्ध चलेका अभियानले पनि नेपालमा कस्तो असर गर्छ भन्ने हेर्न बाँकी छ ।

## स्वनियमन

प्रेस स्वतन्त्रता सीमाविहीन हुँदैन । प्रेसमाथि नियमन आवश्यक हुन्छ तर त्यो स्वनियमनको ढाँचामा हुनुपर्दछ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी बन्देजका कानुनी आधार मानिने विषयवस्तुमाथिको नियन्त्रणका प्रमुख क्षेत्रहरूमा पूर्वप्रतिबन्ध (Prior Censorship), मानहानि (Defamation), राष्ट्रिय सुरक्षा (National Security), गोपनीयता (Privacy), अदालतको अवहेलना (Contempt of Court), घृणायुक्त अभिव्यक्ति (Hate Speech), असत्य समाचार (False News), धार्मिक दुष्प्रचार (Blasphemy) र यौनजन्य अश्लीलता वा उच्छृङ्खलता (Obscenity) पर्दछन् । प्रेस स्वतन्त्रताको सिद्धान्तले यसको जायज

प्रयोगमा अनुमति प्रदान गर्दछ। तर, त्यो तीन खण्डे परीक्षण र अन्तर्राष्ट्रिय कानुनसम्मत हुनुपर्छ भन्ने मान्यता छ। तीन खण्डे परीक्षणमा पहिलो कानुनबमोजिम हुनुपर्ने, दोस्रो वैध उद्देश्य हुनुपर्ने र तेस्रो अत्यावश्यक भएको हुनुपर्ने प्रावधानलाई समेटिएको छ। नेपालमा पूर्वप्रतिबन्धसम्बन्धी विद्यमान व्यवस्थालाई तीनखण्डे परीक्षणको कसीमा हेर्दा मूलतः कानुनबमोजिम हुनुपर्ने पहिलो व्यवस्थालाई यहाँ पनि आत्मसात् गरिएको पाइन्छ तर दोस्रो, वैध उद्देश्य र तेस्रो आवश्यकताको सन्दर्भमा भने कार्यान्वयनकै क्रममा परीक्षण गर्नुपर्ने हुन्छ। डेनिस म्याक्वेलले विलियम हकिङको प्रतिवेदनलाई उद्धृत गर्दै आफ्नो पुस्तकमा प्रेस स्वतन्त्रतालाई सामाजिक उत्तरदायित्वको सिद्धान्तसँग जोडेर ' मिडियाको समाजप्रति दायित्व हुन्छ, मिडियाको स्वामित्व भनेको सार्वजनिक स्वामित्व हो र मिडिया स्वतन्त्र हुनुपर्छ तर स्वनियमन भने आवश्यक हुन्छ' भनेर उल्लेख गरेका छन्। नेपालमा पनि संविधान जारी भएपछि बनेको राष्ट्रिय आमसञ्चार नीति, २०७३ र पछिल्लो पत्रकार आचारसंहिताले स्वनियमनको व्यवस्थामै जोड दिएको छ। त्यसको लागि कानुनी सुधार र नियामक निकायको स्थापना जरुरी छ। त्यससँगै नेपाली मिडिया स्वयंको मानसिकता र अभ्यासमा पनि ठूलो सुधारको खाँचो छ।

**स्वमूल्यांकन**

आमसञ्चार क्षेत्रका तीन अमेरिकी विद्वान् फ्रेड एस. सिइबर्ट, थोडर पिटर्सन र विल्बर श्रामले सन् १९५६ मा प्रतिपादन गरेका प्रेसका चार सिद्धान्तमध्ये सामाजिक उत्तरदायित्वको सिद्धान्त एउटा हो। यो सिद्धान्तलाई लोकतान्त्रिक प्रणाली र वर्तमान अभ्यासमा आत्मसात् गरिने गर्दछ। स्वनियमनको प्रणाली पनि यही अवधारणामा उभिएको छ। प्रेस स्वतन्त्रताको नयाँ अवधारणासँगै आमसञ्चारमाध्यममा आमनागरिक अर्थात् पाठक, श्रोता, दर्शकको पहुँचका साथै सञ्चारमाध्यमको स्वामित्व, विषयवस्तु तथा तिनमाथिको नियमनका क्षेत्रहरू पनि विश्लेषणको आधारका रूपमा समेटिन थालेको छ। र, मिडिया क्षेत्र र पत्रकारले पनि यी क्षेत्र र अभ्यासको स्वमूल्यांकन गर्न आवश्यक भएको महसुस गर्न थालेकका छन्। नेपाल पत्रकार महासंघले पनि यही अवधारणाअनुसार नेपाली मिडियालाई जवाफदेही र पारदर्शी बनाउने मिडिया टुलकिट तयार गरिरहेको अवस्था छ।

प्रेस स्वतन्त्रताको जग भनेको आमसञ्चारका माध्यमप्रतिको नागरिकको विश्वास नै हो र त्यो विश्वसनीयता आफ्ना पाठक, दर्शक, स्रोताप्रति मिडियाको जवाफदेहितामा

निर्भर हुन्छ । महासंघले तयार गरिरहेको मिडिया टुलकिटमा त्यो विश्वसनीयतालाई अझ फराकिलो बनाउन मिडिया उद्योगले अपनाउनुपर्ने सजगता र लिनुपर्ने अग्रसरताका बारेमा मूर्तरूपमा चर्चा गरिनु यस क्षेत्रको सुधारका निम्ति सकारात्मक फड्को हुनेछ ।

वास्तवमा प्रेस स्वतन्त्रतालाई प्रबर्द्धन गर्नुका साथै पछिल्लो समयमा नेपाली मिडिया उद्योगमा भएको विकास र विस्तारलाई अझ फराकिलो, दीगो र भरपर्दो बनाउन स्वमूल्यांकन अत्यन्त जरुरी छ । मूलतः सार्वजनिक जवाफदेहिता र पारदर्शिता, सम्पादकीय नीति, जनशक्ति नीति तथा लैंगिक समानता र सामाजिक समावेशीकरणका विषयमा मिडिया उद्योग स्वयंले विभिन्न सूचक बनाएर वर्तमान अवस्थाको मूल्यांकन गर्न र भावी मार्गचित्र तयार गर्न यसले महत्वपूर्ण योगदान गर्न सक्दछ ।

## निश्कर्ष

नेपाली जनताको ठूलो संघर्ष र बलिदानबाट स्थापित संविधानसभाबाट जारी नेपालको संविधानले जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एबं कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समृद्ध राष्ट्र निर्माण गर्ने आकांक्षा लिएको छ । त्यसैअनुसार राज्यका हरेक क्षेत्रमा पुनर्संरचनाको प्रक्रिया अघि बढिसकेको छ। नेपाली मिडियाका सन्दर्भमा पनि पछिल्लो परिवर्तनलाई आत्मसात् गर्दै राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले पुनर्संरचनाको सामान्य खाका तयार गरेको छ। तर, त्यसअनुसार, कानुनी सुधार र संरचना निर्माणलगायतका धेरै काम हुन बाँकी नै छ।

संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता व्यवहारमा उपभोग गर्न नयाँ संविधानको उचाइबाट प्रेससम्बन्धी विद्यमान ऐन-नियममा पुनरावलोकन जरुरी हुन्छ। यसैगरी संविधानको अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूची राखिएको छ । तर, त्यसको विस्तृत व्याख्या हुन बाँकी छ । यी सवै प्रक्रिया अघि बढाउँदा नेपाली मिडियामाथि विभिन्न तहका राजनीतिक संरचना, आमनागरिक र सरोकारवाला क्षेत्रको बुझाइ कस्तो छ भन्ने कुराको हेक्का राख्न पनि उत्तिकै आवश्यक हुन्छ।

मिडियाको स्वच्छता र विश्वसनीयतामाथि अहिले विश्वभरि नै ठूलो प्रश्न उठिरहेको छ । त्यसले गर्दा अधिकारीहरूमा नियन्त्रणको मनोविज्ञान झांगिदै गएको पाइन्छ । नेपाल पनि त्यसबाट अछुतो छैन । यस परिवेशमा प्रेस स्वतन्त्रताको स्थापना र रक्षाका निम्ति सञ्चार क्षेत्रले जुन बलिदान गरेको छ त्यसै तहको प्रयास अब यसको स्वच्छता र विश्वसनीयताको निम्ति पनि गर्न आवश्यक छ ।

नेपाली प्रेस जुन अवस्थामा छ, त्यसमा सुधार जरुरी छ । तर, त्यो काम नत कुनै नियन्त्रणको उपायबाट हुने हो नत स्वनियन्त्रणबाट । त्यसको निम्ति स्वनियमन नै एक मात्र आधार हो । र, स्वनियमनको लागि मिडिया र पत्रकार जगत्को अग्रसरता अपरिहार्य हुन्छ । त्यो अग्रसरताको सही प्रस्थानविन्दु स्वमूल्यांकन नै हुनसक्तछ ।

*(डा. विष्ट नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष हुनुहुन्छ) ।*

# लोकतन्त्र र प्रेस स्वतन्त्रता

**विपुल पोखरेल**

## पृष्ठभूमि

लोकतन्त्र आफैँमा वैज्ञानिक शासन पद्दति हो । यो पद्दति वैज्ञानिक भएकै कारण यसको सम्बन्ध प्रत्यक्ष जनतासँग समान रूपमा जोडिन पुग्दछ । लोकतान्त्रिक शासन पद्दतिमा आफ्ना शासक चुन्ने प्रक्रियामा जनताहरू प्रत्यक्ष रूपमा संलग्न हुन्छन्, उनीहरूका गतिविधिहरूलाई नियाली रहेको हुन्छन्, आफ्नो मतको सदुपयोग या दुरुपयोग भैरहेको विशेषण गर्न र आफ्नो विश्लेषण अभिव्यक्त गर्न सक्छन् अनि शासकहरूको भूमिकामा चित्त बुझाई भएन भने उनीहरूलाई सजाय दिन पनि सक्छन् । अथवा लोकतान्त्रिक पद्दति सञ्चालन प्रक्रियामा हरेक ठाँउमा जनताको संलग्नता, चासो र सुझाव वा गुनासोलाई स्वीकार्य मानिन्छ र त्यसको सम्बोधनलाई अनिवार्य दायित्व ठानिन्छ ।

राजनीतिशास्त्रीहरूको भनाइलाई हेर्ने हो भने पनि हामी यो निष्कर्षमा पुग्छौ कि, शासन सत्तामाथि जनताको संलग्नता आवश्यक परेमा हस्तक्षेपलाई स्वीकार गर्ने सामर्थ्य राख्ने र सरकार निर्माण प्रक्रियामा जनताको संलग्नतालाई अनिवार्य ठान्ने पद्दति नै लोकतान्त्रिक पद्दति हो अथवा लोकतन्त्र हो । विश्वमा फरक-फरक लोकतन्त्रका अभ्यासहरू पनि भए । मानवको चेतनाको स्तर र जनसंख्याका आधारमा यसको प्रयोगको तरिकामा समेत फेरवदल भएको पाइन्छ ।

पछिल्लो समयमा आएर राजनीतिशास्त्रीहरूले विद्यमान लोकतन्त्रलाई प्रतिनिधिमूलक भनी सहभागितामूलक लोकतन्त्रमाथि जोड दिने गरेका छन् । राजनीतिशास्त्रका विद्वानहरूले लोकतन्त्रको मूल्यांकन गर्ने सन्दर्भमा चौंथो पुस्ताको लोकतन्त्रको कुरा गर्ने गरेका छन् र उनीहरू यस सन्दर्भमा सहभागितमूलक लोकतन्त्रको कुरा गर्छन् । शासनसत्ताका हरेक क्रियाकलापमा जनताको संलग्नतालाई अझ सुनिश्चित र अझ व्यवहारिक गराउनु पर्छ भन्ने मान्यताको जगमा उभिएर सहभागितामूलक लोकतन्त्रको कुरा उठाइन थालेको छ । लामो समयदेखि हामीले जनताका प्रतिनिधिले शासन सत्ता सञ्चालन गर्ने लोकतन्त्रको अभ्यास गर्दै आएका छौं । यो क्रममा निर्वाचनको दिनबाहेकका दिनहरूमा शासन सत्ता सञ्चालन प्रक्रियामा जनताको व्यवहारिक सहभागिता देखिएन भन्ने गुनासो धेरै नै आउन थाल्यो । यसलाई आलोचकहरूले प्राविधिक लोकतन्त्र भनेर पनि टिप्पणी गर्ने गरेको पाइन्छ । निर्वाचनका माध्यमबाट

जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् । यसरी करिवकरिव सबै अधिकार प्रतिनिधिलाई हस्तान्तरण गर्छन् र आफु अधिकारबिहीन भएर शासित हुन्छन् भन्ने भोगाई र बुझाईले सहभागितामूलक लोकतन्त्रको कुरा उठ्न थालेको पाइन्छ ।

प्रारम्भमा प्रत्यक्ष लोकतन्त्रको अभ्यास भएको पाइन्छ । सबै नागरिकहरू भेला भएर आफ्ना बारेमा निर्णय लिने र त्यसको कार्यान्वयन गर्ने परम्परा समाज विकासको क्रममा भएको पाइन्छ । यस्तो अभ्यासलाई राजनीतिशास्त्रीहरूले प्रत्यक्ष लोकतन्त्रको अभ्यासका रूपमा व्याख्या गरेका छन् । मानिसहरू एकै स्थानमा बस्ने र जनसंख्या पनि थोरै भएको अवस्थमा यस्तो अभ्यास सम्भव देखिएको भएता पनि पछि जनसंख्या वृद्धि र मानिसहरू छरिएर बस्न थालेपछि यो अभ्यास असम्भव देखिन थाल्यो ।

यसको विकल्पमा एक जना व्यक्तिलाई विशेष जिम्मा दिने र उसले नै नागरिकको सुरक्षासहित अन्य प्रवन्ध मिलाउने काम गर्ने अभ्यास सुरु भयो । यही अभ्यास लामो समयसम्म चल्दै गर्दा यसले राजतन्त्रको रूपमा आफूलाई विकास गर्‍यो ।

विश्व राजनीतिक इतिहासमा लामो समयावधि बिताएको यो अभ्यासका क्रममा विभिन्न स्वरूपका शासन पद्दतिहरूको जन्मिए पनि । राजतन्त्र लोककल्याणकारीदेखि निरंकुशसम्म भएको पनि पाइन्छ भने राजतन्त्रको विकल्प खोज्ने नाममा अझ निरंकुश तानाशाहहरूको उदय पनि यो कालखण्डमा हुन पुग्यो । जनताका लागि भन्दै गरिएका सबै शासनहरू लोकतान्त्रिक चरित्रका भने भएनन् । सत्ता निर्माणदेखि निर्णय प्रक्रिया हुँदै लाभको समान वितरणका चरणमा जनताको संलग्नता कटौती हुँदै गएको अवस्थालाई लोकतन्त्र मानिएन । यही क्रममा राजनीतिक दलको स्थापना हुन थाले । एक दलीय, दुई दलीय हुँदै बहुदलीय अभ्यासको श्रृङ्खला पनि विस्तारै सुरु हुन थाल्यो ।

त्यसपछि जनताका प्रतिनिधिमार्फत शासन गर्ने र जनताले आवधिक निर्वाचनका माध्यमबाट सरकार निर्माण गर्ने अभ्यासको सुरुवात हुन थाल्यो । यो क्रममा प्रत्यक्ष कार्यकारीको निर्वाचन वा संसद्को निर्वाचन गरी संसद्बाट सरकार बन्ने दुवै अभ्यास हुन थाल्यो । तर, संसदीय पद्दतिलाई लोकतन्त्रको व्यवस्थित सञ्चालनका लागि बढी स्वीकार्यता प्राप्त भएको विश्व राजनीतिक इतिहासले देखाउछ ।

पछिल्लो समयमा लोकतन्त्रको अभ्यास गर्दै जाँदा जनता र शासकहरूका बीचको सम्बन्ध टाढिएको तथा नीति निर्माण प्रक्रियामा जनसहभागिता उपेक्षित हुँदै गएका कारण अव सहभागितामूलक लोकतन्त्रको चर्चा उठ्न थालेको छ ।

संयुक्त राज्य अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनले लोकतन्त्रको परिभाषा गर्दै भनेका छन्, जनताद्वारा जनताका लागि जनतामार्फत सञ्चालन गरिने शासन व्यवस्था नै लोकतन्त्र हो । लिंकनको यो परिभाषा लोकतन्त्रलाई बुझाउने सन्दर्भमा सम्भवतः सर्वाधिक लोकप्रिय र स्वीकृत परिभाषा मानिन्छ । त्यसैगरी पछिल्ला पुस्ताका नोबेल पुरस्कार विजेता विद्वान अमर्त्य सेनका अनुसार आजको परिवेशमा लोकतान्त्रिक शासन व्यवस्थाको अर्थ जनताका आवश्यकता र चाहनालाई महत्वका साथ सम्बोधन गर्ने शासन भनेर बुझिनुपर्छ । उनी भन्छन्, समकालीन समाजमा लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गरेको सरकारले मात्र जनताका आधारभूत आवश्यकता र चाहनालाई सम्बोधन गर्ने सामर्थ्य राख्दछन् । त्यस्तै समाजशास्त्री जेम्स माहोनीको भनाइमा 'लोकतन्त्रले सहभागितामूलक शासन व्यवस्थामा विश्वास गर्दछ, पारदर्शिताको वकालत गर्दछ र उत्तरदायित्वलाई सँधैभरि आत्मसात् गर्दछ । लोकतन्त्रमा जनताको सहभागिताको विशिष्ट महत्व हुन्छ । बिनाजनताको सहभागिता न त लोकतन्त्र स्थायी हुन सक्छ, न त उपयोगी नै ।'

माथिका सबै परिभाषालाई एकै ठाँउमा राखेर विश्लेषण गर्ने हो भने लोकतन्त्रमा जनताको सहभागिता र आवश्यकताबारे जोड दिइएको पाउन सकिन्छ । यी परिभाषाहरूले जनसहभागिताबिना शासन सञ्चालनको कल्पना गरेको छैन । यस आधारमा भन्ने हो भने लोकतन्त्रको पूर्व शर्त नै सहभागिता हो भन्ने प्रष्ट हुन्छ ।

लोकतन्त्रले सदैव निश्चित विशेषताहरू बोकेको हुन्छ । यसले सहअस्तित्व स्वीकार गर्न सिकाउँछ । उत्तरदायी बन्न प्रेरित गर्छ । सामूहिक हितको पक्षमा उभिन भन्छ । त्यतिमात्र हैन, चित्त नबुझेको कुरामा असन्तुष्टि जनाउन, गुनासो गर्न र सच्चिनका लागि दबाव दिन पनि छुट दिन्छ । मानिसको वाक स्वतन्त्रताको पक्षधरता लिन्छ । लोकतन्त्रका यी बिशिष्ट गुणहरू मानव सभ्यतासँग पनि जोडिन्छन् । यसैकारण लोकतन्त्रलाई वैज्ञानिक र जनतासँग प्रत्यक्ष जोडिन सक्ने शासन व्यवस्थाका रूपमा स्वीकार गरिन्छ । यी गुणहरू नहुँदा र महसुस नगरिदा त्यहाँ लोकतन्त्र छैन भन्न सकिन्छ ।

लोकतन्त्रका यी विशेषताहरुसँगै उसको बिशिष्ट चरित्र भनेको खुलापन हो । त्यहाँको शासन व्यवस्थाले खुलापनलाई आफ्नो सिद्धान्तका रूपमा अंगिकार गरेको छ कि छैन भन्ने कुराको विश्लेषणका आधारमा त्यहाँ लोकतन्त्र छ कि छैन भनेर बुझ्न सकिन्छ । माथि उल्लिखित लोकतन्त्रका विशेषताहरूको अभ्यास र त्यसलाई लोकतान्त्रिक संस्कृतिका रूपमा स्थापित गर्ने कुरा खुलापनमा मात्र सम्भव हुन्छ ।

## प्रेस स्वतन्त्रता

शासन व्यवस्थालाई खुलापना दिन र त्यहाँका शासक र नागरिकका बीचमा विश्वसनीय सम्बन्ध स्थापित गर्नका लागि नै प्रेस स्वतन्त्रताको आवश्यकता महसुस गर्न थालिएको हो । सन् १७६६ मा स्वीडेनमा यस्तै खुलापनाको आवश्यकता महसुस भयो । नागरिक र शासकका बीचमा चिसो सम्बन्ध स्थापित हुन थाल्यो । त्यतिबेला युद्धको भूमरीमा फसेको स्वीडेनको सबै बजेट युद्ध सामग्री खरिदमा खर्च भएको भन्दै अन्य क्षेत्रमा बजेट सून्य विनियोजन हुन थाल्यो । नागरिकहरूमा प्रश्न उब्जन थाल्यो कि, साच्चिकै यतिधेरै धनराशी युद्धका लागि नै खर्च भएको हो त ? कि भ्रष्टाचार त भैरहेको छैन ? यस्ता सवालहरू चर्चहरूमा प्रार्थना गर्न जाने नागरिकहरूले पनि अनौपचारिक रूपमा उठाउन थाले । चर्चका पादरीहरूले शासकहरूप्रतिको नागरिक गुनासाहरूलाई शासकसम्म पुऱ्याए र नागरिकका यी आशंका मेटाउनका लागि एउटा कानुन बन्यो, त्यो कानुन हो 'प्रेस वील' ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा मात्रै हैन नागरिकको जान्न पाउने अधिकार अर्थात सूचनाको हकको सन्दर्भमा पनि यो कानुन नै पहिलो औपचारिक कानुनका रूपमा आएको पाइन्छ । प्रेस स्वतन्त्रता किन आवश्यक रहेछ त भन्ने कुराको सन्दर्भ १७६६ मा स्वीडेनमा बनेको 'प्रेस वील' सम्बन्धी कानुन निर्माणको पृष्ठभूमिबाट पनि थाहा पाउन सकिन्छ ।

शासन सत्तामा नागरिकहरूको सहभागितामात्रै हैन, शासकहरूले गरेका निर्णयहरू उपर नागरिकको निगरानीको सुनिश्चितता र गुनासोको सम्बोधनको संस्कृतिबाट लोकतान्त्रिक पद्दतिको प्रादुर्भाव भएका मान्न सकिन्छ । यो प्रक्रियामा नागरिकको अभिव्यक्ति स्वतन्त्रता पनि अनिवार्य शर्तका रूपमा जोडिदै आएको पाइन्छ । यो अभिव्यक्ति स्वतन्त्रताको उपयोग आमसञ्चारका माध्यमवाट व्यक्त गर्ने क्रमसँगै अभिव्यक्ति स्वतन्त्रताको अगाडि प्रेस थपेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भन्न थालिएको हो । स्वीडेनको 'प्रेस वील' संगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको जान्न पाउने अधिकारले कानुनी हैसियत प्राप्त गरेको पाइन्छ ।

अहिलेको सन्दर्भमा हेर्दा त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबिना लोकतन्त्र नै जीवन्त रहन सक्दैन भन्ने मान्यता स्थापित नै भैसकेको छ । राजनीतिक प्रतिबद्धता, संविधानमा मात्रै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भएर पूर्ण मानिदैन, त्यसको व्यवहारिक प्रयोगमा

कुनै अड्चन देखिएमा पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार मानिन्छ र त्यस्तो अवस्थालाई 'लोकतन्त्र नरहेको अवस्था' भन्ने गरिन्छ । संविधान अन्तर्गत बनेका सबै ऐन कानुन र नियमहरूमा कतै पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको बर्खिलापका प्रावधान अस्वीकार्य मानिन्छन् ।

यसरी हेर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्राणबायु मात्र हैन, त्यसलाई परिस्कृत, सापेक्ष र प्रभावकारी बनाइरहनका लागि नभै नहुने अनिवार्य तत्वका रूपमा रहन पुगेको छ । जुनसुकै राजनीतिक स्कूलिङका नेतृत्वले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई ग्रहण गर्दै आफ्ना राजनीतिक रणनीतिहरू बनाउने गरेको पाइन्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अहिलेको विश्वको एउटा मात्रै यस्तो विषय बनेको छ, जस्लाई सबै बर्ग, समुदाय, राजनीतिक दल, पद्दति तथा शासकहरूले एकै ढंगले बुझ्दछन्, स्वीकार्ने वा स्वीकार्न बाध्य हुने गर्दछन् तथा त्यसको औचित्यलाई अस्वीकार गर्ने दुस्साहस गर्दैनन् ।

अहिलेको विश्वको उत्तम राजनीतिक पद्दति भनेर चिनिने लोकतन्त्रलाई जीवन्त बनाउन, आकर्षक बनाउन, यसभित्रका विसंगतिहरूलाई निरुत्साहित गर्न, यसको अभ्यासलाई परिणाममुखी बनाउन र नागरिक तथा यो पद्दतिलाई जोड्नका लागि विभिन्न कालखण्डमा स्वतन्त्र प्रेसले मत्वपूर्ण भूमिका खेल्दै आएका कारण प्रेसलाई लोकतान्त्रिक राज्यमा चौंथो अंगको रूपमा स्वीकारिन्छ । स्वतन्त्र प्रेसको अनिवार्य उपस्थितिले मात्र लोकतन्त्रलाई चलायमान गराउछ, त्यहाँभित्रका विसंगतिलाई निरुत्साहित गर्छ र लोकतन्त्रको लाभलाई सबै जनतासमक्ष समान रूपमा वितरण गर्ने पद्दतिको वकालत गर्दछ ।  प्रेसले सधै यो दायित्व निर्वाह गर्दै पनि आएको छ ।

नेपालको संविधानले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित गरेको छ । अहिले नेपाल संघीयतामा प्रवेश गर्दै गर्दा तीन तहका सरकारहरू बनेका छन् । तीनवटै तहहरूमा कानुन बनाउने अधिकार छ । तर, ती सबै तहमा बन्दै गरेका कानुनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुनै पनि हिसावले कमजोर नबनाउन भन्ने आम चासो देखिएको छ । अन्य सन्दर्भका कानुनहरूको भन्दा धेरै चासो र चर्चा प्रेससंग सम्बन्धित कानुनको हुने गरेको छ । यो किन भने, प्रेस कमजोर भयो भने लोकतन्त्र कमजोर हुन्छ भन्ने मान्यताकै कारणले हो ।

**नेपालको अहिलेको सन्दर्भमा :**

१) स्वतन्त्र प्रेसलाई अझ प्रगाढ बनाउनका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका साथसाथै स्थानीय राज्यका संरचनाहरू पनि गम्भीर हुन जरुरी देखिएको छ। नयाँ अभ्यासमा मुलुक प्रवेश गर्दै गर्दा तदनुकूलको संस्कृति निर्माण पनि आवश्यक पर्दछ। त्यो संस्कृति निर्माणका लागि स्वतन्त्र प्रेसले मात्र प्रभावकारी भूमिका खेल्न सक्दछ।

२) न्यायपालिका र प्रेसका बीचमा यो बीचमा केही द्वन्द्वको अवस्था देखियो। तर, त्यसको अन्तर्यमा पुगेर हेर्दा के देखिन्छ भने दुैको स्वतन्त्र अस्तित्वका लागि दुवैले युगौदेखि लड्दै आएका हुन्। जब यी क्षेत्रहरूमा स्वार्थको प्रवेश भयो, तव द्वन्द्वको अवस्था देखियो। दुवै क्षेत्र स्वार्थभन्दा धेरै टाढा रहेर आफ्नो भूमिका निर्वाह गर्नु पर्ने क्षेत्र हुन्। यो दायित्वको जगमा उभिनासाथ ती निर्मित द्वन्द्वहरू आफैं भताभुङ्ग हुने छन्।

३) तीन तहका सरकार निर्माण भैरहदा तिनको प्रभावकारिता र जनअपेक्षा पूरा गर्नका लागि उनीहरूलाई उत्प्रेरित, रचनात्मक सुझाव र आवश्यक परे दबाव दिनका लागि स्वतन्त्र प्रेस अनिवार्य नै हुन्छ। तसर्थ पुनर्संरचनाको अभ्यास मार्फत नेपाली जनताको चाहना पूरा गराउने कुरामा प्रतिबद्ध राजनीतिक नेतृत्वले कानुन निर्माण मात्र हैन, सत्ता सञ्चालनका सन्दर्भमा पनि स्वतन्त्र प्रेसको उपस्थितिलाई स्वीकार्दै त्यसलाई अझ प्रभावकारी बनाउनका लागि भूमिका खेल्न आवश्यक छ।

***(पोखेल नेपाल पत्रकार महासंघका उपाध्यक्ष हुनुहुन्छ)।***

# पत्रकारलाई कोबाट खतरा ?

**बबिता बस्नेत**

कुनै बेला थियो, मुलुकमा प्रजातन्त्र ल्याउनका लागि भूमिका निर्वाह गरेका कारणले पत्रकारलाई तात्कालीन शासकहरूबाट असुरक्षा थियो । पञ्चायतकालमा प्रेस स्वतन्त्र थिएन । फलतः प्रजातन्त्र प्राप्तिको 'मिसन' मा पत्रकारहरू लागिपर्नु परेको थियो । एउटा निश्चित उद्देश्यले गरिएको हुँदा तात्कालीन अवस्थाको पत्रकारितालाई मिसन पत्रकारिता भन्ने गरिएको छ । स्वतन्त्र पत्रकारिता गर्नका लागि प्रजातन्त्र अपरिहार्य हुन्छ । प्रजातन्त्र, स्वतन्त्रता र पत्रकारिता एकार्काका परिपुरक हुन । प्रजातन्त्रबिना स्वतन्त्रता सम्भव छैन, स्वतन्त्रताबिना पत्रकारिताको दायरा साँघुरो हुन्छ । स्वतन्त्र पत्रकारिताको अर्थ देखेको कुरा लेख्ने या जनमानसमा जस्ताको तस्तै ल्याउने हो । स्वतन्त्र प्रेसका लागि मुलुकमा स्वतन्त्र वातावरण आवश्यक हुन्छ । अहिले मुलुक संघीय गणतन्त्रमा छ। संविधानमा प्रेस स्वतन्त्रता स्पष्ट उल्लेख गरिएको छ। नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता भन्ने शब्द परेको छ। जुन देशको संविधानको प्रस्तावनामैं प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ, त्यस्तो देशका पत्रकारलाई कोबाट असुरक्षा हुन्छ र ? प्रश्न गर्न सकिन्छ।

नेपालका पत्रकारलाई अहिले कोबाट असुरक्षा छ ? भन्ने प्रश्नको जवाफ खोज्नु अघि खासमा पत्रकारलाई कोबाट असुरक्षा हुन्छ ? भनी विश्लेषण गर्नुपर्ने हुन्छ। मुलुक द्वन्द्वमा भएका बेला राज्य र द्वन्द्वरत  दुवै पक्षबाट पत्रकारलाई असुरक्षा हुन सक्छ । प्रजातन्त्र नभएका देशमा स्वतन्त्रतासँग सम्बन्धित सबै मुद्दामा लेख्ने, बोल्ने पत्रकार खतरामा पर्न सक्छन । न्याय र प्रजातन्त्रबीच गहिरो सम्बन्ध हुन्छ । यदि समाज न्यायिक छैन भने अन्याय विरुद्ध लेख्ने, बोल्नेहरू निशाना बन्न सक्छन। हामी कहाँ पनि प्रजातन्त्रपछि दश वर्षे युद्ध भयो । माओवादी 'युद्ध'का बेला पत्रकारहरू कि त राज्य पक्षबाट सताइए कि त बिद्रोही पक्षबाट। कोही मारिए, कोही बेपत्ता पारिए। तर, अहिले त मुलुकमा शान्ति छ भन्ने गरिएको छ। यसो हेर्दा औपचारिक रूपमा अशान्ति छैन पनि। सशस्त्र द्वन्द्वबाट आएको दलसहितको सरकार छ। निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न भएको छ। मुलुक सरसर्ती अघि बढिरहेकै छ । मिडियाको द्रुततर विकाससँगै मिडियाकर्मीहरूको संख्या पनि बढिरहेको छ। छापा, विद्युतीय, नयाँ, पुराना सबै प्रकारका मिडियाको संख्या बढ्दो छ। यस्तो बेलामा पत्रकारलाई कोबाट खतरा छ ?

झट्ट हेर्दा पत्रकारलाई अहिले राज्यबाट खतरा देखिदैन । तर, मनोवैज्ञानिक त्रासबाट पत्रकारहरू कहिल्यै पनि अलग रहने परिस्थिति छैन । हिजो मुलुकको राजनीतिक स्थायित्वका लागि स्थानीय निर्वाचन हुनुपर्छ भनी जनमत बनाउने पत्रकारहरू अहिले कतिपय स्थानीय जनप्रतिनिधिको धम्कीका शिकार भएका छन । यो क्रम भरखरै सुरु भएको छ । जनप्रतिनिधिहरूले बेथितिलाई बढावा दिँदै गए भने पत्रकारलाई दिइने धम्कीहरू पनि बढ्ने छन् । स्थानीयदेखि प्रादेशिक हुँदै केन्द्रसम्म यस प्रकारको समस्या देखिने छ । मुलुकमा तस्करी र भ्रष्टाचारका अनेक रुप व्याप्त छन् । भ्रष्टाचारको अनुसन्धान गर्ने पत्रकार सधै सम्बन्धित पक्षको आँखाको तारो बन्ने गर्छ । अपराध घटेको छैन, दिन प्रतिदिन बढ्दो छ । हत्यादेखि बलात्कारसम्मका सत्य-तथ्यहरु बाहिर ल्याउने पत्रकार सधै अपराधीका आँखामा पर्नेछन्, परिरहेका छन् । देशमा प्रजातन्त्र त आयो तर न्याय आएन । न्यायका लागि लड्नेहरूले हार्ने क्रम जारी छ । असत्यको जित नहोस भनेर सत्यको पक्षमा कलम चलाउनेहरू अहिले पनि खतरा मुक्त छैनन् । मनोवैज्ञानिकमात्र होइन शारीरिक र मानसिक रूपमा पनि पत्रकारहरू जोखिममुक्त छैनन् ।

## पत्रकार सुरक्षाका सूचकहरू

पत्रकारहरू सुरक्षित छन् भनी कसरी थाहा पाउने ? पत्रकार सुरक्षाका सूचकहरू के हुन ? हाम्रो जस्तो मुलुकमा पत्रकार सुरक्षाका सूचक पत्ता लगाउन गाह्रो छ । कतिबेला, कहाँ, कोबाट, के हुन्छ यसै भन्न सक्ने अवस्था छैन । युनेस्कोले निर्माण गरेको पत्रकार सुरक्षाका सूचकहरूमा पत्रकारलाई धम्क्याउने काम, धम्कीको संख्या, शारीरिक आक्रमण, यस प्रकारका आक्रमणको संख्या, मिडिया हाउसमाथि आक्रमण या जबरजस्ती बन्द गर्नुपर्ने अवस्थाको सिर्जना, गोप्य स्रोतको संरक्षणमा बाधालगायतका कुराहरू छन् । पत्रकार विरुद्धका अपराध कुनै पनि मूल्यमा क्षम्य नहुने र पत्रकार विरुद्धको अपराधमा दण्डहीनताको अन्त्य जरुरी भएको संयुक्त राष्ट्रसंघीय कार्ययोजनामा उल्लेख छ । संयुक्त राष्ट्रसंघले सन् २०१२ अप्रिल १२ मा पत्रकारको सुरक्षा तथा दण्डहीनतालाई लिएर कार्ययोजना निर्माण गरेको छ । कार्ययोजनाको उद्देश्य द्वन्द्व र सामान्य दुवै अवस्थामा पत्रकारका लागि स्वतन्त्र र सुरक्षित वातावरण निर्माण गर्नु हो । पत्रकारको सुरक्षालाई समेटिएको उक्त कार्ययोजनामा महिला पत्रकारको सुरक्षालाई लिएर संबेदनशील अवधारणा र दृष्टिकोण निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । यसैगरी पत्रकार सुरक्षाका सूचकमा पत्रकार संरक्षणका लागि मिडिया हाउसको नीति पनि त्यतिकै महत्वपूर्ण

हुन आउछ । धम्की र त्रासमा हुने सेल्फ सेन्सरसीपको अन्त्य अर्को सूचक हो । हामी कहाँ शाही शासनकाललाई अहिलेसम्मकै सबैभन्दा बढी सेल्फ सेन्सरसीप भोग्नु परेको अवस्थाका रूपमा लिन सकिन्छ । त्यतिबेला नेपाली मिडियामा सेन्सरसीप र सेल्फ सेन्सरसीप दुवै थियो ।

## पत्रकारको सुरक्षा

पत्रकार सुरक्षाको कुरा गर्दा मुलतः दुई वटा कुरामा केन्द्रित हुनुपर्ने हुन्छ, भौतिक सुरक्षा र पेशागत सुरक्षा । हाम्रो सन्दर्भमा मनोवैज्ञानिक त्रास पनि महत्वपूर्ण छ । नेपालका पत्रकारहरूले समय परिस्थितिअनुसार सुरक्षा आफैं गर्नुपर्ने अवस्था छ । पत्रकारलाई सुरक्षा तालिमको अभाव छ । आफ्नो सुरक्षा पत्रकारले कसरी गर्ने भनेर कतिपय मुलुकमा 'इन हाउस' तालिम नै दिइन्छ । तर हामी कहाँ आधारभूत पत्रकारिताको तालिम त नभई रहेको अवस्थामा पत्रकार सुरक्षा तालिम टाढाको कुरा हुन आउछ । पत्रकारको सुरक्षा जनताको सूचना प्राप्त गर्ने हकसँग जोडिएको कुरा हो भन्ने मान्यता पनि स्थापित भएको छैन ।

महिला पत्रकारको सवालमा सुरक्षाको अवस्था थप संवेदनशील बन्नपुग्छ । महिलाका लागि रात बिरात हिँड्ने अवस्था नबनिसकेको अवस्थामा कुनै पनि बेला काममा जानुपर्ने र घर फर्कदा राति हिँड्नुपर्ने कारणले महिला पत्रकारको अवस्था थप संवेदनशील बनेको हो । शारीरिकभन्दा पनि मानसिक र मनोबैज्ञानिक थ्रेट महिलाहरूले बढी खप्दै आएका छन् ।

## पत्रकार आचारसंहिता र सुरक्षाबीचको सम्बन्ध

पत्रकार आचारसंहिताको पालना र पत्रकारको सुरक्षाबीच गहिरो सम्बन्ध छ । हाम्रो मुलुकमा कतिपय अवस्थामा आचारसंहिता पालना नगरेका कारण पनि पत्रकारहरू असुरक्षित हुन पुगेका उदाहरणहरू छन । पत्रकारितामा सीपसँगै पत्रकारिता शिक्षा र पत्रकार आचारसंहिताको जानकारी पनि त्यतिकै आवश्यक छ । युनेस्कोले विकसित देशहरू तथा उदीयमान प्रजातन्त्र भएका मुलुकहरूका लागि पत्रकारिता शिक्षाको नमूना पाठ्यक्रम विकास गरेको छ । नेपालमा दुई सयभन्दा बढी कलेजमा पत्रकारिता शिक्षा सञ्चालन हुने गरेको छ । कलेज शिक्षादेखि नै पत्रकार आचारसंहिताको बारेमा जानकारी महत्वपूर्ण हुन्छ । हामी कहाँ प्रेस काउन्सिलद्वारा पत्रकार आचारसंहिता २०७३ जारी

गरिएको छ । तर, कतिपय पत्रकारहरूले पत्रकार आचारसंहिताको अध्ययन नगरेको अवस्था देखिन्छ । पत्रकारिता गर्नेहरूका लागि आचारसंहितालाई आधारभूत ज्ञानका रूपमा बाध्यकारी गरिनु आवश्यक छ ।

## हामी त चौथो अङ्ग पो त !

हामी त चौथो अङ्ग, हामीलाई विशेष ब्यवस्था हुनुपर्छ भन्ने आकांक्षाले पनि कतिपय अवस्थामा पत्रकारलाई असुरक्षित बनाइ दिएको छ । चौथो अङ्गको प्रयोग बुझेर, नबुझेर, ठाउँ कुठाउँ भए झैं पनि लाग्छ । सञ्चारमाध्यम वा प्रेसलाई आवाजविहीनहरूको आवाज तथा राज्यको चौथो अङ्ग पनि भनिन्छ । राज्यका तीन अङ्ग अर्थात् व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका गतिविधिमाथि निगरानी राख्ने भएकाले सामाजिक मान्यतास्वरूप पत्रकारिता क्षेत्रलाई राज्यको चौथो अङ्ग भनिएको हो ।

'पत्रकारिता राज्यको चौथो अङ्ग' भनी पहिलोपटक आइरिस राजनीतिज्ञ इडमुण्ड ब्रुक (जो पछि ब्रिटिस सांसद भए) ले सन् १७८७ मा बेलायतमा संसदीय बहसका क्रममा सम्बोधन गरेका हुन् । बेलायतको संसद्लाई सम्बोधन गर्ने क्रममा उनले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका यी तीन अङ्गबीच सन्तुलन कायम राख्न चौथो अङ्ग आवश्यक भएको र त्यो पत्रकारिता क्षेत्र हुने उल्लेख गरेका थिए । त्यतिबेलैदेखि पत्रकारितालाई चौथो अङ्ग भन्न थालिएको हो । पत्रकारितालाई चौथो अङ्ग एक मान्यता मात्रै हो । यो मान्यतालाई कहिलेकांही हामी कानुनी अधिकार झैं गरी 'हामी राज्यको चौथो अङ्ग' भन्दै झगडा गरुँला झैं गर्छौ । कहिलेकाँही म त यस्तो पो त भनी ठाउँ कुठाउँ प्रस्तुत भइ दिँदा पत्रकारलाई आफैंबाट पनि असुरक्षा भइ दिन्छ ।

अन्त्यमा, हिजो पञ्चायतकालदेखि प्रजातन्त्र हुँदै संघीय गणतन्त्रसम्म आइपुग्दा विभिन्न चुनौतीका बीच नेपालको पत्रकारिता अघि बढिरहेको छ । पत्रकारितासँगै पत्रकार सुरक्षाका चुनौतीहरू पनि फरक तरिकाले देखा परिरहेका छन् । पत्रकारलाई यसैबाट खतरा छ भनी तोकेर भन्न सक्ने अवस्था छैन । तर, असुरक्षा र त्रासबाट पत्रकारहरू मुक्त पनि छैनन् ।

***(बस्नेत घटना र विचार साप्ताहिकका सम्पादक हुनुहुन्छ) ।***
basnetbabita7@hotmail.com

# पत्रकार महासंघ र प्रेस स्वतन्त्रता

**रमेश विष्ट**

नेपाल पत्रकार महासंघले २०७४ साल चैत्र १६ गते ६३ औं स्थापना दिवस मनायो। कुनै पनि संस्थाको लागि छ दशकभन्दा लामो क्रियाशील जीवन आफैंमा गहकिलो इतिहास हो। स्थापना कालमा पत्रकार संघ हुँदै अहिले महासंघसम्म आइपुग्दा यो संस्थाले पत्रकार र पत्रकारिता क्षेत्रको विकासका लागि मात्र काम गरेन, मुलुकमा भएका सबैखाले अग्रगामी राजनीतिक परिवर्तनमा पनि महत्वपूर्ण भूमिका खेल्यो। जहाँ नागरिक स्वतन्त्रता हुन्छ, त्यहाँमात्र प्रेस स्वतन्त्रता सुनिश्चित हुन्छ भन्ने मान्यताका आधारमा महासंघले आफूलाई राजनीतिक परिर्वतनमा समेत कुनै न कुनै रूपमा जोड्दै लगेको छ।

तीस वर्षे पञ्चायती व्यवस्थामा तत्कालीन पत्रकार संघले प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको आन्दोलनको पक्षमा आफूलाई केन्द्रित गऱ्यो। पत्रकारिताका लागि निकै कठिन परिस्थिति रहेको पञ्चायती व्यवस्थामा संघको भूमिका पत्रकारको पक्षमा लड्दै राजनीतिक परिर्वतनलाई टेवा पुऱ्याउने थियो। पत्रपत्रिकाको दर्ता खारेजीदेखि पत्रकारलाई जेल हाल्नेसम्मको त्यो परिस्थितिमा पत्रकार संघको गतिविधि आफैंमा संघर्षपूर्ण थियो। त्यसताका संघको नेतृत्वमा रहेर अग्रजहरूले पुऱ्याएको योगदान र सामना गरेको चुनौती सामान्य थिएन। अहिले महासंघले हासिल गरेको उचाई विगतको नेतृत्वको त्याग र संघर्षको प्रतिफल हो।

समयसँगै महासंघको प्राथमिकतामा परिवर्तन र परिमार्जित हुँदै आएको छ। २०४६ सालको परिर्वतनपछि मुलुकमा प्रेस जगतको विकास लोभलाग्दो ढंगबाट अघि बढ्यो। मुलुकमा व्यावसायिक पत्रकारिताको विकाससँगै महासंघको प्राथमिकता र दायरा फराकिलो बन्दै गएको छ। श्रमजीवी पत्रकार ऐनको निर्माण र सूचनाको हकसम्बन्धी कानुन महासंघकै संघर्षको प्रतिफल हो। पत्रकारिताको विकास सँगसँगै पत्रकारको दक्षता अभिवृद्धि र व्यावसायिक तथा भौतिक सुरक्षा महासंघको प्राथमिकतामा पर्दै आयो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता महासंघको सम्झौताबिहीन एजेण्डाका रूपमा स्थापित भयो। दश वर्षे सशस्त्र विद्रोह, मधेश आन्दोलन र लामो संक्रमणकालीन राजनीतिक अवस्था महासंघको लागि कठोर अग्निपरीक्षा सावित भयो। महासंघले आफ्नो क्षमताले भ्याएसम्म पत्रकारको सुरक्षामा क्रियाशील हुँदाहुँदै पनि ३६

सहकर्मी पत्रकारलाई जोगाउन सकेन । धम्की, कुटपिट, कार्यस्थलबाट विस्थापित र स्वनियन्त्रणको समस्यासँग जुझ्दै महासंघ अघि बढ्नुपर्ने अवस्था आइनै रह्यो ।

सशस्त्र द्वन्द्वले निम्त्याएको समस्याहरूसँग जुझ्दै अघि बढिरहेको नेपाली प्रेसका सामु तत्कालीन राजा ज्ञानेन्द्रले चलाएको निरंकुशतन्त्र सामान्य चुनौती थिएन । राजाको कदमको पहिलो निशाना प्रेस थियो । त्यसपछि मात्रै राजनीतिक दल, नागरिक समाज र अन्य पक्षहरू थिए । २०४७ सालको संविधानले दिएको प्रेस स्वतन्त्रता सम्बन्धी अधिकारको धज्जि उडाउँदै शाही सरकारले प्रेसमाथि सेन्सरसीपमात्र लगाएन, पत्रकार र सञ्चार प्रतिष्ठानमाथिको धरपकड तीव्र बनायो । सेना र प्रहरी परिचालन गरेर दबाइएको प्रेस स्वतन्त्रताको पक्षमा लड्नु र मुलुकमा चलेको लोकतान्त्रिक आन्दोलनको पक्षमा उभिनु महासंघका लागि सजिलो पक्कै थिएन । तर पनि निरंकुशताको सामु नेपाली प्रेस झुकेन । महासंघको नेतृत्वमा गर्व गर्न लायक संघर्षलाई इतिहासमा दर्ता गऱ्यो ।

यतिबेला महासंघको २५ औं महाधिवेशनपछि निर्वाचित कार्यसमिति कार्यरत छ । महासंघकासामु अहिले पनि अनेकौ चुनौती विद्यमान छन् । प्रेस स्वतन्त्रता र पत्रकारको अधिकारको लागि गर्नु पर्ने प्रशस्त कामहरू बाँकी छन् ।  संगठनलाई संघीय संरचनामा विस्तार गर्नु र शुद्धीकरणको अभियानलाई अघि बढाउनु महासंघको प्राथमिकतामा छ । श्रमजीवी पत्रकार ऐनको व्यवहारिक कार्यान्वयनका लागि महासंघ दबावमूलक अभियानमा छ ।  नयाँ संविधानको निर्माणसँगै तीन तहको सरकारले निर्माण गर्ने ऐन नियम प्रेस स्वतन्त्रता मैत्री बनाउन आवश्यक छ । सञ्चारसम्बन्धी कानुनहरूको पुनर्संरचनामा नेपाली प्रेसको पक्षमा लबिङ गर्नु महासंघको प्राथमिकता र दायित्व हो । कानुनी रूपमै प्रेस स्वतन्त्रता सुनिश्चित हुनुपर्दछ । नयाँ मिडियाका रूपमा रहेको अनलाईनलाई प्रेस स्वतन्त्रतासहित व्यवस्थित र जिम्मेवार बनाउनु पनि महासंघको कर्तव्य हो । पत्रकारको दक्षता अभिवृद्धिका लागि संरचना निर्माण गर्ने कुरामा पनि महासंघको अग्रसरता आवश्यक छ ।

तेह्र हजार साधारण सदस्य रहेको महासंघ यतिबेला संरचनागत हिसावले पनि वृहत संगठनको रूपमा क्रियाशील छ । ती संरचनाहरूको व्यवस्थित परिचालन महासंघको दायित्व हो । महासंघको वृहत सञ्जालको सुव्यवस्थित परिचालनले नेपाली प्रेसको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुग्ने छ । यो सँगसँगै मुलुकको अग्रणी नागरिक संगठन हुनुको नाताले महासंघको जिम्मेवारी र दायरा फराकिलो छ  ।

व्यवस्था फेरिए पनि  प्रेस स्वतन्त्रताको सवालमा मानसिकता फेरिएको छैन् । सरकार,

राजनीतिक दल, न्यायालय र विभिन्न अपराधिक समूहबाट नेपाली प्रेस अहिले पनि असुरक्षित नै छ । भरपर्दो प्रेस स्वतन्त्रताको वातावरण निर्माण गर्नु महासंघको प्राथमिकताको विषय हो । नयाँ संविधान जारी भइसकेपछि प्रेस स्वतन्त्रता हननका घटनालाई केलाउने हो भने सुरक्षाका दृष्टिले नेपाली प्रेस अहिले पनि सन्तोषजनक अवस्थामा आइपुगेको छैन् । महासंघ अहिले पनि प्रेस स्वतन्त्रतामाथि आउने चुनौतीको विरुद्ध संघर्षरत छ । विपक्षमा रहँदा प्रेस स्वतन्त्रताको पक्षमा देखिने र सत्तारुढ भएपछि प्रेसलाई कुनै न कुनै कोणबाट नियन्त्रण गर्नुपर्दछ भन्ने चाहना राख्ने दोहोरो चरित्र राजनीतिक दलहरूमा कायमै छ । समाचारको स्रोतसम्म सञ्चारकर्मीलाई सहज पहुँच नदिने र नियन्त्रित सूचना प्रवाह गर्ने मानसिकता सरकारी संयन्त्रमा छ ।

महासंघ आफ्नो एजेण्डा र दायित्वमा प्रतिबद्ध छ । प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको हक-अधिकार, नीतिगत प्रष्टता, लोकतन्त्र र नागरिक दायित्वका विषयमा महासंघमा कुनै विचलन छैन । समग्रमा नेपाली मिडियाको नेतृत्व महासंघले गर्ने छ । पुर्खाले निर्माण गरेको गर्बिलो इतिहासको जगमा वर्तमानमा गर्नुपर्ने कामका बारेमा महासंघ स्पष्ट र प्रतिबद्ध छ ।

छाता संगठन हुनुको नाताले राजनीतिक विचार र आस्थाभन्दा माथि उठेर काम गर्ने परम्परा रहेकै कारण महासंघ आमसञ्चारकर्मीहरूको साझा आस्थाको केन्द्र बनेको छ । वर्तमान नेतृत्व पनि महासंघको विशिष्ट र साझा चरित्रभन्दा बाहिर किमार्थ हुन सक्दैन । महासंघलाई महासंघ जस्तै बनाउन र सबै पक्षलाई समान रूपमा समेटी नेपाली मिडियाकासामु देखिएका चुनौती सामना गर्न अहिलेको नेतृत्व प्रतिबद्ध र सक्षम छ ।

***(विष्ट नेपाल पत्रकार महासंघका महासचिव हुनुहन्छ) ।***

# श्रमजीवी पत्रकारका अधिकार निल्ने प्रपञ्च

**रामप्रसाद दाहाल**

## आरम्भ

नेपाली मिडियामा श्रम गर्ने श्रमजीवी पत्रकार, कामदार र कर्मचारीलाई लक्षित गरी बनाइएको श्रमजीवी पत्रकार ऐन-२०५१ र श्रमजीवी पत्रकारसम्बन्धी नियमावली-२०५३ को कार्यान्वयनको अवस्था लज्जाजनक छ। मिडिया हाउसहरू यो ऐन र नियमावली कार्यान्वयन नगरेर कानुन उल्लंघनमा बहादुरी देखाइरहेका छन्, सरकार तमासे बनिरहेको छ। कुनै पनि अपराधमा संलग्न मानिसले कानुन थाहा नपाएकाले नकाम गरेछु भन्यो भने न्यायालयले त्यसलाई क्षमा दिँदैन, दण्डित गर्ने फैसला सुनाउँछ। मिडियाका हकमा यो सिद्धान्त लागू भएको देखिँदैन। किन ? यो प्रश्नको उत्तर व्यावहारिक बनेर खोजिनु पर्दछ। र, ज्याला अर्थात पारिश्रमिकसँग जोडिएर मात्र श्रमका अरू प्रावधानहरू लागू हुने सर्वप्रथम विभिन्न देशमा अभ्यासहरूलाई  संक्षेपमा चर्चा गरौं।

## श्रम सिद्धान्तहरू र प्रयोग

श्रम सिद्धान्तले भन्छ- बलपूर्वक काममा लगाउन हुन्न, बिनापारिश्रमिक कसैले कसैलाई काम लगाउन मिल्दैन, थोरै पारिश्रमिकमा काममा लगाउन हुँदैन, समान काममा समान ज्याला दिनुपर्छ, समान काममा स्त्री र पुरूषमा समान पारिश्रमिक हुनुपर्छ तथा निश्चित मापदण्डका आधारमा न्यूनतम पारिश्रमिक तय गर्नुपर्छ।

यसलाई अलि फराकिलो रूपमा हेर्दा श्रम संगठनको प्रस्तावना, १९१९ मा श्रमिकको पर्याप्त पारिश्रमिक हुनुपर्छ भनिएको छ।  फिलाडेल्फिया घोषणा पत्र, १९४४ मा मजदुरलाई कम्तिमा दिनुपर्ने तलबको निर्धारण हुनुपर्ने उल्लेख गरेपछि विभिन्न देशका सरकारहरूले मजदुरको ज्याला तोक्ने प्रचलन १९२८ देखि सुरू गरेको पाइन्छ।

न्यूनतम पारिश्रमिक शब्दको प्रयोग सन् १९७० मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले जारी गरेको आइएलओ कन्भेन्सन नम्बर १३१ मा सुरू भएपछि यो विश्वभर प्रचलनमा आयो। र, सो अभिसन्धीलाई नेपालले सन् १९७४ मा अनुमोदन गरेको छ। अभिसन्धी अनुमोदन गरिसकेका राज्यहरूले श्रमिकहरूको न्यूनतम पारिश्रमिक तोक्नु पर्ने र सोभन्दा कममा काममा लगाउन नपाइने प्रावधान सो अभिसन्धीको धारा १ (१) मा उल्लेख छ।

आइएलओले अहिले यो प्रावधान लागू गराउन अभियान नै सञ्चालन गर्दै आएको पाइन्छ, जसलाई आइएलओ मोडल वा त्रिपाटेल मोडल पनि भनिन्छ। कर्पोरटिज्म अपनाएका मुलुकहरूमा यसलाई प्रयोगमा ल्याइएको छ, जहाँ सरकार, कामदार र रोजगारदाताको बराबर प्रतिनिधि राखिएको समितिमार्फत पारिश्रमिक निर्धारण गरिन्छ। करार प्रणाली अर्थात कामको आधारमा ज्यालाको मोडल पनि छ, जुन पुरानो भइसकेको छ। खासगरी नियो कर्पोरटिज्म, जुन नर्डिक राष्ट्रहरूमा प्रचलनमा छ। अहिले न्यूनतम ज्याला वा स्वनियमन मोडल पनि प्रयोगमा छ।

आइएलओ मोडलमा ट्रेड युनियनको दर्ता र खारेजी सरकारले गर्छ, श्रम विवाद न्यायालयले समाधान गर्छ। उदाहरणको लागि अष्ट्रेलियामा श्रम विवाद सन् १९९० देखि द अस्ट्रेलियन इण्डस्ट्रियल रिलेसन कमिसनले गर्दै आएको छ, यसलाई स्थायी र स्वायत्त ट्रिबुनका रूपमा लिइएको छ।

नर्डिक मुलुकहरूमा हेर्ने हो भने श्रम मामिलामा सरकारको भूमिका न्यून छ, जहाँ वाइपार्टी मोडल अपनाइएको छ। र, ज्याला निर्धारण पनि रोजगारदाता र कामदारका प्रतिनिधिले गर्दछन्, संयुक्त अनुगमन समिति छ, ट्रेड युनियनको दर्ता र खारेजी संयुक्त समितिले गर्छ। श्रम विवाद वार्ताद्वारा समाधान हुन्छ, चित्त नबुझ्ने पक्ष अदालत जान सक्ने प्रावधान छ।

अमेरिकालाई हेर्ने हो भने करार मोडल अपनाउने देशको रूपमा चित्रण गर्न सकिन्छ। जहाँ श्रम विभागले घण्टा, दिन र महिनाको तल्लो ज्याला दर तोकिदिन्छ, श्रम विभागले नै अनुगमन गर्छ। श्रम विवादमा वार्ता, मेलमिलाप र मध्यस्थताद्वारा समाधान विभागबाटै हुन्छ। भलै नेपालमा जस्तो अमेरिका या बेलायतमा श्रमजीवी पत्रकार शब्दावली प्रयोग गरेको पाइदैन। अमेरिकामा त पत्रकारलाई 'धनी हुन पत्रकारितामा नजाउ, त्यो कहिल्यै सम्भव हुने छैन, यो निश्चित कुरा हो' भनिन्छ। यतिमात्र होइन 'पत्रकारसँग दैनिक जीवनमा तालिका हुँदैन' पनि भनिन्छ। यद्यपि तथ्यहरूले भन्छ- अमेरिकी पत्रकारले वार्षिक १८ देखि ५० हजार डलरसम्म पारिश्रमिक पाउँछन।

बेलायतमा मिडिया हाउसलाई पनि उद्योगकै परिभाषाभित्र पारिएको छ। सन् १९९३ मा दी वेज काउन्सिल खारेज गरी नौ सदस्यीय द लो पे कमिसन गठन गरियो। सो आयोगमा ट्रेड युनियन, रोजगारदाता र श्रम बजार विशेषज्ञबाट तीन तीन जना प्रतिनिधि रहन्छन्। सन् २०१५ को तथ्यांक हेर्ने हो भने प्रतिघण्टा ६.७० डलर न्यूनतम पारिश्रमिक तोकेको पाइन्छ। तर, राज्यहरूमा भने ६.५० डलरबाट शुरू हुने उल्लेख छ।

युरोप र अमेरिकाको यो प्रचलनलाई दक्षिण एसियाली मुलुकहरूले पछ्याउन सकेको देखिँदैन । सञ्चार गृहहरूलाई उद्योगमा ल्याएको पाइदैन र, पृथक गरेको पनि पाइदैन । औद्योगिक मजदुर र सञ्चारकर्मीलाई एउटै कानुनले समेटेको पाइदैन । सन् १९५५ मा सञ्चारकर्मीका लागि छुट्टै ऐन ल्याउने पहिलो दक्षिण एसियाली मुलुक भने भारत हो । द वर्किङ जर्नालिष्ट एण्ड अदर्स न्यूज पेपर्स इम्प्लोइज (कन्डिसन अफ सर्भिस एण्ड मिसलेन्सेसियोस प्रोभिजन) एक्छ, १९५५ को दफा ९ ले वेज वोर्ड गठनको प्रावधान छ, जुन रोजगारदाता, श्रमजीवी पत्रकार र स्वतन्त्र व्यक्ति तीन तीन गरी नौ सदस्यीय हुन्छ । यसको अध्यक्ष भने उच्च वा सर्वोच्च अदालतको न्यायाधीश हुन्छन् । यो वोर्डले सार्वजनिक सूचना जारी गरी सुझाव माग गर्दछ, र प्राप्त सुझावका आधारमा सरकारलाई प्रतिवेदन बुझाउँछ । सरकारले सो प्रतिवेदनमा तोकिएको पारिश्रमिकको दरलाई घोषणा वा निर्णय गरेर राजपत्रमा प्रकाशित भएपछि लागू हुने गर्दछ । यदि नयाँ पारिश्रमिक पुनरावलोकन प्रतिवेदन आउन ढिला भए वोर्डले नै अन्तरिम पारिश्रमिक दर तोक्न सक्ने कानुनी प्रवन्ध छ ।

पाकिस्तानले पनि सन् १९६० मा समाचार कर्मचारी अध्यादेश जारी गऱ्यो भने सन् १९७३ मा द न्यूज पेपर इम्प्लोइज (कन्डिसन अफ सर्भिस) एक्ट जारी भयो । सो ऐनले प्रत्येक पाँच वर्षमा पारिश्रमिक वोर्ड गठन गर्ने प्रावधान समेटेको छ, जुन उच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्तिको अध्यक्षतामा गठन हुन्छ र कामदार र सञ्चार गृहका सञ्चालक समान संख्यामा रहन्छन् । वोर्ड गठन भएको १८० दिनभित्र प्रतिवेदन दिनु पर्छ र सरकारले एक महिनाभित्र निर्णय गरी राजपत्रमा सूचना प्रकाशन गरेपछि लागू हुने प्रावधान छ ।

## नेपालमा न्यूनतम पारिश्रमिक

पत्रकारिताले लामो उकाली ओराली पार गर्दै २०४६ को राजनीतिक परिवर्तनपछि व्यावसायिक आकार ग्रहण ग्रहण गरेको देखिन्छ । प्रजातन्त्र पुनर्स्थापनाकै कारण श्रमिकको समस्या सम्बोधन गर्न २०४८ सालमा श्रम ऐन आयो । धेरै अधिकार प्राप्त हुने भए पनि यो ऐनमा वौद्धिक श्रमिकका नाताले श्रमजीवी पत्रकार जोडिन चाहेनन् र, श्रमजीवी पत्रकारले छुट्टै ऐनमा जोडबल गरिरहे । फलतः श्रमजीवी पत्रकार ऐन-२०५१ आयो । सिद्धान्ततः यो ऐनमा श्रमसम्बन्धी धेरै कुरा समेटिएको छ । न्यूनतम पारिश्रमिक निर्धारण र आवश्यकताअनुसार पुनरावलोकन गर्ने समितिको प्रवन्ध पनि छ । भलै यो

प्रावधान ऐन लागू (?) भएको डेढ दशकपछि २०६५ सालमा मात्र लागू भयो । र, पहिलो पटक मिडियामा काम गर्ने श्रमजीवी पत्रकार, कामदार/कर्मचारीको न्यूनतम पारिश्रमिक निर्धारण गरियो । सुरेश आचार्य समितिले तहगत वर्गीकरण र न्यूनतमका आधारमा तहगत पारिश्रमिक वृद्धिको सिद्धान्त पनि दिएर गयो । तर, पछिल्ला समितिहरूले त्यसलाई लत्याउदै आएका छन् । खेम भण्डारीको समितिले २०७२ सालमा गरेको सिफारिसमा त्यसलाई पछ्याउन खोजिए पनि राजपत्रमा भने सिफारिसमा उल्लेखित महिना मरेको पहिलो साताभित्र बैकिङ प्रणालीबाट पारिश्रमिक भुक्तान गर्ने र न्यूनतमकै आधारमा तहगतमा पनि पारिश्रमिक समायोजन गर्ने जस्ता प्रावधान समावेश नगरेर धेरै श्रमजीवी पत्रकारहरूलाई धोखा दिइयो । आचार्य समितिबाहेक समितिले पद वर्गीकरणको काममा आँखा चिम्लेको छ । कानुनतः न्यूनतम पारिश्रमिक निर्धारण समितिको काम पद वर्गीकरण गर्ने र ती पदको न्यूनतम पारिश्रमिक निर्धारण गरी सरकारलाई सिफारिस गर्ने हो । तर, समितिले पहिलो काम बिर्सेर आमश्रमजीवी पत्रकारमाथि अपराध गरेको छ भने मिडिया सञ्चालकलाई डिस्काउन्ट दिएको छ । यही कारण पेशा प्रवेशीका लागि तोकिएको न्यूनतम पारश्रिमिक नै सबै श्रमजीवीको हो भन्ने मान्यता जबरजस्त स्थापित भएको छ र, पत्रकारितामा खारिएका अनुभवीहरूलाई निरुत्साहित गरेको छ ।

न्यूनतम पारिश्रमिकलाई आधारभूत तलबका रूपमा लागू नगरेर मिडिया हाउसहरूले कानुनको ठाडो उल्लंघन गरिरहेका छन् अर्थात श्रमजीवी पत्रकारको शोषण गरिरहेका छन् । शोषणविरूद्धको हक हरेक नेपाली नागरिकको मौलिक हक हो, र यो हक विरूद्धको अपराध राज्य विरूद्धको अपराध हो भन्दा अत्युक्ति नहोला ।

यसो भन्दैमा अगाडि नबढ्ने भन्ने होइन । त्यही कारण २०७२ सालमा प्रचलित बजार मूल्यको स्थिति, मूल्य वृद्धि, मानिसलाई चाहिने क्यालोरी, जीवनयापन र सञ्चार प्रतिष्ठानको क्षमता आदिलाई आधार मानेर पारिश्रमिक पुनरावलोकन सिफारिस भएको हो । फेरि पुनरावलोकन गर्न ढिला भइसकेको छ । बजारमा जनशक्तिको अभाव पत्रकारिता पेशाप्रतिको विकर्षण हो । अतः राजनीतिक संक्रमण खण्ड समाप्त भएर मुलुक स्थिरतातिर गएको, मुलुकको मुल मुद्दा नै आर्थिक समृद्धि बनिरहेको, न्यूनतम पारिश्रमिक समितिले हरेक वर्ष पारिश्रमिक वृद्धि गर्नुपर्छ भनेर आफ्नै प्रतिवेदनमा उल्लेख गरेको र श्रम ऐनले हरेक दुई वर्षमा पारिश्रमिक पुनरावलोकनको प्रावधान राखेको, त्यसैका आधारमा कानुनी उपचार खोज्न सकिने, पत्रकारिता क्षेत्रमा बढ्दो

जनशक्ति अभावलाई टार्न मिडियालाई आकर्षक पेशा बनाउन र खासगरी न्यू मिडियाले नयाँखाले आधारभूत पारिश्रमिक स्थापित गरिसकेको आधारमा पनि तत्काल श्रमजीवी पत्रकार, कामदार र कर्मचारीको पारिश्रमिक वृद्धि गर्नु न्यायोचित र समयसापेक्ष हुनेछ। यही कारण पारिश्रमिक वृद्धिका लागि नेपाल पत्रकार महासंघले निरन्तर दबाब सिर्जना गरिरहेको छ। योग्य/क्षमतावान, सृजनशील, उत्पादनशील, खोजमूलक सामग्री उत्पादन गर्न सक्ने जनशक्ति आकर्षित गर्न पनि यो कदम चालिएको हो।

## देखाइएको वास्तविकता, पत्याउन गाह्रो

श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाबारे न्यूनतम पारिश्रमिक निर्धारण समितिको अनुगमन प्रतिवेदन-२०७४ का अनुसार, न्यूनतम पारिश्रमिक नपाउनेको संख्या ३१ दशमलव ३ प्रतिशत छ। तहगत वर्गीकरणअनुसार त तलब तोकिएकै छैन। नियुक्तिपत्र पाउनेको संख्या ७४ दशमलव २ प्रतिशत मात्र छ। ४४ मात्र प्रतिशत स्थायी छन्। २६ दशमलब २ प्रतिशतलाई अहिले पनि श्रमजीवी पत्रकार ऐनले तोकेको पारिश्रमिकबारे जानकारी नै छैन। नियमित पारिश्रमिक हात पार्नेमा ६६ दशमलव ९ प्रतिशत छ। ४३ प्रतिशत सञ्चार प्रतिष्ठानले बिदाको व्यवस्था गरेका छैनन। ५७ दशमलव ७ प्रतिशत सञ्चार प्रतिष्ठानले ऐनले तोकेबमोजिम सेवासुविधा-बिदा, स्थायी, सञ्चयकोष, उपदान, उपचार खर्च, दशैं खर्च, संचित बिदा, आदि) दिएका छैनन्।

झण्डै ६० जिल्लाका श्रमजीवी पत्रकार, कर्मचारी, कामदारबीच औपचारिक अनौपचारिक अनुगमनमा सहभागी ७५६ जनाबाट लिएको उल्लेखित तथ्यांकले नेपाल पत्रकार महासंघका १३ हजार भन्दा बढी सदस्यको वास्तविकता झल्काउला ? पक्कै झल्काउदैन । तसर्थ सम्पूर्ण सदस्यमा पुगेर तथ्यांक संकलन नगरेसम्म यो तथ्यांक वरिपरि घुमेर समस्या समाधान हुन सक्दैन।

सर्वेक्षण तथा अनुगमनबाट ऐनका अधिकांश व्यवस्थाहरू कार्यान्वयन नभएको देखिएको छ। ऐनले श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको पेशागत सुरक्षा र जीवनवृत्तिका लागि गरेका तमाम व्यवस्थामध्ये नियुक्तिपत्र नदिई काममा लगाउन नपाइने र तोकिएको न्यूनतम पारिश्रमिकभन्दा घटीमा काममा लगाउन नपाइने प्रावधानसमेतको कार्यान्वयन अवस्था अत्यन्त नाजुक देखिन्छ।

न्यूनतम पारिश्रमिक, नियुक्तिजस्ता कुरामा समेत किचलो चलिरहेकाले ऐनमा उल्लेखित

स्थायी, सञ्चय कोष, उपदान, अध्ययन बिदा, बिमा, औषधी खर्च, बिमा, अशक्त वृत्ति र कल्याणकारी कोषजस्ता अन्य व्यवस्थाबारे बहस नै प्रारम्भ हुन सकेको छैन ।

## श्रमजीवी ऐन र नियमावली कार्यान्वयनको सवाल

न्यूनतम पारिश्रमिकको चर्चा गर्दा यसैको आधारमा तलब, दशै खर्च, ग्रेड, सञ्चय कोष, उपदान, बिदाको रकम, औषधी उपचार खर्च आदि प्राप्त हुने तथ्यलाई बिर्सनु हुँदैन । श्रमजीवी पत्रकार ऐन र नियमावलीका सेवा, सुविधा र सर्तहरू निकै सान्दर्भिक र वैज्ञानिक छन् । बेलायतमा बाल श्रम उन्मुलनका क्रममा सुरू भएको श्रम अधिकार विश्वव्यापी बनेको सन्दर्भमा खाँचो कार्यान्वयनको मात्र हो ।

समितिको अनुगमन प्रतिवेदन-२०७४ लाई हेर्दा सन्तोष मान्ने ठाउँ छैन । श्रमजीवी पत्रकार ऐन र नियमावली लागू नभएको नाङ्गो सत्य हो ।

## कार्यान्वयन कसरी त ? कस्ले के गर्ने ?

यो अहिलेको अहं प्रश्न हो । संसदले बनाएको ऐन कार्यान्वयन गर्ने दायित्व सरकार अर्थात निजामती प्रशासनको हो । सार्वजनिक नीतिका व्याख्याताहरूले भनेका छन्, कुनै पनि कानुन स्वतः कार्यान्वयनमा आएन भने सरकारले बल प्रयोग गरेरै भए पनि लागू गर्नुपर्छ । तर, हाम्रो सरकार यति रमिते छ कि कानुनका उल्लंघनकर्ताहरू समक्ष लम्पसार पर्छ र, उनीहरूकै इसारामा नाच्छ । श्रमजीवी पत्रकारहरूको आवाज कुल्चन्छ। उनीहरूको अधिकार संरक्षण गर्नुको साटो अधिकार कमजोर बनाउन चाहन्छ। सञ्चारसम्बन्धी छाता ऐन ल्याएर श्रमजीवी पत्रकार ऐन निल्न अहिले भइरहेको प्रपञ्च त्यसको गतिलो उदाहरण हो । नत्र सरकारले कानुन लागू गर्न नसक्ने हो भने त्यसको कारण दिन सक्नुपर्दथ्यो, कुन कुन पक्षले के के सहयोग गरेमा कानुन लागू गर्न सकिन्छ त्यो खुलस्त भन्न सक्नु पर्दथ्यो । मिडिया सञ्चालकले मानेनन भन्ने तर्क बेसुरको बासुरी बजाउनु सरह हो ।

अब मिडिया मालिकले ऐन वा नियमावली मानेनन भने सरकारले उनीहरूलाई सुविधा रोकेरै कार्यान्वयनमा बाध्य बनाउनु पर्दछ र, अनुगमनलाई प्रभावकारी तुल्याउन प्राप्त तथ्यांकलाई छड्के परिक्षण गरिनुपर्दछ । नेपाल पत्रकार महासंघले विगतमा जस्तो

ऐन र नियमावलीलाई राजनीतिक नारामात्र बनाउन छोड्नुपर्छ । र, कार्यान्वयन नगर्ने मिडिया हाउस र सरकार विरूद्ध कडा कदम चाल्नुपर्दछ । यसमा श्रमजीवीहरूले पनि हरतरहले साथ दिनुपर्दछ । जो सेवा सुविधाबाट लाभान्वित हुने हो त्यही आन्दोलनमा नआउने हो भने त्यस्तो आन्दोलन शसक्त हुनसक्दैन । विगतमा महासंघले श्रमिकको आन्दोलनका विरूद्ध उत्रने र महासंघकै नेतृत्वमा रहेकाबाट हाकिम वा मालिकको हैसियतले श्रमजीवी पत्रकारलाई दुःख दिने र निष्काशनसम्म गरेका दृष्टान्तहरू छन्, त्यस्तो विकृत अभ्यास अब दोहोऱ्याउनु हुन्न ।

महासंघले श्रमजीवी पत्रकारको पक्षमा उभिन नसक्दा विगतमा श्रमजीवी पत्रकारहरू अनौपचारिक मञ्चमा गोलबन्द भई सफल आन्दोलनहरू भएका छन् । अब ती आन्दोलनको सफलताबाट सिकेर महासंघ अगाडि जानुपर्दछ । मेरो जानकारीमा रहेको र म समेत संलग्न भएका सफल आन्दोलनलाई यहाँ स्मरण गर्न चाहन्छु ।

## सफलताबाट सिकौं

दोस्रो जनआन्दोलन सफल भएपछि केही श्रमजीवी पत्रकार मिलेर गठन गरेको 'श्रमजीवी पत्रकार संघर्ष' समितिले शाहीकालमा विभिन्न मिडियाबाट निष्काशित पत्रकारको क्षतिपूर्तिसहित पुनर्स्थापना र बक्यौता उठाउने आन्दोलन गरेको थियो । त्यस क्रममा धेरै मिडियामा धर्ना दिनुको साथै तालाबन्दी समेत गरिएको थियो । फलस्वरूप, कान्तिपुर, स्पेसटाइम्स दैनिक, राजधानी दैनिक, एचबीसी रेडियो, मेट्रो एफएमलगायत धेरै मिडियामा श्रमजीवीको पुनर्स्थापना भएको र क्षतिपूर्ति तथा बक्यौतासमेत उठेको उदाहरण छ ।

यस्तै २०७२ सालमा तत्कालीन अख्तियार प्रमुख लोकमान सिंह कार्की ट्राफिक जाममा परेको फोटो खिचेपछि पत्रकार सन्दीप योगीलाई निष्काशित गरेपछि पत्रकार महासंघको संलग्नता बिना नै श्रमजीवी पत्रकारहरूले आन्दोलन गरेर उनको पुनर्स्थापना गरेको स्मरण पनि गरौं । यस्तै श्रमजीवी पत्रकारका पक्षमा सम्मानित अदालतबाट पटकपटक भएका फैसला ऐतिहासिक छन्, तिनलाई नजिर बनाएर अगाडि बढ्दा बल नै मिल्नेछ । निष्काशित पत्रकारलाई पुर्नबहाली नगरेपछि अपहेलनाको फैसलामार्फत मिडिया सञ्चालकलाई जेल सजायसहित पीडितलाई क्षतिपूर्ति भराउने भनी भएका फैसलालाई हामीले नेपालमा मात्र होइन, अन्य देशका लागि समेत प्रेरणादायी मान्न सक्छौ ।

## पत्रकार महासंघ के गर्दैछ

२०७४ भदौंमा भएको महाधिवेशनबाट निर्वाचित पत्रकार महासंघको वर्तमान केन्द्रीय समितिले श्रमजीवी पत्रकारको आन्दोलनको ढाँचा बदलेको छ। विगतमा आन्दोलनका क्रममा प्रकाशन र प्रसारण प्रभावित पार्न' हुँदैन भन्ने मान्यताबाट उठेर महासंघले श्रम शोषण गर्ने कुनै एक मिडिया बन्द हुँदैमा जनताको सूचनाको हक हनन् हुने या प्रेस स्वतन्त्रता उल्लंघन हुने ठानिरहेको छैन। अब त्यो नारा घन्काएर कसैले आन्दोलन रोक्न नसक्ने स्थिति बनेको छ। त्यही मान्यतालाई अगाडि महासंघले श्रमजीवी पत्रकारका पक्षमा गरेको कार्यहरू यस प्रकार रहेका छः

- पहिलो पटक मिडिया हाउसहरूलाई दशैं खर्चसहित सबै बक्यौता चुक्ता गर्न, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न सार्वजनिक आह्वान गऱ्यो । आह्वान नमान्ने काठमाडौंका ठूला मिडिया हाउसलाई कारबाही गर्न प्रेस रजिष्ट्रारलाई लेखी पठाएको।
- लामो समयदेखि कमाण्डर पोष्ट दैनिकबाट बक्यौता रकम उठ्न नसकेका श्रमजीवी पत्रकारहरूको मागबमोजिम सो पत्रिकाका प्रकाशकलाई महासंघमै बोलाई बक्यौता रकम -आंशिक) दिलाएको। बक्यौता भुक्तानका लागि कानुनी कारबाही गर्न प्रेस रजिष्ट्रारलाई लेखी पठाएको।
- महासंघको माउन्टेन टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष रामेश्वर सापकोटालाई निष्काशन गर्ने नियतले विराटनगर सरूवा गरिएकोमा पुनः काठमाडौं मै फर्काएको।
- श्रमजीवी हित प्रवर्द्धन समितिमार्फत न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई पारिश्रमिक पुनरावलोकनलाई ध्यानाकर्षण गराएको।
- रेडियो नेपालबाट निष्काशित २५ जना श्रमजीवीको पुनर्बहाली गराएको।
- हिमालयन टेलिभिजनमा तालाबन्दीसमेत गर्नेगरी समितिले आन्दोलन गरेपछि निष्काशित पत्रकारको पुनर्स्थापनाका साथै पुरानै जिम्मेवारीमा फर्काएको र श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा उल्लेखित स्थायी, सञ्चय कोष, बिदालगायतका सुविधा प्राप्त गर्ने तालिकासहितको सम्झौता गरिएको।
- नेपाल एफएममा लामो समयदेखिको पारिश्रमिक र ऐन तथा नियमावली अनुसारको सेवा सुविधा दिलाउन श्रमिक दिवसकै दिन आन्दोलन शुरू गर्ने तय।

**जनकपुरमा सम्पन्न नेपाल पत्रकार महासंघको केन्द्रीय समिति बैठकले केही ऐतिहासिक निर्णय गरेको छ :**

१. श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयन नभएका र श्रम समस्या देखिएका मिडिया हाउसमा तालाबन्दीसम्मका आन्दोलन गर्ने सिद्धान्त पारित ।

२. श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयनका लागि अध्यक्ष, उपाध्यक्षहरू र महासचिवको नेतृत्वमा सञ्चार गृहहरूको भ्रमण तय ।

३. स्ट्रिन्जरलाई समेत न्यूनतम पारिश्रमिकको मापदण्डमा ल्याउने ।

४ न्यूनतम पारिश्रमिक तथा श्रमजीवी पत्रकार ऐन पालना नगर्ने मिडियालाई नामै किटेर कानुनबमोजिम कारबाही गर्न लेखी पठाएकोमा प्रगति नभएकाले प्रेस रजिष्ट्रारलाई पुनः पत्राचार गर्ने र कारबाहीको कदम नचाले प्रेस रजिष्ट्रार विरूद्ध दबाबमूलक कार्यक्रम शुरू गर्ने योजना चैत महिनाभित्रै तय गर्ने । निर्णय अनुसार श्रमजीवी हित प्रवर्द्धन समितिले प्रेस रजिष्ट्रारलाई भेटी आन्दोलनको चेतावनीसमेत दिइसकेको ।

५. महासंघलाई ट्रेड युनियनमा रूपान्तरण गर्न पर्याप्त पहल गर्ने कार्यसूची अनुरूप महासचिवबाट मिडिया सोसाइटीका पदाधिकारीलाई एक मिनेट पनि बिलम्ब नगरी महासंघको सदस्यता स्थगन भएको पत्र लेख्ने । र, प्रतिष्ठान शाखालाई ट्रेड युनियनमा दर्ता गर्न पत्राचार गर्ने

६. प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकार ऐन कार्यान्वयनमा समेत समस्या आउने देखिएकाले महासंघले संस्थागत रूपमै नेपाल सरकारलाई आफू मातहत सञ्चालित मिडियालाई पब्लिक कम्पनीमा लाने र कुनै पनि तहका सरकारले सञ्चारमाध्यम सञ्चालन नगर्ने वातावरणका लागि अध्यक्षबाटै तत्काल पहल लिने ।

७. महासंघमा आएका र आउने न्यूनतम पारिश्रमिक, नियुक्ति, समयमा तलब भुक्तानीलगायतका उजुरीहरूमा गम्भीरतापूर्वक लाग्ने ।

८. नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकार ऐनलाई छाता ऐनमा राख्न नदिन पहल लिने

९. महासंघका सबै सदस्यमा पुगी श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयनको वास्तविक तस्विर आउने गरी अनुसन्धान गरी प्रकाशनसमेत तयार पार्ने ।

**र अन्त्यमा,**

उल्लेखित कार्ययोजना महासंघको अर्को बैठकसम्ममा पहल लिने र सम्भव भएका कुरा कार्यान्वयनमा लाने गरी पारित भएको हो । केही काम सम्पन्न भएका छन् भने केही बाँकी छन् ।

महासंघको पहलमा श्रमजीवी पत्रकारहरूको साथ अनिवार्य छ । अन्यथा श्रमजीवी पत्रकारको अधिकार प्राप्तिको आन्दोलन अपुरो हुनेछ, जसले पेशागत सुरक्षामा समेत असर पार्नेछ ।

महासंघले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि दबाबमूलक आन्दोलन थालिरहेको बेला सरकारले भने सो ऐन नै खारेज गर्ने प्रपञ्च गरिरहेको छ । सञ्चारसम्बन्धी छाता ऐनका नाममा ऐनमा रहेका अधिकार निल्ने प्रपञ्च विरूद्ध पत्रकार महासंघ, सरोकारवालाहरू र श्रमजीवी पत्रकारहरू जागरुक भएर आवाज उठाउने र आवश्यक परे सडक आन्दोलनमा उत्रन तयार रहनुपर्ने अवस्था छ । अधिकार सजिलै प्राप्त हुने कुरा होइन, यो खोसेर लिनुपर्दछ । अब श्रमजीवी पत्रकारहरूलाई आह्वान गर्नै पर्ने भएको छ, आफ्नो अधिकारको पक्षमा सचेत बन, नडराउ, बोल, खोसेर अधिकार लेऊ ।

श्रमजीवी पत्रकारसँग दुई वटामात्र बाटा छन्, एउटा उल्लेखित कदम चाल्ने, अर्को शोषण र पीडामै तडपिरहने । छनौट हाम्रो हो ।

***(दाहाल नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ) ।***

# आमनिर्वाचन र नेपाली मिडिया

**राजेश मिश्र**

वर्ष २०७४, चुनावी वर्षका रूपमा चिनियो । वर्षभरि नै विभिन्न चुनावहरू भइरहे । वडा सदस्यदेखि राष्ट्रपतिसम्मको निर्वाचन भएर राज्यका हरेक निकायहरूमा जनताबाट चुनिएका जनप्रतिनिधि वहाल भए । संयोग नै मान्नुपर्छ, नेपाल पत्रकार महासंघको २५औं महाअधिवेशन पनि त्यही वर्ष भयो ।

समाज चलायमान भएका वेला अर्थात् कुनै प्रकारको सकारात्मक/नकारात्मक गतिविधि बढेका बेला पत्रकारहरूको सक्रियता पनि स्वभाविक रूपमा बढेर जान्छ । पछिल्लो पूरा वर्ष त्यही भयो । समाज सकारात्मक रूपमा तीव्र चलायमान थियो । संविधानले निदृष्ट गरेको संघीयताको तीन तहका चुनावहरू जो भए । थर्ड वर्ल्ड अझ दक्षिण एसियामा अझै पनि आम निर्वाचनहरू सहज र सामन्य रूपमा हुने गर्दैन । समाजमा पूरा पूरा राजनीति हावी हुने, दलहरू ध्रुविकृत हुने र त्यसको प्रभाव आम मानिससम्म प्रत्यक्ष देखिने गर्छ । समाज पनि दल वा उम्मेदवारलाई लिएर फरक-फरक गोलबन्धमा बाँडिएका हुन्छन् । त्यस्तो बेलाको पत्रकारिता चुनौतीपूर्ण हुन्छ । अनेकन चुनौतीका बीच पनि नेपाली पत्रकारहरू र समग्र मिडिया चुनावको सफल रिपोर्टिङ गर्न सफल भएको छ । निर्वाचनका बेला नेपाली मिडियामाथि गरिएको अनुगमनका रिपोर्टहरूले पनि त्यसलाई पुष्टि गरेको छ ।

यरोपियन युनियनले निर्वाचनका बेला नेपाली सञ्चार जगतको पनि अनुगमन गरेको थियो र उसले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ - ...अनुगमनको निष्कर्षबाट सार्वजनिक तथा निजी प्रसारक र समाचारपत्रहरूले सामान्यतया सन्तुलित समाचार दिएको र तीनवटा मुख्य दलहरूबीच प्रसारण समय र प्रकाशनको स्थानको वितरण यथोचित समानुपातिक रहेको पाइयो । अनुगमन गरिएका सामग्रीहरू सबै समाचार र निर्वाचनसँग सम्बन्धित सूचना थिए । समग्र रूपमा यो तटस्थ शैलीमा प्रस्तुत गरिएको थियो ।' ईयूले छापा, रेडियो र टिभी गरी १३ वटा सञ्चारमाध्यमको अनुगमन गरेको थियो । ती अनुगमन खासगरी काठमाडौंबाट प्रकाशित/प्रसारित हुने ठूला सञ्चार गृहको मात्रै हो । जसको पहुँच राष्ट्रव्यापी छ ।

अन्तर्राष्ट्रिय अनुगमनकर्ताबाट नेपाली सञ्चार जगतका बारेमा गरिएको उक्त टिप्पणीले नेपाली पत्रकारिता थप परिपक्व र व्यावसायिक हुँदै गएको देखाएको छ ।

## मिडियाको सकारात्मक भूमिका

संविधानले २०७४ मंसिर ७ गतेभित्र स्थानीय तह, प्रदेशसभा र संघीय संसद्को चुनाव भइसक्नुपर्ने परिकल्पना गरेको थियो। उक्त अवधिभित्र चुनाव नभए राजनीतिक अस्थिरता उत्पन्न हुने संशय व्याप्त थियो। साथै, २०७२ असोज ३ गते संविधानसभाबाट जारी भएको संविधानको औचित्यमाथि नै प्रश्न उठाइने सम्भावना थियो। मुलुकको राजनीति स्थिर थिएन। सरकार फेरबदलका घटनाहरू भइरहेका थिए। संविधान जारी भएयता चुनावबाट नयाँ सरकार गठन नहुन्जेल चारवटा प्रधानमन्त्री फेरिए। त्यस्तो राजनीतिक स्थिरताले चुनाव नहुने आशंका राजनीतिक वृत्त र सिंगो समाजमा व्याप्त थियो। नेपाली मिडिया पनि त्यसबाट अछुतो थिएन। पहिले स्थानीय चुनाव हुने कि, प्रदेश वा प्रतिनिधिसभाको चुनाव त्यसैलाई लिएर राजनीतिक वृत्तमा अन्तरद्वन्द्व चलिरहेको थियो। त्यतिमात्रै होइन, पुनर्संरचनाको काम भइसक्दा पनि पुरानै संरचनाका स्थानीय निकायको चुनाव गराउने कि नयाँ संरचनामा जस्ता बिवादले पनि ठाउँ पाइरहँदा चुनाव अनिश्चित बनिरहेको थियो।

यो साता, अर्को साता चुनावको मिति तोकिने सरकारी प्रतिवद्धता मात्रै आइरहेका थिए। तर, चुनावको मितिसम्म तोक्ने काम नभइरहेका बेला नेपाली मिडियाले चुनाव तिरै देशलाई डोऱ्याउन एकछत्र कलम चलाइरह्यो। चुनाव नभए आउन सक्ने चुनौतीहरूबारे सरकार र राजनीतिक दललाई भनिराख्यो। जसको पहिलो परिणाम आयो- तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०७३ फागुन ९ गते घोषणा गऱ्यो २०७४ बैशाख ३१ गते स्थानीय तहको निर्वाचन हुने।

चुनावको मिति आयो, निर्वाचन आयोगले आफ्नो काम सुरु गऱ्यो। तर, नेपाली समाजमा चुनाव हुने/नहुने संशय उस्तै व्याप्त थियो। नेपाली मिडिया नै हो, जसले निरन्तर चुनावी माहौल बनाउने काम गरिरह्यो। चुनावको मिति घोषणा भएदेखि सिंगो समाजलाई चुनावमा होमिने वातावरणको निर्माण गर्न पत्रकारहरूले खेलेको भूमिका प्रशंसा निर्वाचन आयोगले पनि पटक-पटक गरेको छ। मतदाताहरूलाई निर्वाचनको सम्पूर्ण प्रक्रियाबारे अवगत गराउन मतदाता शिक्षाको काम पनि मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। बैशाख ३१, असार १४ र असोज ३ गतेसम्पन्न स्थानीय तह निर्वाचनको रिपोर्टिङमा व्यस्त रहेकै बेला मिडियाले प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका लागि सरकारलाई घच्घच्याउन थालेको थियो।

निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन होस् वा निर्वाचनसम्बन्धी कानुनहरूको निर्माणमा भइरहेको ढिलासुस्ती बारेको निरन्तर दबावमूलक रिपोर्टिङहरूको परिणाम पनि थियो सरकारले ती विषयहरूमा सुस्तरी भए पनि काम गर्दै गयो । प्रदेशसभा र प्रतिनिधिसभाको चुनावका पूर्व तयारीहरू देखि, मिति घोषणा र मिति घोषणा पछिका सम्पूर्ण तयारीहरूमा सञ्चारकर्मीको प्रभावकारी रिर्पोटिङ पनि निर्वाचन सफलतामा सहायक बनेको थियो ।

नेपाल पत्रकार महासंघको निर्वाचन मिडिया मिसनको प्रतिवेदनले पनि त्यस कुराको पुष्टि गरेको छ। मिसनको रिपोर्टमा भनिएको छ- मिडियामा आएका अधिकांश सामग्री निर्वाचनको वातावरण सिर्जना गर्ने र निर्वाचनलाई निष्पक्ष, भयरहित र पारदर्शी बनाउन सहयोग पुग्ने खालका रहेको पाइयो ।

सातवटा प्रदेशसभाहरू र प्रतिनिधिसभाको निर्वाचन एकै साथ भएका थिए । मसिंर १० गते र २१ गते दुई चरणमा भएका निर्वाचनमा मतदान पूर्व, मतदानका दिन र मतदानपछि गणनाका बेला पत्रकारहरूको सक्रियता बढेको थियो । चुनाव वहिष्कार गरेका नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका आफ्नै खालका कार्यक्रमहरू सञ्चालित थिए। कतै-कतै हिंसात्मक घटनाहरू पनि भइरहेका थिए भने स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन बहिष्कार गरेको राष्ट्रिय जनता पार्टीबाट पनि ती चुनावमा चुनावबिरोधी कार्यक्रमहरू चलाइएका थिए। चुनाव विरोधी ती गतिविधिहरू पत्रकारका लागि चुनौतीपूर्ण थियो। ती चुनौतीहरूलाई कुशलतापूर्वक सन्तुलनमा राख्दै चुनावको पक्षमा समग्र नेपाली मिडिया उभिएको थियो ।

सञ्चारकर्मीको त्यही सक्रियताको पनि परिणाम थियो नेपाली सञ्चार जगतले अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरूबाट प्रंशसा पाएको छ।

## पत्रकार महासंघको भूमिका

नेपाल पत्रकार महासंघ देशैभरका पत्रकारहरूको छाता संगठन हो। आफ्ना १३ हजार सदस्यको मात्रै होइन, सदस्य नरहेका पत्रकारहरूको पनि अभिभावकत्व महासंघले ग्रहण गर्छ। र, परेका बेला हरेक पत्रकारसँग काँधमा काँध मिलाएर अघि बढ्न सक्रिय मात्रै हुँदैन। पत्रकारका अगाडि आइपर्ने चुनौतीहरूको सामना गर्न, समाधान गर्न पहलकदमी लिन्छ। निर्वाचनका बेला पनि महासंघ आफ्नो दायित्वप्रति सचेत रह्यो र आवश्यक

भूमिका खेल्यो ।

समाज ध्रुविकृत भएका बेला पत्रकारमाथि आइपर्ने चुनौतीप्रति महासंघ सजग थियो । आम पत्रकारलाई चुनावका बेला सन्तुलित रिपोर्टिङका लागि उत्प्रेरित गर्न, चुनौतीहरूलाई न्यूनीकरण गर्न र समस्याहरूको समाधानका लागि महासंघले आफ्नो भूमिका निरन्तर खेलेको थियो ।

भदौ ९ गते नयाँ नेतृत्वले जिम्मेवारी सम्हालेको महिना दिनभित्रै प्रदेश नम्बर २ मा स्थानीय चुनाव हुँदै थियो । चुनाव अघि महासचिव रमेश विष्टको नेतृत्वमा प्रदेश नम्बर २ को ८ जिल्लामा खटिएको महासंघको मिसन टोलीले पत्रकारहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै देखा परेका समस्याहरू समाधानमा स्थानीय स्तरमै सरकारी अधिकारीहरूसँग समन्वय गरेको थियो ।

प्रदेश र प्रतिनिधिसभा निर्वाचनताका पनि सबै प्रदेशमा महासंघले आफ्नो मिसन टोली पठाएको थियो । उपाध्यक्ष दिलिप थापा मगरको नेतृत्वमा प्रदेश नम्बर १ र २, महासचिव रमेश विष्टको नेतृत्वमा प्रदेश नम्बर ३ र ४, अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा प्रदेश नम्बर ५ र ६ तथा अर्का उपाध्यक्ष विपुल पोखेलेको नेतृत्वमा प्रदेश नम्बर ७ मा मिडिया मिसन मंसिर ११ देखि १७ गतेका बीचमा एकैसाथ परिचालित भएको थियो । सरोकारवालाले आमसञ्चारमाध्यम र पत्रकारलाई कसरी लिएका छन्, लगायतका पक्षको बारेमा यथार्थ जानकारी हासिल गर्न र समस्या समाधानमा सक्दो सहयोग पुर्‍याई सूचनाको सहज प्रवाह, पत्रकारको सुरक्षा, पत्रकारिताको व्यावसायिक मूल्य मान्यता पालनामा सघाउने महासंघको मिसन टोलीको उद्देश्य थियो ।

टोलीले स्थानीय पत्रकार, पत्रकार महासंघका पदाधिकारी, स्थानीय प्रशासन, क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयका अधिकारी, सुरक्षा निकायका अधिकारी, राजनीतिक दल, उम्मेदवार, बुद्धिजीवी, नागरिक समाजलगायतका सरोकारवालाहरूसँग छलफल गरेको थियो । निर्वाचनमा मिडियाको भूमिका, पत्रकारलाई सूचनाको पहुँच छ कि छैन, पत्रकारहरू सुरक्षित छन् कि छैनन्, सेल्फसेन्सरसीप छ कि छैन, सरोकारवालाले आमसञ्चारमाध्यम र पत्रकारलाई कसरी लिएका छन्, आचारसंहिता पालना भएको छ कि छैन जस्ता विषयहरूमा मिसन टोलीले सरोकारवालाहरूसँग अन्तर्क्रिया गरेको थियो ।

## समस्या र समाधानका पहल

अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा सीमा लगाइएका थोरै घटनाहरू देखिए पनि निर्वाचन प्रचारप्रसार अवधिभर सञ्चार क्षेत्रको वातावरण सामान्यतया स्वतन्त्र थियो- ईयू सञ्चार अनुगमन प्रतिवेदनले औंल्याएको छ । उक्त प्रतिवेदनले भनेजस्तै प्रेस स्वतन्त्रतामै ठूलो बाधा उत्पन्न हुने खालका चुनौती भने यसपटक सञ्चार जगतले व्यहोर्नु परेन ।

सरकारले निर्वाचनका बेला ११ जना पत्रकारलाई बिना आधार प्रमाण पक्राउ गरेर थुनामा राखेको थियो । सुरक्षा निकायले उनीहरूमाथि ठोस आरोप लगाउन सकेका थिएन ।

निर्वाचनको विरोध र वहिष्कार गरेको नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट रहेको आशंकाका भरमा उनीहरू पक्राउ परेका थिए । पत्रकार महासंघले पत्रकार पक्राउका उक्त घटनाको निरन्तर विरोध गरेको थियो । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेर बिना आधार प्रमाण पक्राउ परेका ती पत्रकारहरूको रिहाईको माग गरेको थियो । साथै, कानुनी बाटोबाटै उनीहरूको रिहाईका लागि सर्वोच्चमा रिटसमेत दायर गरेको थियो । चुनाव सकिएपछि मात्रै उनीहरू अदालतको आदेशबाट थुना मुक्त भए । पत्रकारहरूको रिहाईका लागि सरकारलाई दबाब दिनेदेखि कानुनी लडाइँसमेत महासंघले लडेको थियो । थुनामा यातना दिई बिरामी भएका पत्रकार दीपेश शाहीलाई महासंघले उपचारका लागि १० हजार रुपैयाँ सहयोग गरेको थियो ।

चुनावी प्रचार-प्रसार चलिरहेका बेला एकजना उम्मेदवारको प्रचार-प्रसारको रिपोर्टिङमा खटिएका उदयपुरका पत्रकार नवराज पौड्याल उम्मेदवारलक्षित गराइएको बम विष्फोटमा घाइते भए । जसले महासंघलाई पत्रकारको सुरक्षालाई लिएर थप संवेदनशील बनायो । महासंघले कुनै उम्मेदवारको गाडीमा नहिँडी स्वतन्त्रढंगले र सतर्कतापूर्वक सुरक्षा सावधानी अपनाएर मात्रै चुनावी रिपोर्टिङमा सक्रिय रहन पत्रकारहरूलाई सार्वजनिक आह्वान गरेको थियो ।

निर्वाचन आयोगले सूचना विभागद्वारा जारी गरिएको प्रेस पास लिएका पत्रकारले मात्रै मतदान केन्द्र, गणना स्थलमा पुगेर रिपोर्टिङ गर्न पाउने तथा सवारी साधनको पास पाउने गरी जारी गरेको निर्देशनले आमपत्रकारलाई समस्यामा पारेको थियो । जिल्लामा सूचना विभागले जारी गरेका प्रेस पास निकै कम हुने भएकाले पत्रकारलाई चुनावी रिपोर्टिङमा समस्या आउने देखेपछि महासंघले निर्वाचन आयोग, सूचना विभाग र जिल्लास्थित

मुख्य निर्वाचन अधिकृतको कार्यालयदेखि प्रमुख जिल्ला अधिकारीसम्मलाई प्रेस पास नभएकाको हकमा महासंघको जिल्ला शाखाको सिफारिसलाई मान्यता दिन आग्रह गरेको थियो । सोही अनुरुप जिल्ला जिल्लामा सरकारी अधिकारीहरूबाट सहयोगसमेत प्राप्त भयो भने पासका लागि सिफारिस गर्ने महासंघका जिल्ला शाखाहरू पनि जिम्मेवार देखिएका थिए । महासंघको केन्द्रीय कार्यालयले लिने निर्णयहरूको कार्यान्वयनमा तथा मिसन टोलीको कामका साथै समस्याको समाधानमा स्थानीय तहमा जिल्ला शाखाले खेलेको भूमिका प्रशंसनीय रह्यो ।

अर्कोतिर, अध्ययनहरूले नेपाली मिडियामा अझै थप परिपक्कता आवश्यक देखाएको छ । निर्वाचनका क्रममा कतिपय मिडिया पूर्वाग्रहीसमेत रहेको पाइयो । ईयूको रिपोर्टले पनि भनेको छ- जिल्लास्तरका निजी रेडियो स्टेसनहरू राजनीतिक झुकाव राख्ने गरेको व्यापक विश्वास गरिन्छ । निर्वाचनका बेला पत्रकार महासंघले गरेको स्थलगत अध्ययनको प्रतिवेदनले पनि मिडिया निश्चित पार्टी र उम्मेदवारको पक्षमा लाग्दा मिडियाको विश्वसनीयतामा प्रश्न उठेको औंल्याएको छ ।

निर्वाचनका बेला पत्रकार तथा सञ्चारमाध्यम सहित सिंगो पत्रकारिता क्षेत्रको विश्वसनीयता र साख कसरी बचाउन सकिन्छ भन्ने चिन्ता र चासो महासंघको थियो । महासंघले आवश्यकता पर्दा विज्ञप्ति निकालेर, अन्तर्क्रिया गरेर तथा सरोकारवालासँग छुट्टै भेटघाट गरेर त्यस विषयमा आफ्नो चासो प्रकट गरेको थियो ।

## महासंघ मिसनले अवलोकन गर्दा फेला परेका तथ्यहरू

- मिडियाले प्रतिनिधिसभा र प्रदेशसभासम्बन्धी समाचार तथा विचारलाई महत्वका साथ प्रकाशन तथा प्रसारण गरेको पाइयो । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, राजनीतिक दलका एजेण्डा, उम्मेदवार, आचारसंहिता पालना, निर्वाचन खर्च, र ाजनीतिक दल तथा उम्मेदवारको प्रचार-प्रसारलगायतमा मिडियाले उल्लेखनीय रुपमा सूचना प्रवाह गरेको पाइयो । मिडियामा आएका अधिकांश सामग्री निर्वाचनको वातावरण सिर्जना गर्ने र निर्वाचनलाई निष्पक्ष र भयरहित र पारदर्शी बनाउन सहयो ग पुग्नेखालका रहेको पाइयो ।
- निर्वाचनका क्रममा कतिपय मिडिया पूर्वाग्रही रहेको पाइयो । मिडिया निश्चित पार्टी र उम्मेदवारको पक्षमा लाग्दा मिडियाको विश्वसनीयतामा प्रश्न उठेको पाइयो ।

निर्वाचनका बेला निष्पक्ष रूपमा प्रस्तुत भएर मिडियालाई साख बढाउने र पत्रकार लाई आइपर्ने चुनौतीलाई न्यूनीकरण गर्ने अवसर थियो । तर, त्यसलाई कतिपय मिडियाले सदुपयोग गरेको पाइएन । मिडियाहरू पूर्वाग्रही रूपमा प्रस्तुत हुँदा सुरक्षा चुनौतीसमेत थपिएको सुरक्षा अधिकारको भनाइ छ ।

- पत्रकारले सत्य-तथ्य लेख्नुपर्ने र निष्पक्ष रूपमा प्रस्तुत हुनुपर्ने हो । तर, कतिपय पत्रकारहरू दलीय रूपमा विभाजित भएको पाइयो । छलफलका क्रममा कतिपय अनलाइन कुनै व्यक्ति वा पार्टीप्रति असाध्य पूर्वाग्रही र समर्थक भएको धारणा पनि आएको छ । त्यस्तै मिडियाले एउटा पक्षको समाचार तथा विचार प्रस्तुत गर्ने, विज्ञापन प्रस्तुत गर्ने गरेको पाइयो । छलफलमा सहभागीले पत्रकार आफ्नै कारणले पनि सुरक्षा खतरामा रहेको धारणा व्यक्त गरेका थिए । केही पत्रकारले भने आफूहरू सन्तुलित रूपमा प्रस्तुत हुन खोज्दा–खोज्दै पनि हुन नसकेको बताए । एकपक्षीय रूपमा विज्ञापन दिने, आफ्नो पार्टीको पत्रकार नभएको भन्दै विज्ञापन नदिने, अन्तर्वार्ता दिन तयार नहुने, सहज तरिकाले प्रस्तुत नहुनेलगायतका समस्याहरू भएको पत्रकार र मिडिया सञ्चालकको भनाइ छ ।
- प्रेस पाससम्बन्धी समस्या रहेको पाइयो । जिल्लामा सूचना विभागले जारी गरेको प्रेस पास निकै कम हुने र सुरक्षा निकाय तथा निर्वाचन कार्यालयका पदाधिकारीले सूचना विभागको प्रेस पासलाई मान्यता दिँदा धेरै पत्रकार समस्यामा परेको पाइयो । स्थानीय प्रशासन, पत्रकार महासंघको शाखासँगको समन्वयमा प्रेस पास वितरण गर्दा एउटा मिडियाको एक जना पत्रकारले प्रेस पास पाउँदा टेलिभिजन, एफएमलगायतलाई समस्या पर्ने देखियो । त्यसैगरी पत्रिका वितरणमा समेत असर पर्ने देखियो ।
- कतिपय मिडियामा सामग्रीहरु सन्तुलित रूपमा प्रस्तुत भए पनि सामाजिक सञ्जालमा पत्रकार राजनीतिक कार्यकर्ताका रूपमा प्रस्तुत हुँदा विश्वसनियतामा प्रश्न उठेको पाइयो । सामाजिक सञ्जालमा पत्रकारले के गर्न हुने के गर्न नहुने भन्ने सम्बन्धमा पत्रकार महासंघ बोल्नु पर्‍यो भन्ने सुझाव पनि आएको छ ।
- कतिपय मिडियामा निर्वाचन आयोगले तोकेको भन्दा बढी विज्ञापन प्रकाशन तथा प्रसारण भएको पाइयो । निर्वाचन आयोगले सीमा तोक्दा निर्वाचनका बेला विज्ञापनबाट हुने आर्थिक फाइदामा असर परेको केही मिडिया सञ्चालकको भनाइ छ ।
- स्थानीय तहमा जुन मिडिया चर्चित छ, निर्वाचन सम्बन्धी धेरै सामग्री प्रस्तुत गर्छन्,

ती मिडियामा बढी प्रेसर आएको पाइयो । समाचारको बारेमा फिड्ब्याक आउने, आफ्नो पक्षलाई कम स्थान दिएको, विपक्षीलाई बढी स्थान दिने गरेको भन्दै आफ्नो पक्षलाई बढी स्थान दिन नेता तथा कार्यकर्ताबाट मिडिया र पत्रकारलाई आग्रह गरे को पनि पाइयो ।

- कतिपय पत्रकार सूचना प्राप्तिमा परनिर्भर रहेको पाइयो । आफूले सूचना खोज्ने भन्दा सबै सूचना तयार भएर आफूकहाँ आउनुपर्ने खालको प्रवृत्ति पनि पाइयो ।
- कतिपय पत्रकार पार्टीमा आवद्ध भएको र त्यसले समस्या सिर्जना गरेको भन्दै पार्टीमा लागेका पत्रकारको सदस्य खारेज गर्ने महासंघलाई सुझाव आएको छ ।
- सामाजिक सञ्जालको प्रयोगका कारण कतिपय पत्रकार विवादित बन्न पुगेको भन्दै त्यसको प्रयोगमा सचेत रहनुपर्ने सुझाव पनि आएको छ ।
- जिल्लाका कतिपय पत्रकारले नियमित रूपमा पारिश्रमिक नपाएको र न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको मापदण्डअनुसार पनि पारिश्रमिक नपाएको अवस्था छ । त्यसले गर्दा पेशागत सुरक्षा नभएको पत्रकारको भनाइ छ ।

**यी थिए, निर्वाचन मिडिया मिसन टोलीको आग्रह तथा सुझावहरू**

- पत्रकार र मिडिया व्यावसायिक रूपमा प्रस्तुत हुनुपर्छ । यसले पत्रकारिताको गरि मा बढाउन सहयोग गर्नका साथै पत्रकारमाथि आइपर्ने चुनौतीलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ ।
- निर्वाचनका बेला पत्रकारहरू दलीय रूपमा विभाजित हुन भएन । राजनीतिक दलहरू समय अनुसार सहकार्य गर्ने र सहकार्य टुटाउने गर्दै आएका छन् । र ाजनीतिक दलहरूका अनुसार पत्रकारहरू विभाजित हुँदा दलीय ट्याग पनि लाग्छ । निर्वाचनपछि ती राजनीतिक दलका नेता तथा कार्यकर्तासँग संवाद गर्दा पनि समस्या आउन सक्छ ।
- निर्वाचनलाई सिंगो पत्रकारिता जगतले अवसरका रूपमा लिन सक्नुपर्छ । व्यक्तिगत रूपमा आफ्नो र सिंगो पत्रकारिता जगतको साख बढाउने गरी पत्रकारले भूमिका खेल्न सक्नुपर्छ ।
- निर्वाचनका बेला सन्तुलित पत्रकारिता गर्न नसक्दा त्यसले पछि पनि समस्या आउन सक्छ । त्यसैले पत्रकार बेलैमा सचेत भएर व्यावसायिक रूपमा प्रस्तुत हुन जरुरी छ ।

- पत्रकारले निर्वाचन पूर्व, निर्वाचनका दिन र मतदानपछि निष्पक्ष रूपमा रिपोर्टिङ गुर्नुपर्छ । पत्रकार आचारसंहिता पालना गर्नुपर्छ ।
- पत्रकारहरू सामाजिक सञ्जालमा पनि निष्पक्ष रूपमा प्रस्तुत हुनुपर्छ । पत्रकारले सामाजिक सञ्जाल कसरी प्रयोग गर्ने भन्नेबारे स्पष्ट हुन आवश्यक छ ।
- निर्वाचन पूर्व, निर्वाचनका दिन र मतगणनासम्बन्धी सूचना प्रवाहका लागि संयन्त्र बनाउनुपर्छ । यसले गर्दा सही सूचना प्रवाह हुनुका साथै मिडियालाई पनि सहज हुन्छ ।
- पत्रकारहरू पहिचान खुल्ने गरी पत्रकारको ज्याकेट लगाउनुपर्छ र प्रेस पास बोक्नु पर्छ ।
- पत्रकारहरू कुनै चुनावका बेला राजनीतिक दल वा नेता वा उम्मेदवारको गाडीमा चढ्नु हुँदैन । छुट्टै सवारी साधनको व्यवस्था गर्नुपर्छ । राजनीतिक दल वा नेताको गाडीमा हुँदा सुरक्षा चुनौती आएमा नेता तथा पार्टीका कारण आएको हो कि पत्रकारका लागि आएको भन्ने पहिचान गर्न कठिनाइ हुन्छ ।
- पत्रकार र मिडिया व्यावसायिक रूपमा प्रस्तुत हुनुपर्छ । सत्य-तथ्य र सन्तुलित रूपमा समाचार प्रस्तुत गर्नुपर्छ ।
- निर्वाचनसम्बन्धी सूचना, तथ्याङ्कलगायतका विवरणहरू सहज रूपमा पत्रकारलाई उपलब्ध हुनुपर्छ । मतदान केन्द्र र मतगणना स्थलमा पत्रकारको पहुँचमा सहजता हुनुपर्छ ।
- चुनावी रिपोर्टिङका लागि प्रेस पास उपलब्ध गराउन सहज हुनुपर्छ । मिडियाको आवश्यताअनुसार प्रेस पास र सवारी अनुमति पास उपलब्ध गराउनुपर्छ । जिल्लाका सबै पत्रकारमा सूचना विभागले उपलब्ध गराउने प्रेस पास नभएको हुँदा पत्रकार महासंघको जिल्ला शाखाको समन्वयमा प्रेस पास उपलब्ध गराउनुपर्छ । प्रेस पास उपलब्ध गराउँदा दुरुपयोग नहोस् भन्नेतर्फ सचेत हुनुपर्छ ।
- पत्रकार र मिडिया दलीय रूपमा प्रस्तुत हुनु हुँदैन । पेशा र व्यवसायप्रति जिम्मेवार र जवाफदेही रूपमा प्रस्तुत हुनुपर्छ ।
- सामाजिक सञ्जालमा विचार प्रस्तुत गर्दासमेत पत्रकार जिम्मवार र जवाफदेही रूपमा प्रस्तुत हुनुपर्छ । कुनै उम्मेद्वार र पार्टीको पक्ष विपक्षमा प्रस्तुत हुनु हुँदैन । तथ्यका आधारमा प्रस्तुत हुनुपर्छ ।

- मिडिया र पत्रकारप्रति पूर्वाग्रही हुनु हुँदैन । पत्रकार र मिडिया निष्पक्ष र सन्तुलित रूपमा प्रस्तुत हुन चाहन्छन् भने सबैले सहयोग गर्नुपर्छ ।
- पत्रकारले प्रचार सामग्री र समाचारका लागि आवश्यक सूचनाबारे जानकारी राख्नुपर्छ । समाचारका लागि आवश्यक सूचना खोज्ने क्षमता वृद्धि गर्नुपर्छ ।
- पत्रकार कुनै राजनीतिक दलको कार्यकर्ता हुनु हुँदैन । स्वतन्त्र भई निष्पक्ष र सन्तुलित भूमिका निर्वाह गर्नुपर्छ ।
- निर्वाचनका बेला रिपोर्टिङ गर्दा पत्रकार र निर्वाचन आचारसंहितालाई पालना गर्नु अपरिहार्य हुन्छ ।

***(मिश्र नेपाल पत्रकार महासंघका कोषाध्यक्ष हुनुहुन्छ) ।***

# पत्रकार आचारसंहिता र प्रेस स्वतन्त्रता

**रामशरण बोहरा**

## भूमिका

आधुनिक युग भनेको आमसञ्चारको युग हो । आमसञ्चारको विकासमा आएको युगान्तकारी एवं द्रुत विकासका साथसाथै छिटो छिटो हुने परिवर्तनले विश्वलाई एउटा सानो पर्दामा हेर्न, देख्न, बुझ्न र महसुस गर्नसक्ने बनाएको छ। सञ्चार क्षेत्रमा आएको यो युगान्तकारी परिवर्तन र विकास एकै रातमा भएको होइन। मानव जातिको विकास र विस्तारसँगै सञ्चारको पनि विकास भएको हो । आर्थिक, सामाजिक, राजनीतिक एवं औधोगिक विकासले जसरी विश्वका विभिन्न देशहरूमा फड्को मारेको छ, ठीक त्योभन्दा छिटो गतिमा सञ्चार विस्तार भएको छ। अहिले विकासको गतिको मापक सूचकको रूपमा सञ्चारमाध्यमलाई लिने गरिएको छ। सुसूचित हुन पाउने नागरिकको नैसर्गिक अधिकार भएता पनि विश्वका विभिन्न मुलुकका संवैधानिक ब्यवस्था, कानुन एवं आचारसंहिताबाट प्रेस स्वतन्त्रताको सीमा रेखा कोरिएको छ।

सञ्चारमाध्यमको कर्तब्य भनेको निष्पक्षरूपमा सही सूचना प्रवाह गरी नागरिकलाई सुसूचित बनाउनु हो। यसै उद्देश्यले सञ्चारमाध्यम आफ्नो भूमिकामा केन्द्रित हुनुपर्दछ। सत्य र तथ्य सूचना तथा समाचारको सम्प्रेषण पत्रकार तथा सञ्चारमाध्यमको प्रमुख धर्म हो । निष्पक्षता भनेको कुनै पक्ष विशेषप्रति पूर्वाग्रही नभएको अवस्था हो र सन्तुलित अवस्था भनेको समाचारमा सम्प्रेषित सम्बन्धित सबै पक्षहरूको समानरूपको सम्प्रेषण हो। तसर्थ जनताको सही सूचना प्राप्त गर्ने हक सुनिश्चित गरी व्यावसायिक पत्रकारिताको लक्ष्य हासिल गर्न पत्रकार तथा सञ्चारमाध्यमहरूले सदैव सत्य-तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचनाको सम्प्रेषण गर्नु पर्दछ।

२०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात सञ्चार क्षेत्रले ठूलो फड्को मारेको छ । सञ्चारको द्रुत विकासको गतिसँगसँगै स्याटेलाइटमार्फत् टेलिभिजन प्रसारण हुनुका साथै एफएमहरूको प्रसारणमा दिन प्रतिदिन वृद्धि भइरहेको छ । सञ्चार राष्ट्र विकासको आधारस्तम्भ नै हो । सञ्चारले जनताको सुसूचित हुनपाउने अधिकारमा अहं भूमिका खेलेको हुन्छ। सञ्चारको विकास खाली रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइनको संख्या बढेर मात्र हुँदैन। पेशागत मर्यादा र व्यावसायिकता कायम राख्दै स्वस्थ, स्वच्छ र वस्तुगत आधारमा समाचार र सूचना

सम्प्रेषण गरेर समाजमा आफ्नो अपरिहार्यतालाई अझ दरिलो बनाउनु आवश्यक छ। यसका लागि आफूले आफैंलाई नियन्त्रण गर्न निश्चित सीमारेखा तय गर्नुपर्ने हुन्छ, त्यो हो आचारसंहिता।

## पत्रकार आचारसंहिता

असल र सत्य कामतर्फ प्रेरित गर्ने बन्धन नै आचारसंहिता हो। मर्यादित पत्रकारिताको विकासका लागि पत्रकार आचारसंहिता आवश्यक मानिन्छ। कतिपय मुलुकहरूले कानुनद्वारा नै पत्रकारहरूका आचारसंहितासम्बन्धी विषयहरू नियमित र व्यवस्थित गरेका छन् भने कतिपय मुलुकहरूले पत्रकारहरू आफैंले आचारसंहिता निर्धारण गर्न पाउने व्यवस्थालाई स्वीकार गरी पत्रकारहरूबाटै पत्रकारहरूका लागि आचारसंहिता निर्माण गरी लागू गरेको देखिन्छ। आचारसंहिताको पालनाको अनुगमन र कारवाही गर्ने संयन्त्रको व्यवस्था सम्बन्धमा भने विश्वमा विभिन्न स्वरूप र प्रक्रियाहरू रहेको देखिन्छ। आचारसंहिता तयार गरी लागू गर्नुको मुख्य उद्देश्य स्वस्थ र अनुशासित पत्रकारिताको विकास गर्नु नै हो।

वि.सं. १९५८ मा गोरखापत्र स्थापनादेखि पत्रकार आचारसंहिताको इतिहास प्रारम्भ भएको हो। २०१४ सालमा गठित प्रेस कमिसनले नेपाली पत्रकारितालाई सुधार गर्नका लागि तयार पारेका प्रतिवेदनको परिच्छेद १२ मा पत्रकारको आचारसंहिताको रूपमा १८ वटा बुँदा प्रस्तुत गरेको थियो। त्यसपछि, विक्रम सम्बत् २०२३ मा पत्रकार सङ्घले २२ बुँदे आचारसंहिता घोषणा गरेको थियो। त्यसैगरी, २०२४ सालमा २१ बुँदे आचारसंहिता, २०३३ सालमा प्रेस काउन्सिलले जारी गरेको २२ बुँदे आचारसंहिता, २०४१ सालमा ११ बुँदे आचारसंहिता र २०४२ सालमा १४ वटा पत्रिकाको सम्पादक मिली १० बुँदे पत्रकार आचारसंहिताको निर्माण गरेका थिए। २०४६ सालमा बहुदलीय व्यवस्थाको आगमनसँगै नेपाली पत्रकारिता क्षेत्रले निकै ठूलो फड्को मारेको छ। प्रेस काउन्सिल नेपालले २०४७ सालमा नयाँ आचारसंहिता ल्यायो। त्यसपछि, प्रेस काउन्सिल ऐन, २०४८ को आगमनसँगै पत्रकार आचारसंहिता, २०४९ लागू भयो। यसको लगत्तै २०५० सालमा वीरगञ्जमा भएको पत्रकारको भेलाले १४ बुँदे पत्रकार आचारसंहिताको घोषणा गरेको थियो। त्यसपछि, नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालले छुटाछुट्टै आचारसंहिता लागू गर्ने परम्परालाई तोड्दै पहिलो पटक संयुक्तरूपमा पत्रकार आचारसंहिता, २०५५ लागू गरेको थियो। पछि छापामाध्यमका

साथै रेडियो, टेलिभिजनमा समेत लागू हुने गरी वि.सं. २०६० मा प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घले संयुक्तरूपमा पत्रकारले के गर्न मिल्ने र के गर्न नमिल्ने भनी प्रस्टरूपले छुट्याएर नयाँ किसिमको परिस्कृत आचारसंहिताको घोषणा भयो । सोही आचारसंहितालाई समयानुकूल २०६४ मा परिमार्जन गरिएको थियो । पछिल्लो पटक जारी २०७३ असोजमा पत्रकार आचारसंहिता-२०७३ जारी भएको छ। यो विगतका आचारसंहिताभन्दा वृहत र परिमार्जित रहेको छ। यसले अनलाइन सञ्चारमाध्यमलाई समेत समेटेको छ। आचारसंहिताको धारा ५ मा पत्रकार र सञ्चारमाध्यमले देहायअनुसार कार्य गर्नु हुँदैन भनी उल्लेख भएको प्रावधान यस प्रकार छः

१) सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने (२ भेदभाव हुनेगरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण (३) हिंसा, आतंक र अपराधलाई प्रश्रय हुने, (४) पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुनेगरी सूचनाको सम्प्रेषण, (५) घटनासँग असम्बन्धित व्यक्तिको नाम, (६) वीभत्स दृश्य र तस्वीर प्रकाशन वा प्रसारण, (७) फोटो तथा दृश्यको गलत प्रयोग, (८) विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुति, (९) पोष्ट डिलिट, (१०) अनुचित दबाब वा सम्बन्ध, (११) प्रविधिको अदृश्य प्रयोग, (१२) न्याय निरुपणमा प्रभाव, (१३) पेशागत मर्यादाविपरीत उपहार र पुरस्कार ग्रहण, (१४) मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर, (१५)जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना आदि ।

## आचारसंहिता अनुगमन

आचारसंहिता निश्चित मूल्यमान्यतामा आधारित हुन्छ । यो नैतिक बन्धन हो। आचारसंहिता जारी भएरमात्र पुग्दैन। यसको लागि आचारसंहिताको परिपालनाको स्थिति जाँच्नका निम्ति अनुगमनको आवश्यकता पर्दछ । पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि प्रेस काउन्सिल स्थापना भएको हुँदा यसको प्रमुख उद्देश्य एवं कार्य भनेको पत्रकार आचारसंहिता तयार गरी लागू गर्ने र अनुगमन गर्ने हो । सूचना प्रविधिमा आएको विकाससँगै प्रेस काउन्सिलले पनि अनुगमन संरचना निर्माणमा फड्को मारेको छ। प्रेस काउन्सिलमा पछिल्लो समय आमसञ्चारमाध्यमबाट सम्प्रेषण भएका सामग्रीहरूका विषयमा उजुरी सुन्नेमात्र काम नगरी स्वअनुगमन पनि प्रारम्भ भएको छ, यो काउन्सिलको महत्वपूर्ण कदम हो ।

अनुगमनको महत्वपूर्ण पूर्वाधार भनेको प्रकाशित, प्रसारित सामग्रीको अभिलेखीकरण हो। काउन्सिलमा विगत २ वर्षदेखि पत्रपत्रिकाको मात्र नभई विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित भएका, अनलाइनबाट सम्प्रेषित भएका सामग्रीहरूको स्वअभिलेखीकरण प्रारम्भ भएपश्चात् स्वअनुगमन सहज भएको छ । हाल राज्यबाट प्रसारण हुने १६ वटा टेलिभिजन, करिब २५० रेडियो र काउन्सिलमा सूचीकृत अनलाइनहरू २४ सै घण्टा स्वअभिलेखीकरणमा छन्। काउन्सिलले प्रथम संविधानसभा निर्वाचन २०६४, संविधानसभा उपनिर्वाचन (२०६५) र गणतन्त्र स्थापनापश्चात्का भर्खरै सम्पन्न स्थानीय तह निर्वाचन २०७० र संघीय तथा प्रदेशसभा निर्वाचन २०७० को दौरान आमसञ्चारमाध्यममा निर्वाचन आचारसंहिता अनुगमन सफलतापूर्वक सम्पन्न गरेको छ। प्रेस काउन्सिल आमसञ्चारमाध्यमको अनुगमनको लागि एकमात्र अधिकार प्राप्त निकाय हो।

हाल प्रेस काउन्सिलले छापा र विद्युतीयका दुईवटा शाखा संरचना नै खडा गरी कार्य गरिरहेको छ भने अनुगमनको लागि १० जना जनशक्तिसमेत थप गरी नियमित अनुगमन कार्य गरिरहेको छ । दैनिक प्राप्त हुने उजुरी एवं स्वअनुगमनका सामग्रीका विषयमा सुनुवाई र छानबिन गरी आवश्यक निर्णय लिन काउन्सिलको अध्यक्षको संयोजकत्वमा नेपाल बार एसोसिएनको प्रतिनिधिसमेत सम्मिलित छापा र विद्युतीयको लागि अलगअलग आचारसंहिता अनुगमन उपसमिति गठन भई क्रियाशील छ।

पत्रकार आचारसंहिता २०७३ बमोजिम आमसञ्चारमाध्यमबाट आचारसंहिताको उल्लंघन भएको पाइएमा सम्बन्धित पत्रकार तथा मिडियालाई सचेत गराउने, ध्यानाकर्षण गर्ने, स्पष्टीकरण सोध्ने, काउन्सिलको निर्णय वा अनुरोधलाई अवज्ञा गरेमा अवज्ञाकारीको सूचीमा राख्ने, सुविधा रोक्काको लागि सरकारलाई सिफारिस गर्ने प्रावधान रहेको छ।

## प्रेस स्वतन्त्रता

प्रेस स्वतन्त्रता प्रजातन्त्रको मेरुदण्ड हो। सुदृढ प्रजातन्त्रको निर्माण, सुशासन र न्याय एवं शान्तिको कायम गर्नमा प्रेस स्वतन्त्रताको महत्वपूर्ण भूमिका हुन्छ । अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन गर्न तथा राजनीतिक, आर्थिक र सामाजिक पक्षहरूको सबलीकरण र समाज रुपन्तरण गर्न प्रेस स्वतन्त्रताले महत्वपूर्ण भूमिका निर्वाह गरेको

हुन्छ। प्रेस स्वतन्त्रता नभएको राष्ट्रमा पूर्णरूपमा प्रजातन्त्र स्थापित भएको भन्न सकिने अवस्था रहन्न। नेपालमा संविधानसभाले निर्माण गरेको गणतन्त्र नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेबाट वैधानिकरूपमा नेपाली प्रेस संसारमै स्वतन्त्र छ भन्न अतिसयोक्ति नहोला। तर पनि यसका चुनौतीहरू प्रशस्त छन्। (१) पत्रकारका सुरक्षा, (२) समाचार स्रोतको सुरक्षा, (३) फितलो कानुनी प्रावधान, (४) राजनीतिक दल निकट पत्रकारिता, (५) अव्यावसायिक साँठगाँठ, (६) उग्रव्यापारीकरण आदि प्रेस स्वतन्त्रताका चुनौतीहरू हुन्।

प्रेस स्वतन्त्रताको आधारभूत सर्तहरू भनेको पत्रकारको सुरक्षा र स्रोतको सुरक्षा हो। विश्वका कतिपय देशमा यस्ता विषयलाई कानुनमा समावेश गरेका छन् भने नेपालमा वैधानिक चुनौतीहरूको सामना गर्ने क्रममा स्रोत खोल्न बाध्य हुने अवस्था छ। कतिपय अवस्थामा पत्रकारलाई ज्यानमार्ने धम्कीलगायतका अनेकन थ्रेटका कारण सूचनाका स्रोत खोल्न विवश पारिएका दृष्टान्तहरू पनि प्रशस्त छन्। पत्रकार आचारसंहितामा स्रोत गोप्य राख्न पाउने अधिकार पत्रकारलाई भएता पनि यससम्बन्धी स्पष्ट कानुनको अभाव छ। कतिपय अवस्थामा नैतिक बन्धनले मात्र स्रोतको सुरक्षा गर्न नसकिने हुन्छ।

नेपालमा राजनीतिक दलनिकट पत्रकारिता मौलाएको अवस्थालाई नकार्न सकिन्न। सञ्चारमाध्यम तथा सञ्चार गृहहरू राजनीतिक दलको सामिप्यता राखी सञ्चालन हुने कुरा हामी सामु छिपेको छैन। यसरी हुने पत्रकारिता दलप्रति पूर्वाग्रही भई गरिने पत्रकारिता नै प्रेस स्वतन्त्रताको बाधक बन्दै गएको पाइन्छ। प्रेस स्वतन्त्रतलाई अक्षुण्ण राख्नका लागि सञ्चारसम्बन्धी कानुन जस्तै गोपनीयताका हक, सूचनाको हक आदि जस्ता कानुनहरूमा समयानुकूल परिमार्जन हुन नसक्दा पनि प्रेस स्वतन्त्रता प्रभाव परेको छ। त्यस्तै श्रमजीवी ऐनअनुसार पत्रकारले नियुक्ति पत्र र तोकेबमोजिमको तलब पाउन नसक्नुले पनि प्रेस स्वतन्त्रतालाई संकुचित गरेको हुन्छ। समाचारलाई विक्री गर्ने जस्तै विज्ञापनलाई समाचारको रूपमा र समाचारलाई विज्ञापनको रूपमा सम्प्रेषण गर्ने, प्रायोजित सामग्रीले स्थान पाउनेजस्ता व्यापारिक प्रवृत्तिले गर्दा पनि प्रेस स्वतन्त्रता कुण्ठित भएको देखिन्छ।

प्रेस स्वतन्त्रता भनेको आधारभूत मानव अधिकार पनि हो। स्वतन्त्र निष्पक्ष र भयरहित वातावरणमा सबल व्यवस्थापिका, सुशासनको प्रत्याभूतिसहित कार्यपालिका, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस र गतिशील एवं जागरुक नागरिक समाज नै

लोकतन्त्रको आधार स्तम्भ हुन् । लोकतन्त्रमा स्वतन्त्र प्रेसले स्वतन्त्रताको पहरेदारको भूमिका निर्वाह गर्छ भने प्रेस स्वतन्त्रताको संरक्षणले लोकतन्त्रको भविष्य सुदृढ र सबल बनाउँछ । तर अभिव्यक्ति स्वतन्त्रता र घृणात्मक एवं अतिरञ्जित अभिव्यक्ति भिन्न विषयवस्तु हुन । अभिव्यक्ति स्वतन्त्रता आधारभूत मानव अधिकार हो भने घृणात्मक अभिव्यक्ति अपराध हो । त्यस्तो अपराधलाई प्रेस स्वतन्त्रताको नाममा बढावा दिनु अपराध हो । विश्वमा घटेका ठूला-ठूला नरसंहारका घटनाको उजागर गर्न र दोषीहरूमाथि कारबाही गर्न मिडियाले खेलेको भूमिका प्रभावकारी छन् भने कतिपय नरसंहारका पछाडि सञ्चारमाध्यमको दुरुपयोग पनि कारण रहेको दृष्टान्तहरू छन् । पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल फेडरेसन अफ जर्नलिस्ट (आइ एफ जे) ले सन् २०१४ मा ब्रसेल्समा आयोजना गरेको मिडिया सशस्त्र सङ्घर्ष र घृणात्मक अभिव्यक्ति विषयक सम्मेलनबाट जारी भएको घोषणापत्रमा जिम्मेवार पत्रकारिताको मूल्य र मान्यतामा उभिन आह्वान गर्दै सञ्चारमाध्यममा घृणा र हिंसा भड्काउने कार्यको निन्दा गरिएको थियो ।

अहिलेको विद्यमान अवस्थामा प्रेस स्वतन्त्रताको दुरुपयोग भएको र प्रेस स्वतन्त्रताको आडमा घृणात्मक अभिव्यक्ति, राष्ट्रिय एकता विथोल्ने, भौगोलिक अखण्डता, सामाजिक सद्भाव खलबल्याउने खालका सामग्रीहरूलाई स्थान दिएको भन्ने चौतफी गुनासाहरू पाइन्छन् । प्रेस स्वतन्त्रताको नाममा छाडा, अश्लील, अतिरञ्जित, तथ्यपरकबाट टाढा, टिकाउ हैन विकास सामग्री सम्प्रेषण भएर सर्वसाधारणलाई भ्रम छर्ने, अनावश्यक दुःख दिनेगरी सामग्री सम्प्रेषण भएका छन् । आजको नवीनतम मिडियाको रूपमा रहेको अव्यवस्थित एवं गैरकानुनीरूपमा सञ्चालन भएका अनलाइन मिडिया यसका ज्वलन्त उदाहरण हुन् । नियमानुसार विधिवत दर्ता नभई कुनै जिम्मेवारीबोधभन्दा अलग रहेर, सम्पादकीय जिम्मेवारीमा नरहेर, सम्पर्कभन्दा टाढा रहेर तथ्यहीन, आधारहीन सामग्री सम्प्रेषण गरेर समाजलाई दिग्भ्रमित गरिरहेका छन्, प्रेस स्वतन्त्रताको दुरुपयोग गरिरहेका छन् ।

## प्रेस स्वतन्त्रताको बारेमा संवैधानिक तथा कानुनी व्यवस्था :

नेपालको संविधान २०७२ को प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएको छ । संविधानको धारा १७ (क) मा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रावधान छ । विचार र अभिव्यक्ति स्वतन्त्रताको कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक

अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाई वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्वन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने व्यवस्था छ ।

त्यसैगरी संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था छ। जसअनुसार विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै दृश्य, श्रव्यदृश्य, पाठ्य सामग्रीको सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिवन्ध लगाइने छैन । तर, त्यस्तो सामग्री प्रकाशन/प्रसारण गर्दा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाई वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्वन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुन नहुने र कानुन बनाई रोकथाम गर्न सकिने उल्लेख छ। यसबाट स्पष्ट हुन्छ कि प्रेस स्वतन्त्रता असीमित स्वतन्त्रता होइन । हरेक विषयको निश्चित सीमा र विधि हुन्छन् । आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारको हनन् गर्न कसैलाई छुट हुँदैन ।

**अन्त्यमा,**

प्रेस स्वतन्त्रता र पत्रकार आचारसंहिताको अनोन्याश्रित सम्बन्ध हुन्छ। पत्रकार आचारसंहिताले प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्न, पत्रकारितामार्फत सर्वसाधरणको हितलाई प्रवर्द्धन गर्न, सञ्चार संस्थाका प्रस्तुतिहरूलाई तथ्यपरक, सन्तुलित र विश्वसनीय बनाउन तथा कुनै किसिमको दबाब एवं प्रभावबाट बच्न सघाउ पुऱ्याउनुका साथै सञ्चारमाध्यमबाट हुनसक्ने दुष्प्रचार, घृणायुक्त अभिव्यक्ति र मानहानी रोक्न तथा व्यक्तिगत गोपनीयताको सम्मान गर्न यसले सिकाउँछ । नेपाल पत्रकार महासंघसहित विभिन्न सरोकारवालाबीच निकै लामो छलफल, बहस र अन्तरक्रियापछि प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता २०७३, जसले अनलाइन सञ्चारमाध्यमलाई समेत समेटेको छ- यसको अक्षरसः परिपालनाले प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्न मद्दत गर्दछ । आचारसंहिता अनुशासन पालनाको एउटा कडी हो । लोकतन्त्रमा पत्रकारको महत्वपूर्ण भूमिका भएको हुँदा आचारसंहितालाई अंकुशको रूपमा नलिई

पत्रकार तथा सञ्चारमाध्यमले आफूलाई परिमार्जन तथा परिस्कृत गर्ने नीतिको रूपमा लिनुपर्दछ ।

सन् १९९३ को संयुक्त राष्ट्रसंघीय महासभाले अनुमोदन गरेपछि हरेक वर्ष मे ३ तारिख संसारभरि प्रेस स्वतन्त्रता दिवस मनाउन थालिएको हो । यसका साथै आजको दिनले संसारभरिका प्रेसकर्मीहरूलाई स्वतन्त्र प्रेस, सत्य एवं तथ्यपरकता, तटस्थताको पाठ र महत्वको सम्झना दिलाउँछ । प्रेस स्वतन्त्रतालाई जोगाई राख्नु पत्रकारको मात्र नभई राज्य, हरेक नागरिकको कर्तव्य र दायित्व हो ।

***(बोहरा प्रेस काउन्सिल नेपालका उप-प्रशासकीय अधिकृत हुनुहुन्छ) ।***

# प्रेस स्वतन्त्रता र सोसल मिडिया

**लेखनाथ न्यौपाने**

विश्व राजनीतिमा कुनै घटना घट्यो भने त्योसम्बन्धी अमेरिकी धारणा कस्तो छ भनेर बुझ्न अब समाचारको बुलेटिन कति बेला ब्रोडकास्ट हुन्छ भनेर कुर्ने जमाना गए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमको ट्विटर ह्यान्डलले ह्वाइटहाउसको लिखित धारणा कुर्नु पर्ने पुरानो जमानालाई विस्थापित गरिदिएको छ।

जुम्लामा आफ्नी नातिनीलाई सिलाइदिएको नयाँ भोटोको फोटो खिचेर बाजेले आफ्नो फेसबुक एकाउन्टमा राख्न सक्ने भए।

अहिले सामाजिक सञ्जालको प्रयोग कुनै वर्ग, भाषा, क्षेत्र वा समुदायको सीमिततामा छैन। यो त विश्वव्यापी अभिव्यक्तिको सहज माध्यम बनिसकेको छ।

## के हो सोसल मिडिया ?

परम्परागत सञ्चार कि त आमसञ्चारमाध्यमको रूपमा माध्यमले सूचना प्रवाह गर्ने अनि श्रोता, दर्शक वा पाठकले एकतर्फी ग्रहण गर्ने मोडालिटीमा थिए कि त अन्तरव्यक्ति सञ्चार गर्ने टेलिफोन र पत्रजस्ता उपाय थिए। दोहोरो अन्तरक्रियात्मक सञ्चार चौतारी, पँधेरा र अन्य सार्वजनिक स्थलमा हुने छलफलमा सीमित थिए।

इन्टरनेट प्रविधिको विकासपछि माध्यमका हरेक प्रयोगकर्ताले दोहोरो अन्तरक्रिया गर्न सम्भव भएको छ। चौतारी र पँधेरामा हुने जस्ता अन्तरक्रिया भर्चुअल कम्युनिटी भनिने इन्टरनेट भित्रै साना वा ठूला युनिटमा गर्न सम्भव छ।

फेसबुक, ट्वीटर, युट्युब, इन्स्ट्राग्रामजस्ता प्लेटफर्म अहिले सोसल मिडिया प्लेटफर्मका रूपमा स्थापित छन्। प्रयोगकर्ताले आफ्नो भर्चुअल परिचय स्थापना गरी अन्तरव्यक्तिदेखि अन्तरसमूह सञ्जालमा  अन्तरक्रिया गर्छन्। त्यसैले सोसल मिडियाका कन्टेन्ट गोप्य, व्यक्तिगतदेखि सार्वजनिक सरोकारका पनि हुन सक्ने भए।

इन्टरनेटको माध्यमबाट व्यक्तिगत प्रयोगकर्ताले आफनो प्रोफाइल बनाएर इन्ट्रेष्ट समूहमा दोहोरो अन्तरक्रिया हुने माध्यम नै सोसल मिडिया हो। फेसबुक, ट्वीटर, इन्स्टाग्राम, युट्युब, विकीपेडिया यी सबै सोसल मिडिया हुन्। पब्लिसरले कन्टेन्ट

उत्पादन गर्ने र अडियन्सले कन्ज्युम गर्नेलाई सोसल मिडिया भन्न मिल्दैन । सोसल मिडियामा अडियन्सले नै कन्टेन्ट उत्पादन गर्दछ। तर, अर्को ग्रुपलाई लक्षित गरेर कन्टेन्ट वितरण गर्दछ । कसले कसको लागि लेखेको हो भन्ने कुरा थाहा हुन्छ । अडियन्सले चाहेको बेला त्यसको रेस्पोन्स फर्काउन सक्छन् । यसरी सामाजिक सञ्जालमा दोहोरो अन्तरक्रिया हुन्छ। जस्तो हामीले जसरी फेसबुकमा आफ्नो क्रिया-प्रतिक्रिया जनाउन सकिन्छ। यसरी सामाजिक सञ्जालमा स-साना सोसियल युनिटहरूको फर्मेसन हुन्छ।

## सोसल मिडिया र आमसञ्चार

सोसल मिडिया पत्रकार वा पत्रकारिताका लागि मात्र डिजाइन गरिएको टुल होइन । सोसल मिडिया सबैखाले सोसियल अन्तरक्रियाको लागि हो । त्यहाँ, व्यापार, शिक्षा, राजनीति, साथीभाइ तथा पारिवारिक दुःख-सुख आदान-प्रदान हुन्छ। त्यो प्लेटफर्ममा अरु व्यवसायले जस्तै मिडियाले पनि आफ्नो स्पेस खोजेको मात्र हो। जस्तो राजनीतिज्ञ, कलाकारले आफ्नो पेजमा लाखौं फलोअर बनाएर आफ्नो सेक्टरलाई प्रमोट गरिरहेका हुन्छन, त्यस्तै मिडियाले आफ्नो कन्टेन्ट प्रमोट गर्न सोसल मिडिया प्रयोग गरेका हुन् । अहिले मिडियाले उत्पादन गरेका कन्टेन्ट सोसल मिडियाबाट वितरण हुन्छ । अर्को सोसल मिडिया स्वयंमा सूचनाको नयाँ भण्डार पनि हो । सोसल मिडिया आफैंले पत्रकारलाई सूचना दिने काम पनि गरिरहेको हुन्छ। स्टोरी ब्रेक गर्ने, महत्वपूर्ण सूचना दिने, कतिपय फोटो भिडियो सोसल मिडियाबाट तानेर पत्रकारले स्टोरी बनाइरहेका हुन्छन् । त्यसैले वितरणमा मात्र होइन, उत्पादनमा पनि सोसल मिडिया ठूलो सहयोगी भएको छ।

लामो इतिहास भएका अन्तर्राष्ट्रिय मिडिया जाइन्टहरू पनि सोसल मिडिया बढ्दै गएको भूमिकाबाट सशंकित देखिएका छन् । खासगरी पुराना मिडियाको विज्ञापनको बजार सोसल मिडियाले खोस्दै छ भने ती मिडिया हाउसले उत्पादन गर्ने कन्टेन्टको वितरणमा पनि प्रभाव बढाउँदै लगेको छ।

अनलाइन न्यूज पोर्टलहरूको समाचारलाई पाठकसम्म पुऱ्याउन एकदमै सजिलो माध्यमको रूपमा फेसबुकजस्ता सोसल प्लेटफर्म त बनेका छन् तर यीमाथिको बढ्दो निर्भरताले स्वतन्त्र समाचारको बजारलाई प्रभावित पार्ने चिन्ता व्यापक बन्दै गएको छ।

विश्व बजारको जस्तै नेपालमा पनि समाचारमूलक वेबसाइटहरूको सोसल मिडियामा

ठूलो निर्भरता छ । करिव ७० प्रतिशतको हाराहारीमा अनलाइनका पाठक सोसल मिडियाबाट आउने गरेका छन् ।

## अभिव्यक्ति भर्सेज प्रेस स्वतन्त्रता

प्रेस स्वतन्त्रता आमनागरिकको अभिव्यक्ति स्वतन्त्रताको एउटा मुख्य इकाइको रूपमा स्थापित भएको छ। जहाँका नागरिक आफ्ना विचार, भावना स्वतन्त्र रूपमा लेनदेन गर्न पाउँछन् त्यहाँ नै प्रेसले पनि फस्टाउने मौका पाउने हो ।

सोसल मिडियाको विकासले आमनागरिक, जो इन्टरनेटसम्म पहुँच राख्छन्, उनीहरूको लागि खुल्ला अन्तरक्रियाको अवसर दिएको छ। मानव सभ्यता विकासमा यति वृहत् सामाजिक अन्तरक्रिया सायदै भएको थियो । यसरी हेर्दा आमनागरिकको अभिव्यक्ति स्वतन्त्रतामा सोसल मिडियाको सकारात्मक भूमिका जति प्रशंसा गरे पनि पुग्दैन ।

अर्कोतिर पहिलेदेखि प्रेस समुदाय भनेर चिनिएको व्यावसायिक समाचारमुलक सामग्री उत्पादन र वितरण गर्ने सञ्चारमाध्यमलाई भने सोसल मिडिया कतै चुनौती त बन्ने हैन भन्ने चिन्ता छ। खासगरी सोसल मिडियाले कुनै निश्चित मिडियालाई प्रोत्साहन गर्न र कुनैलाई निरुत्साहित गर्न सक्ने जुन क्षमता राख्छ यसले प्रेस दुनियामा एकखालको कार्टेलिङ देखिएको छ।

स्तरीय र व्यावसायिक समाचार सामग्रीभन्दा सनूसनी मच्चाउने, हावादारी ‘फेक न्युज’ले प्राथमिकता पाएको भन्दै सोसल मिडियाले चर्को आलोचना खेप्दै आएको छ। सोसल मिडिया व्यावसायिक पत्रकारिताभन्दा भिन्न विशेषता बोक्ने व्यवसाय हो । सोसल मिडिया प्लेटफर्महरूले समाचारमूलक सामग्री वितरणमा अनावश्यक नियन्त्रण गर्दा प्रेस स्वतन्त्रता हनन् हुने धारणा पनि दरिलो बन्दै गएको छ।

अर्कोतिर आम व्यक्तिगत प्रयोगकर्ताहरूलाई स्वतन्त्र रूपमा आफ्ना धारणा अभिव्यक्त गर्नका लागि सामाजिक सञ्जाल प्रभावकारी माध्यम बनेको छ । प्रहरी, सेलिब्रिटी, राजनीतिक व्यक्ति आदिले गरेका दुर्व्यवहार, समाजमा हुने गरेका सामाजिक हिंसा, मौसम, प्रकोप, सवारी दुर्घटना, युद्ध र आक्रमणका तस्वीरका साथै रमाइला क्षणहरू, मनोरञ्जन, अनभूति सामाजिक सञ्जालमा सामग्री हुने गरेका छन् । व्यक्तिगत प्रयोगकर्ताको प्रस्पेक्टिभबाट हेर्दा आजसम्म फेसबुक, ट्वीटरजस्ता सोसियल प्लेटफर्महरूले अपराधिक गतिविधि, प्रोनोग्राफीबाहेक आफनो व्यक्तिगत विचार

आदानप्रदान गर्ने कुरामा खासै सेन्सर गरेको पाइदैन । तर, सामाजिक सञ्जालको माध्यमबाट कसैको चरित्र हत्या गर्ने, साम्प्रदायिक द्वेष फैलाउने, सामाजिक मुल्य-मान्यताविपरित अश्लीलता प्रदर्शन गर्नेजस्ता कामहरूले यसको दुरुपयोग पनि उत्तिकै भइरहेको छ।

साधारण अवस्थामा सामाजिक सञ्जालहरूले स्वतन्त्र अभिव्यक्तिलाई प्रोत्साहित नै गरेका हुन्छन् । यसलाई सकारात्मक नै मान्नुपर्यो । तर, हरेक देश, हरेक संस्कृतिका स्वतन्त्रताका मान्यता र मानक फरक छन् । विश्वव्यापी रूपमा एकरूपले सञ्चालन हुने माध्यमले यी फरक मान्यता भएका देश र समाजमा मान्यतालाई सम्मान गर्न चुनौतीपूर्ण छ । अभिव्यक्ति स्वतन्त्रता, गोपनियता, गाली बेइज्जती, राजनीतिक स्वतन्त्रता हरेक देशले फरक मान्यता बनाएका छन् । खासगरी एकदलीय र धार्मिक राजनीतिक प्रणाली भएका देशमा यस्ता सोसल प्लेटफर्म ठूलो टाउको दुखाइ बन्न थालेका छन् ।

## सोसल मिडिया र गाली बेइज्जती

कसैको अभिव्यक्तिबाट कसैको सार्वजनिक प्रतिष्ठा, मानमर्दन, स्वाभिमानमा आँच पुग्नु हुँदैन भन्ने कुरामा हाम्रा कानुनहरू प्रष्ट छन् । २०१६ सालमा बनेको गाली बेइज्जती ऐनले नै यो कुरालाई सम्बोधन गरेको छ।

पछिल्लो समय सोसल मिडियामा व्यक्त हुने अभिव्यक्तिप्रति गुनासो बढ्दै गएको छ। यसबाट गाली बेइज्जती मात्र हैन आर्थिक र भौतिक क्षतिका उदाहरण पनि छन् । नेपाल प्रहरीको साइबर क्राइम सेलमा सोसल मिडियाको प्रयोग गरी पीडित बनाइएको भन्दै उजुरीका चाङ लाग्न थालेका छन् । तर, सोसल मिडियामा यस्ता नकारात्मक प्रभावलाई कसरी नियन्त्रण गर्न सकिएला भन्ने विषयमा सरकार र अरू सरोकारवाला गम्भीर भएको खासै अनुभूति छैन ।

गाली बेइज्जती ऐनको समय अनुकूल संशोधन र प्रभावकारी कार्यान्वयन अत्यन्तै जरूरी भएको छ । अर्कोतर्फ 'साइबर क्राइम ल' भनेर चिनिएको विद्युतीय कारोबार ऐनले समेटेको प्रावधान विवादित बन्ने गरेको छ। साइबर अपराध नयाँ विषय भएकाले अनुसन्धान गर्ने प्रहरीदेखि न्यायालयसम्म स्पष्ट देखिँदैनन् ।

केही नकारात्मक प्रभावलाई व्यवस्थापन गर्ने हो भने सोसल मिडियाको प्रयोगबाट

हामीले अत्याधिक फाइदा लिन सक्छौं । सूचना आदानप्रदान गर्न ज्यादै न्यून खर्च तर चाहिए जति गर्न सकिने सुविधा सोसल मिडिया प्लेटफर्मले उपलब्ध गराउँछन् । खासगरी नेपाल जस्तो उदाउँदो लोकतन्त्रमा व्यापक सामाजिक बहस र अन्तरक्रिया जरूरी हुन्छ।

सचेत नागरिकले सचेत निर्णय गर्न सक्छन् भन्ने लोकतान्त्रिक मान्यता रहिआएको छ। यो मान्यतालाई सार्थक बनाउन पनि सोसल मिडियाको बृहत भूमिकालाई नजरअन्दाज गर्न सकिदैन।

***(न्यौपाने नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ) ।***

# प्रेस र अभिव्यक्ति स्वतन्त्रता

**जन्मदेव जैसी**

कुनै पनि देशको अवस्था के छ भनेर हेर्नुपर्‍यो भन्यो सबैभन्दा त्यो देशमा प्रेस स्वतन्त्रताको अवस्था के छ ? त्यो हेर्ने गरिन्छ। प्रेस स्वतन्त्रतालाई प्रजातान्त्रिक व्यवस्थाको मुटु नै मानिन्छ। प्रेसको राम्रो विकास भएको र प्रेसले वास्तविक भूमिका निर्वाह जहाँ गरेको छ, त्यहाँका नागरिक पनि सचेत हुन्छन्। मिडियाले नागरिकलाई सुसूचित गर्ने, जागरुक बनाउने र जनमत निर्माण गर्ने हुँदा मिडियाको राम्रो अभ्यास भएका ठाउँमा राज्यमाथि जनताको निगरानी, नियन्त्रण र सहभागितासमेत उच्च बनेको हुन्छ।

प्रेस नै जनताको आवाज बनेर प्रस्तुत हुन्छ। त्यस्तो भूमिका खेल्न सक्ने प्रेस भएको ठाउँमा राज्यका निकायहरू पनि जिम्मेवार र जवाफदेही बन्ने गरेका छन्। तर, नेपालको अवस्था भने त्यस्तो छैन। प्रेससँग सम्बन्धित धेरै कानुनहरू भए पनि त्यसको व्यावहारिक अभ्यास भने गहिरिएर हेर्दा साँच्चिकै भयावह छ। अध्ययनअनुसार नेपालमा प्रेसलाई रेगुलेट गर्ने ३२ वटाभन्दा बढी कानुन छन्। ती सबै कानुनले कही न कही प्रेसको अधिकार कुन्ठित गर्न खोजेको देखिन्छ। यसका बारेमा गहन अध्ययन र बहस गर्न जरुरी छ।

विडम्वना त यो छ कि जुनसुकै राजनैतिक दल र नेताहरू सरकारमा पुगेपनि प्रेसप्रति उदारता देखाउन सकेको पाइदैन। यसले प्रश्न उठ्ने गरेको छ कि के ती मानिसहरू साँच्चिकै पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध छन् ? २०७२ असोज ३ मा जारी भएको संविधान जारी गर्दा सरकारको नेतृत्व नेपाली कांग्रेसले नै गरेको थियो। त्यतिबेला सञ्चार मन्त्रालयको नेतृत्व कांग्रेस नेता मिनेन्द्र रिजालले गरेका थिए। त्यसैगरी त्यो संविधान जारी गर्नमा नेकपा एमाले र माओवादी केन्द्रका नेताहरूको पनि त्यतिकै सक्रियता थियो। यी तीनै दल त्यसमा पनि नेपाली कांग्रेस आफूलाई सबैभन्दा बढी प्रजातन्त्रवादी भएको दावी गर्दछ। तर, प्रेसको अधिकारका दृष्टिबाट हेर्दा नयाँ संविधान अझै केही अनुदान देखिन्छ। संविधानमा जहाँ जहाँ प्रेसको अधिकार उल्लेख गरिएको छ, त्यहाँ त्यहाँ थप स्पष्टीकरण वा व्याख्या राखेर त्यो संवैधानिक व्यवस्थामाथि थप कानुन बनाउन सकिने बताइएको छ।

अरू त अरू संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारलाई समेत थप कानुन बनाएर नियन्त्रण गर्न सकिने गरी थप व्याख्या गरिएको छ। त्यस्ता स्पष्टीकरणमा पनि निकै धेरै अर्थ लाग्ने खालका शब्दहरू राखिएको छ। वृहत् अर्थ लाग्ने शब्द राखेर

मिडियाको अधिकार जतिबेला पनि छिन्न सकिने वा मिडियालाई बन्देज लगाउन मिल्ने सम्भावना देखिन्छ । त्यसैगरी बेला बेलामा सरकारले अन्य कानुन तथा नीति र निर्देशिकाहरू जारी गर्ने गरेको छ । त्यहाँ पनि मिडियाको अधिकारलाई कतै न कतैबाट नियन्त्रण गर्नेखालका प्रावधानहरु घुसाउने जोडतोडको प्रयत्न गरिन्छन् । अरू नै विषयसँग सम्बन्धित कानुन वा निर्देशिका बनाइयो भने पनि त्यसमा प्रेसलाई नियन्त्रण गरिने व्यवस्थाहरू घुसाउने गरिएको छ । सानो थाहा नहुनेखालको व्यवस्था राख्ने र त्यसमाथि टेकेर प्रेसमाथि ठूलो घन बजार्ने बेलाबेलामा प्रयास गरिन्छ । जस्तो कि विद्युतीय कारोबार ऐन बनाउँदा राखिएको एउटा दफाले आज खासगरी अनलाइन मिडियामाथि निकै ठूलो अंकुश लगाउने गरेको छ ।

विद्युतीय कारोबार ऐनको दफा ४७ कै कारण धेरै पटक पत्रकारहरू पक्राउ परेका उदाहरण छन् । प्रहरीले सोही दफामाथि टेकेर अनलाइन मिडियामा कार्यरत धेरै पत्रकार हरूलाई गिरफ्तार गरेर लामो समय थुनामा समेत राखेको छ। त्यसैगरी कतिपय पत्रकार हरूलाई बेलाबेलामा सोही दफामा टेकेर दुःख दिने गरिएको छ । जबकि दफा ४७ मा 'प्रचलित कानुनले रोक लगाएका सामग्रीहरू विद्युतीय सञ्चारमाध्यममा प्रकाशन, प्रदर्शन गर्नेलाई सजाय हुनेछ' मात्र भनिएको छ। यो एउटा यस्तो व्यापक विषय हो कि कुन कुन कानुनले के के कुरा रोक लगाएको छ भन्ने पनि एकिन छैन र त्यस्तो रोक र त्यस्तो सजाय के हुने भन्ने पनि छैन । त्यसो हुँदा यसमा प्रहरीले आफ्नो तजविजी अधिकार प्रयोग गर्दै आएको छ ।

त्यसैगरी अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिकामा पनि धेरै ठाउँमा प्रेसको अधिकार पूरै नियन्त्रण गर्ने व्यवस्था गरिएको छ। उक्त निर्देशिकाको दफा ११ अन्तर्गतका पाँचवटा उपदफामा पूरै मिडियामाथि नै प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरिएको छ। आफूलाई प्रजातन्त्रवादी भन्ने नेताहरूले जारी गरेको निर्देशिका र त्यसमा व्यवस्था गरिएका यस्ता प्रावधान यदि कोही अनुदार शासक आयो भने उसले यसमाथि टेकेर नेपालमा मिडियामाथि सजिलै प्रतिवन्ध लगाइदिन सक्ने स्थिति छ। सोही निर्देशिकाको दफा २१ को शीर्षक नै प्रकाशन अवरुद्ध गर्न सकिने भनेर नकारात्मक र धम्कीपूर्ण भावमा लेखिएको छ । उक्त दफामा "दफा ११ बमोजिम प्रकाशन गर्न नहुने सामग्री प्रकाशन वा प्रसारण गरेमा कुनै पनि अनलाइन सञ्चारमाध्यम वा त्यसको वेबसाइट अवरुद्ध गर्न सकिनेछ" भनेर लेखिएको छ। सो दफाले जोडेको अर्को दफा ११ मा यस्ता व्यापक अर्थ लाग्ने विषय उल्लेख गरिएको छ कि जुन कुराको विश्लेषण हेर्दा नेपालमा पत्रकारिता गर्न सक्ने वातावरण पूरै बन्द गर्नुको विकल्प छैन ।

प्रेसलाई जस्तोसुकै कन्टेन्ट लेख्यो भने पनि त्यो दफा लगाएर त्यसमाथि सजाय दिन सकिने यसले बाटो खोलेको छ। उक्त दफा ११ मा यस्तो लेखिएको छ, "(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय ईकाइ बीचको सु-सम्बन्ध, विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्वन्ध खलल पर्ने, (ख) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने, (ग) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्ने, (घ) श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरुत्साहन गर्ने, (ङ) आधिकारिक स्रोत नभएका, भ्रम श्रृजना गर्ने खालका तथा अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतिकूल असर पर्ने । देहायका सामग्रीहरू अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण गर्न पाइने छैन। यो निर्देशिकाले त मिडियाको अधिकार सबै कटौती गर्छ र मिडियामाथि जतिबेला पनि दण्ड दिनसकिने प्रावधानको सुरुवात हो । यस्ता अन्य थुप्रै कानुनहरू छन, जसले नेपालमा मिडियाको अधिकारलाई जतिबेला, जहाँ र जस्तो अवस्थामा पनि कटौती गरेर मिडियामाथि कडाभन्दा कडा नियन्त्रण लाद्न सक्ने अवस्था छ। त्यसैले मिडिया अधिकारको कडा वकालत गर्नु हामी सबैको दायित्व बन्न गएको छ।

## अभिव्यक्ति स्वतन्त्रता

प्रेस स्वतन्त्रताकै अर्को पाटो अभिव्यक्ति स्वतन्त्रता हो । अभिव्यक्ति स्वतन्त्रताको अभ्यास पत्रकारितामै बढी हुन्छ । जब नागरिकले आफूलाई लागेको कुरा बोल्न पाउँदैन, आफूले पठाएका जनप्रतिनिधिका काम मन परेन भने विरोध गर्न दिइदैन भने वास्तविक अभिव्यक्ति स्वतन्त्रता हुँदैन।

नेपालको कानुनमा अभिव्यक्ति स्वतन्त्रतालाई पनि मौलिक अधिकारका रूपमा राखिएको छ। तर, त्यही संविधानमा टेकेर बनाइएका अन्य थुप्रै अधिकारहरू छन जुन सिधासिधा कटौती भइरहेको छ। एउटा पत्रकारले निकै ठूलो दुःख गरेर रिपोर्ट बनाउँछ, लेख लेख्छ, वा कुनै सामाग्री तयार गर्छ तर त्यसवापत सरकारले भटाभट मुद्दा दायर गरेर त्यसलाई सजाय दिन सकिने अवस्था छ। अभिव्यक्ति स्वतन्त्रताको प्रयोग त मिडिया र मिडियाकर्मीले मात्र होइन, आमनागरिकका लागि हो । तर, यी अधिकार धेरै बढी आक्रमणमा पर्ने गरेका छन् । सरकार स्वयं यी संवैधानिक व्यवस्थामाथि अनुदार बनेर प्रस्तुत हुने गरेको छ।

जहाँ प्रेस स्वतन्त्रतालाई वास्तविकरूपमा व्यवहारमा उतारिन्छ, त्यहाँको प्रेस जिम्मेवार

पनि बन्छ । प्रेस बलियो बन्न सकेमा मात्र त्यहाँ राम्रो विकास हुने वा अनियमिता, भ्रष्टाचार रोकिने अवस्था हुन्छ । नत्र राज्यमा शासकहरूको मनपरी चल्छ । त्यसैले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नु हामी सबैको दायित्व बनेको छ ।

सामाजिक सञ्जाल, केही अज्ञात ब्लग र केही अनलाईन सञ्चारमाध्यमहरूले गरेको केही गल्तीमाथि टेक्दै सरकार र राजनैतिक दलका नेताहरूले कहिले काहीँ सबै मिडियालाई नै आरोप लगाउने गरेको पाइन्छ ।

अतः हाम्रो देशमा वर्तमान कानुनी व्यवस्थाले नागरिकको सार्वभौम अधिकार र राजनीतिक अधिकार, अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था गरेपनि त्यो व्यवहारमा लागू भएको छैन । यस्तो अवस्थामा जब शासन व्यवस्था अनुदार व्यक्तिहरूको हातमा पुग्छ, त्यतिबेला यो खत्तरा झन् बढेर जान्छ । त्यसलाई नियन्त्रण गर्ने, खवरदारी गर्ने र जनताको स्तरबाट जनमत बनाएर मात्र प्रेसको अधिकारलाई संरक्षण गर्ने र त्यसबाट हुर्किने जनताका मावनअधिकार, राजनीतिक अधिकार सुनिश्चित गर्न सकिन्छ ।

मूल कुरा राज्य वा सत्ताको प्राधिकारमा पुग्नेहरू मिडियाको शक्ति वा भूमिकाबाट किन डराउँछन् भन्ने नै हो । हिजोसम्म केही सीमित व्यक्ति, संस्था वा समूहको हातमा मिडिया थियो । तर, आज प्रविधिको विकासले मिडियाको पहुँच आमनागरिकको हातमा पुग्यो । आमनागरिकले यस्ता माध्यामहरू सहजै प्रयोग गरेर आफ्नो विचार अभिव्यक्त गर्न सक्ने भएका छन् । सरकार वा प्राधिकार प्राप्त उच्च ओहोदामा बस्नेहरू विरुद्ध सजिलै प्रश्न उठाउन सक्ने भएका छन् । यस्तो अवस्थालाई घुमाउरो पाराले आफ्नो नियन्त्रणमा ल्याउन सरकारले प्रयत्न गरिरहेको जस्तो देखिन्छ । पत्रकारिता क्षेत्र वा आमनागरिकको वौद्धिक क्षमता अभिवृद्धि गर्ने दायित्व त सरकारको पनि हो ? त्यो दायित्व निर्वाह नगरेर लगाम लगाएर त्यसलाई रोक्नतिर लाग्नु अनुदार नियत वाहेक अरू केही होइन ।

त्यस्तै नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाइएकै कारण समाजमा ठूला ठूला विद्रोह हुने गरेका छन् । विचार व्यक्त गर्न पाउने, अधिकारको सदैव सरकारले सम्मान गर्नुपर्छ । त्यसलाई प्रेरित गर्नुपर्छ । विचार व्यक्त गरेकै कारण त्यसलाई अवैध घोषणा गर्ने र कानुनी डण्डा बर्साएर तह लगाउन खोज्ने राज्य सञ्चालकहरूको नियतमाथि प्रश्न उठ्नु स्वभाविक छ । ल्याउन खोजिएका कानुन वा संविधानले ढिलो चाँडो त्यही अवस्था सिर्जना गर्ने सम्भावना देखिन्छ । त्यसका विरुद्ध आमअधिकारकर्मी, पत्रकार र नागरिक सचेततापूर्वक लाग्न आवश्यक छ ।

***(जैसी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ) ।***

# प्रेसमाथि “सेन्सरसीप” र “अवहेलना”को हतियार

**यम विरही**

अदालतको अवेहलनासम्बन्धी मुद्दामा कान्तिपुर पब्लिकेसन्समाथि छानबिन गरी गलत सूचना प्रकाशित गरेको भेटिएमा रोक्न प्रेस काउन्सिल नेपाललाई आदेश दिनेगरी गत वर्षको फागुन १३ गते सर्वोच्च अदालतले दिएको आदेशले न्यायिक वृत्त र सञ्चार जगत्मा हलचल नै पैदा गरायो । तत्कालीन प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको एकल इजलासले दिएको आदेशमा त्यतिबेला छानबिनका लागि काउन्सिललाई आदेश दिँदै पब्लिकेशन्सका अध्यक्ष तथा प्रवन्ध निर्देशक, सम्पादकसहित पाँचजनालाई तीन दिनभित्र वयानमा हाजिर हुनसमेत भनेको थियो । सर्वोच्चमा विचाराधीन मुद्दामा अनावश्यक समाचार प्रकाशन गरी प्रधानन्यायाधीशको न्याय सम्पादन कार्यमा अवरोध र न्यायपालिकामा विचलन ल्याउने कार्य गरेको दाबीसहित दायर एक मुद्दामा बयानका लागि डाक्दै छानबिनसमेत गर्न भनिएपछि न्यायालयले मुद्दामा विपक्षी नै नबनाइएको काउन्सिललाई आदेश दिएर प्रेसमाथि ‘सेन्सरसीप’ लगाउन खोजेको भन्दै सञ्चार क्षेत्रमा प्रश्न उठ्यो ।

‘संविधानको धारा १७ को उपधारा (२) को देहाय (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ को उपधारा (१) ले सञ्चारको हकको प्रत्याभूति गरिएको भएता पनि ती हकहरू निरपेक्ष छैनन्,’ त्यो आदेशमा लेखिएको थियो, ‘ती हकको प्रयोग गर्दा सार्वजनिक शिष्टाचार एवं नैतिकताको प्रतिकूल नहुने गरी र अदालतको अवहेलना नहुने गरी गर्नुपर्ने स्पष्ट सीमा संविधानमा निर्धारण गरिएको छ ।’ सोही सन्दर्भमा प्रेस काउन्सिल ऐनअनुसार आचारसंहिता उल्लङ्घन भएनभएको विषयमा कारवाही गर्ने क्षेत्राधिकार काउन्सिललाई रहेको भन्दै आचारसंहिता उल्लङ्घन भएको पाइएमा छानबिन र अध्ययन गरी फेरि नदोहोरिने वातावरण मिलाउन भनिएको थियो ।

यसअघि २०७४ पुस १८ गते उच्च अदालत पाटनबाट अनलाइन पत्रिकाबाट समाचारको स्रोत खोज्न पाउने प्रहरी कदमलाई बाटो सहज बनाइदिने गरी आदेश भयो । उच्च अदालत पाटनका मुख्य न्यायाधीश प्रकाश कुमार ढुंगाना र न्यायाधीश नीता गौतम दीक्षितको संयुक्त इजलासले अनुसन्धान अधिकारीबाट सूचनाको स्रोत माग्दैमा प्रेस स्वतन्त्रतासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय मुल्य-मान्यता र परिपाटीलाई कुण्ठित नियमन, बन्देज वा कटौती गर्नसक्ने अवस्था नदेखिने भन्दै आदेश दिएपछि

सूचनाको स्रोत गोप्य राख्नुपर्ने सञ्चारमाध्यमको मान्यताका विषयमा प्रश्न उब्जियो। र, यो आदेशले संवैधानिक मान्यता र इतिहासदेखि विकसित परम्परा नै परिवर्तन गर्न हाम्रो अदालत अग्रसर भएको हो कि भन्ने आशंका ठाउँ दियो।

सुशासन न्यूज डटकम र मूलधार न्युज डटकमले महानगरीय प्रहरी परिसरबाट तत्कालीन प्रहरी नायव महानिरीक्षक नवराज सिलवालको कार्यसम्पादन मुल्यांकनका विषयमा प्रकाशित समाचारसँग सम्बन्धित कागजात तथा समाचारको स्रोत मागेको कार्यले सविधानप्रदत्त सञ्चारको अधिकारमाथि अतिक्रमण गरेको दाबीसहित उच्च अदालत पाटनमा दायर भएको एक रिटमा यस्तो आदेश भएको थियो हुनतः यो प्रकरणमा अन्तिम फैसला आउन बाँकी नै छ, तर आदेशको व्याख्यालाई हेर्दा मिडियाले समाचारको स्रोत खुलाउन नपर्ने उन्मुक्तिमाथि बन्देज लाग्नसक्ने सम्भावनाको ढोका खोलिदिएको छ। माथिल्लो अदालतबाट यदि बदर नभएमा सूचनाको स्रोतसम्बन्धी अहिलेसम्मको मान्यता यही मुद्दामा भएको व्याख्याबाट कमजोर हुने खतरा छ।

आफूहरू विरुद्धको प्रहरी अनुसन्धान रोकिपाउन ह्वाइट स्टार मिडिया प्रा.लि.र न्यूज मिडिया प्रा.लि.का सम्पादक मदन भण्डारी र रविसिंह धामीले संयुक्तरूपमा उक्त रिट दायर गरी प्रहरीको अनुसन्धानलाई  चुनौती दिएका थिए। हाल ललितपुरबाट संघीय प्रतिनिधिसभामा निर्वाचित रहेका (तत्कालीन डिआइजी) नवराज सिलवालले 'आइजिपी' प्रयोजनका लागि सर्वोच्च अदालतमा पेश गरेको भनिएको फरक कार्यसम्पादन मूल्यांकनको विषयमा आफूसँग भएका कागजात र सूचनाको स्रोत उपलब्ध गराउन ती अनलाइन पत्रिकाहरूसँग अनुरोध गरिएको पत्र जारी गरिएपछि उक्त विषयले अदालतमा मुद्दाकोरूप लिएको हो।

उच्च अदालत पाटनको आदेशमा प्रहरी छानबिनका लागि सूचना उपलब्ध गराएर प्रहरीलाई सहयोग गर्नुपर्ने आसयसहितको आदेशसका कारण पत्रकारलाई 'सम्पत्ति मानिएको समाचारको स्रोत खोल्न बाध्य नहुने' भन्ने महत्वपूर्ण हतियार खोसिने त होइन भन्ने चिन्तासमेत थपिएको छ। पत्रकार आचारसंहिता २०७३ को दफा ८ बमोजिम समाचारको स्रोत खुलाउन नपर्ने उन्मुक्ति पत्रकारिलाई दिइएको छ। आचारसंहिताले नै पत्रकारले स्रोत खोल्न नहुने कुरालाई संरक्षण गरेको छ। र, अन्तर्राष्ट्रिय अभ्यासहरूले समेत पत्रकारलाई सूचनाको स्रोत खोल्न बाध्य बनाउन सकिदैन भन्ने मान्यता स्थापित छ।

हाम्रो संविधानको धारा १९ (२) मा भनिएको छ, 'कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय

उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।' यसको अर्थ सूचना जफत गर्न पाइने भन्ने अर्थ गर्न कुनै हालतमा पनि मिल्दैन ।

पत्रकारिता पेशा राज्यकै पद्धति र व्यक्तिबाट प्राप्त हुने सूचना र जानकारीमा निर्भर हुने हो । पत्रकारिताको भाषामा 'स्रोत' भनिने यस्ता व्यक्तिले दिने सूचनाकै आधारमा संसारमा ठूलाठूला घटनाको रहस्योद्घाटन भएको कुरा बिर्सन मिल्दैन । स्रोत गोप्य नराख्ने पत्रकारलाई समाचार स्रोतले समाचार नदिने मात्र होइन, पेशागत धर्म निर्वाह नगर्ने व्यक्तिको रूपमा चिन्छ । जस्का कारण अन्ततः त्यो पत्रकार कमजोर र निरीह सावित हुन्छ । स्रोत खुलाउनु पर्ने अवस्था आइपरेमा त्यस्ता अनेकौ काण्ड ओझेलमा पर्ने अवस्था आउन सक्छ र समग्रमा चौथो अंगको भूमिका कमजोर हुने खतरा पैदा गर्दछ ।

संसारकै सबैभन्दा ठूलो काण्डका रूपमा चिनिएको 'वाटरगेट काण्ड' जसले तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको राजीनामासम्म पुऱ्याएको थियो । त्यो काण्ड बाहिर ल्याउन सञ्चारमाध्यमको तागत सबैभन्दा ठूलो दृष्टान्त हो । अमेरिकी पत्रकारद्वय बब उडवार्ड र कार्ल बर्नस्टिनले गरेको अनुसन्धानात्मक रिपोर्टकै आधारमा निक्सनले सन् १९७४ मा पदबाट राजीनामा दिए । 'डिप थ्रोट' नामको स्रोतमार्फत समाचार छापिएको इतिहास पढ्न र जानकारबाट सुन्न पाइन्छ । राष्ट्रपति निक्सन सामाचारमार्फत अपराधीहरूसँगको सम्बन्ध स्थापित भएपछि अन्ततः राजीनामा दिन बाध्य भए ।

'वाटरगेट काण्ड' को करिब ३ दशकंपछि उक्त नामबाट सूचना दिने व्यक्ति एफबीआईको दोस्रो ठूलो दर्जामा रहेका पत्रकार विलियम मार्क फेल्ट सियिनर भएको सन् २००५ मा सार्वजनिक भएको थियो । मार्क फेल्टले नै आफू 'डिप थ्रोट' भएको जानकारी गराएका थिए । यस काण्डबाटै अमेरिका जस्तो शक्तिशाली मुलुकमा पनि  समाचारको स्रोतको रहस्य उजागर भएको थियो । हाम्रै मुलुकमा पनि खैरो हिरोइनका अन्तर्राष्ट्रिय तस्कर गोर्डन विलियम रविन्सन (बेलायती नागरिक) सँग सर्वोच्चका न्यायाधीशको 'नेक्सस' देखिएको समाचार प्रकाशित भएपछि सर्वोच्चकै दुईजना बहालवाला न्यायाधीशले राजीनामा दिनुपरेको, अदालतमा घुस लेनदेनको 'सिडी काण्ड' लगायत विगतमा दर्जनौ

दृष्टान्तहरू छन् ।

त्यस्ता समाचार स्रोतकै हवला दिएर बाहिर आएका थिए । पत्रकारहरूको सहयोगमा धेरै व्यक्तिहरूको मानव अधिकार संरक्षण भएका उदाहरण छन् । कति घटना हुनबाट बचेका पनि छन् । अनि कसैको जिउ ज्यान जोगिएको छ भने पीडितले राहत र क्षतिपूर्ति प्राप्त गर्न सकेका छन् । गोप्यतालाई रक्षा कवज बनाएर राज्यले सूचना लुकाउन पाउँदैन । यदि कुनै सूचना लुकाईको छ भने त्यहाँ सन्देह रहन्छ । स्रोतमार्फत प्राप्त सूचना बाहिर ल्याएर सार्वजनिक हक-हितको जगेर्ना गर्ने र राज्यलाई हानी हुनबाट जोगाउने पत्रकारको धर्म नै हो । सञ्चारकर्मीले त्यस्ता गोप्य सूचना ल्याएर सञ्चारमाध्यममार्फत उजागर गर्छ भने त्यो उस्को खुवी हो । त्यस्ता सूचनाले पारदर्शिता कायम गरी अनियमितता वा क्षति हुने अवस्थाबाट बचाउँछ ।

'गोप्यता' सरकारको हितमा नभई समग्र नागरिकको हितमा हुनुपर्छ । नत्र राज्य स्वेच्छाचारी हुने खतरा रहन्छ । गोपनीयताको नाममा हुने स्वेच्छाचारिता रोक्न नागरिक अधिकारका लागि संविधानमा न्यायिक पुनरावलोकनको अधिकार अदालतलाई अवशिष्ट अधिकारको रूपमा दिइएको हो । सरकारी कामकारवाहीमा पारदर्शिता, सरकारको खुलापन, जनउत्तरदायी सरकार, सूचनामा नागरिकको पहुँचजस्ता मान्यता स्थापित गर्न सूचनाको हकको सुनिश्चितता अपरिहार्य छ । तर, स्पष्ट कानुनको अभावले के कस्ता सूचना प्रवाह गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सरकारी प्रवक्ता नै अन्योलमा भने परेको अवस्था छ ।

२१ औं शताब्दीको विश्वमा यो कुरा बिर्सन हुँदैन कि स्वतन्त्रताका लागि स्वतन्त्र प्रेस आवश्यक हुन्छ । प्रेस स्वतन्त्रतामार्फत नै समाजमा चेतनाको विकास सम्भव छ । न्यायपालिका र प्रेस स्वतन्त्र समाजका लागि नभै नहुने विषय हुन् । फेरी प्रेस स्वतन्त्रताको विकास र सम्बर्द्धन गर्ने पनि स्वतन्त्र न्यायपालिकाले नै हो । स्वतन्त्र प्रेसले स्वतन्त्र न्यायपालिकाको सम्मान गर्नुपर्छ । न्यायाधीशलाई आफ्नो स्वतन्त्रता सुनिश्चित गराउने माध्यम पनि प्रेस नै हो । अनुशासनलाई व्यवस्थित गर्ने र अनुशासन तोडी स्वतन्त्र अदालतको आदेश पालना नगर्ने व्यक्ति वा संस्थालाई सजाय गर्न अदालतलाई अन्तर्निहीत अधिकार छ । अदालतको मर्यादालाई खलल् पुऱ्याउने कार्यमा प्रे ससजग हुनु पनि पर्दछ । रसियाका प्रधानन्यायाधीश भ्याचेस्लाभ लेवेदेव दुई वर्षअघि नेपाल भ्रमणमा आएका बेला न्यायालयको संवेदनशीलताका विषयमा सञ्चारकर्मीसँग भनेको कुरा यहाँनेर स्मरणीय छ, 'एउटा पत्रिकाले झिँगालाई मारे जसरी एकजना न्यायाधीशलाई

सजिलै सिध्याउन सक्छ।' न्याय र न्यायाधीश संवेदनशील चिज रहेको स्मरण गराउँदै न्यायालयका समाचार सम्प्रेसणमा पत्रकार गम्भीर हुनुपर्ने सन्दर्भमा लेवेदेवले यस्तो भनाई राखेका थिए। यस अर्थमा प्रेसलाई पनि सिमारहित उन्मुक्ति भने छैन भनेर बुझ्न पनि आवश्यक छ।

कानुनबमोजिम अदालतबाट न्याय सम्पादन गर्ने वा न्यायको माग गर्ने कार्यलाई बाधा, अवरोध, प्रभाव पार्ने, न्यायमूर्तिको सम्मान र प्रतिष्ठामा आघात पुऱ्याउने जुनसुकै कार्यले अदालतको अवहेलना पुऱ्याएको मानिन्छ। कानुनबमोजिम स्वतन्त्र एवं निष्पक्षरूपले अदालतले न्याय सम्पादन गर्नसक्ने र जोसुकैले निर्भीकतापूर्वक न्यायको माग गर्नसक्ने वातावरण तयार गरिदिनु प्रेसको दायित्वभित्र पर्ने कुरा हो। न्यायाधीशले पनि यो बिर्सन हुँदैन, अदालतको अवहेलनासम्बन्धी कारवाही न्यायाधीशको वैयक्तिक संरक्षणका लागि होइन। स्वतन्त्र न्यायपालिकाको जगेर्नाका लागि हो। निपष्क्ष र निर्भीक न्यायलाई अक्षुण्ण राख्ने सबालमा संरसारमा अवहेलनाको हतियार अदालतलाई दिइएको हुन्छ। न्यायपालिकाको प्रतिष्ठा राख्न प्रेसले सहयोग पुऱ्याउनुपर्नेमा विवाद छैन। तर, यसो भन्दैमा न्याय प्रशासन वा अदालती कामकारवाहीसँग सम्बन्धित कानुन वा नियमको विरुद्धमा भएगरेका कार्यलाई लिएर सार्वजनिक हितको विषयमा मनासिव आलोचना, तर्क, वितर्क, टिप्पणी गर्न नहुने भन्ने हुँदैन। यस्तो विषयमा अदालतले सधैं सदासयता राख्नुपर्ने विकसित न्यायिक मान्यता नै छ। तर, प्रकाशित समाचार सामग्री पूर्वाग्रहपीडित वा वेइज्जती गर्ने खालको छ, छैन भन्ने विषय भने विचारणीय विषय हुन्छ नै। कुनै मुद्दा विचाराधीन रहेको जानकारी हुँदाहुँदै त्यस्तो वास्तविकता थाहा पाएर पनि त्यसबाट पर्ने प्रभावलाई बेवास्ता गरिएको छ भने अवहेलना हुन्छ भनेर एक पत्रकारले बुझ्न आवश्यक पनि छ।

र, अन्त्यमा नेपाली पत्रकारिता कर्नाल फुकेर, दमाहा बजाएर, शंखनाद गरेर, झ्याली पिटेर समाचार र खवर दिने युगबाट यात्रा प्रारम्भ गर्दै जंगबहादुरले बेलायतबाट ल्याएको 'गिद्दे प्रेस' बाट आधुनिकतातर्फ विकसित भएको इतिहास छ। यसरी हामी आज सञ्चारको नयाँ जमानामा प्रवेश गरेका छौं। हाम्रो अनुभवले अधिनायकवादी शासन व्यवस्थामा प्रेस स्वतन्त्रता नगन्य हुने र सरकारी नियन्त्रणअन्तर्गत रहने देखाएको छ। हाम्रै सन्दर्भमा पञ्चायती शासन प्रणाली र २०५९ माघ १९ को शाही 'कु' पछि सञ्चारमाथि लागेको अंकुशलाई उदाहरणका रूपमा लिन सकिन्छ। यसरी सूचना प्राप्तिको विषयलाई खुम्च्याएर होइन, अझै खुकुलो, परिष्कार र उन्नत बनाएर

लैजानुपर्ने अवस्था छ। मानव अधिकार रक्षकसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९९८ ले पत्रकारलाई पनि मानव अधिकार रक्षकको रूपमा मान्यता दिइसकेको छ। प्रेसलाई माथिल्लो दर्जाको स्थान दिँदै वर्तमान संविधानको प्रस्तावना र धारा १७ (२) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा धारा २७ ले सूचनाको हकलाई सुनिश्चित गरेको हो। संविधानले नै सूचनाको हक अहरणिय र अकुण्ठित रूपमा बलियो बनाएको सन्दर्भमा कुनै पनि बहानामा न्यायालय वा राज्यका कुनै अंगले प्रेसलाई कम आँक्न मिल्दैन। र, सूचनामा लगाइने अंकुश अहिलेको जमानामा सीवकार्य हुने र सहन गर्ने कुरै होइन। तर प्रेस, न्यायालय वा राज्यका सबै निकायले आफ्ना सीमा र धर्मलाई वास्तविक अर्थमा बुझ्न भने जरुरी छ।

***(विरही नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)।***

# अनलाइन पत्रकारिता र प्रेस स्वतन्त्रता

**उज्ज्वल आचार्य**

इन्टरनेटलाई माध्यमका रूपमा प्रयोग गरेर आमनागरिकसम्म सूचना र विचार पुऱ्याउने अनलाइन पत्रकारितामा गएका केही वर्षहरूमा नेपालले उल्लेख्य फड्को मारेको छ। आधारभूत रूपमा अनलाइन पत्रकारिताले प्रचलित पत्रकारिताकै मूल्य मान्यता र सिद्धान्तमा आधारित भए पनि नयाँ माध्यमका लागि चाहिने थप शीप र परिवर्तनका कारण स्थापित मिडिया, पत्रकार र पत्रकारिताकामा यसले केही रूपान्तरण गरेको छ। रूपान्तरणको प्रक्रियामा कतिपय स्थापित शक्तिशाली मिडियाहरू हराउने र केही नयाँ मिडियाहरूको उदय हुने एवं पुराना मिडियाहरूको भूमिका र अवस्था परिवर्तन हुने कुरा नौलो भएन। प्रविधिको विकाससँगै विकसित पत्रकारिताको यो कान्छोरूपले अहिले विश्वभर पत्रकारिताको संस्थापनलाई जीवित रहनका लागि समयानुकूल परिवर्तन गरेर अनलाइनमा जोड दिन बाध्य बनाएको छ।

नेपालमा पनि स्थापित छापा र विद्युतीय पत्रकारिताका चुनौतीका रूपमा अनलाइन पत्रकारिताको उदय भएको छ र विश्वका अन्य देशहरूमा जस्तै ढिलोचाँडो अनलाइन पत्रकारिता मूलधारको आमसञ्चारमाध्यम बनेर सबैभन्दा अगाडि आउने कुरामा कसैको बिमति नहोला। हालैको समयमा नेपालमा जुनस्तरमा स्थापित पत्रकारहरूले अनलाइन पत्रकारितामा रुचि देखाउने र जसरी यो क्षेत्रमा अवसर देखेर लगानी आएको छ त्यसले नेपाली पत्रकारिता क्षेत्रमा सकारात्मत परिवर्तनहरू ल्याएको देखिन्छ। बढ्दो प्रतिस्पर्धाका कारण फरक स्वाद र विषयवस्तुका समाचार र विचारहरूसँग नागरिकको पहुँच बन्ने, स्थापित मिडियाले गरिआएको अजेण्डा निर्माणको भूमिकालाई चुनौती दिने मात्रै होइन, श्रमजीवी पत्रकारहरूका लागि पारिश्रमिकलगायतका सुविधाहरूमा समेत सकारात्मक परिवर्तन अनलाइन पत्रकारिताले ल्याएको छ। यसले बहुलवादी समाज र लोकतन्त्रलाई बलियो बनाउनसमेत मद्दत गर्छ।

यद्यपि नेपालमा अनलाइन पत्रकारिता पछिल्लो समयमा बदनाम बनेको छ। विशुद्ध पत्रकारिता नभई पत्रकारिताका मूल्य-मान्यता विपरितका निश्चित केही स्वार्थ बोकेका केही अनलाइनहरू, नेपाली आमनागरिकमा रहेको मिडिया एवं सूचना साक्षरताको कमी र अनलाइन सञ्चारमाध्यमका सबै पक्षका बारेमा स्पष्ट हुननसकेका नीति निर्माताहरूका कारण अनलाइन पत्रकारिताका सकारात्मक पक्ष ओझेलमा परेर

नकारात्मकताको पक्षपोषण भएको छ। पत्रकारिताको नाममा दलगत वा दलविशेषका गुटगत पक्ष वा निश्चित व्यक्ति वा संस्थाको पोषण गर्न खोलिएका वा इन्टरनेटबाट आम्दानी गर्ने अवसरलाई उपयोग गर्न चोरेका समाचार र बिक्ने शीर्षकका भरमा चलाइएका अनलाइनहरूमा पत्रकारिताका सामान्य मूल्यमान्यतासमेत पालना नगरेको सामग्रीहरू देखिन्छ। सूचना साक्षरता कम भएका हामी धेरै नेपालीहरूमा समाचारलाई आलोचनात्मकरूपमा विश्लेषण गर्ने क्षमता कम छ जसले अरूका गलत कार्यका कारण पत्रकारिता बदनाम भइरहेको छ।

इन्टरनेटमा आधारित समाचार साइटहरूलाई अनलाइन मिडिया र अहिले चर्चामा रहेको फेसबुक वा ट्विटरजस्ता सेवाहरूलाई सोसल मिडिया भनिँदा व्यक्तिगतरूपमा चलाउन सकिने सोसल मिडिया पनि पत्रकारिता वा प्रेस अर्थ लाग्ने 'मिडिया' भएको भ्रम धेरैमा हुन्छ। अझ व्यक्तिगत साइट र ब्लगसमेत त्यसमा थपिँदा त सामान्य मानिसको बुझाई गञ्जागोल नै हुन्छ। अनि अनलाइनसमेत मूलधारका मिडियाहरूको सोसल मिडियामा बलियो उपस्थितिले कुन पत्रकारिता, कुन व्यक्तिगत विचार, कुन सही, कुन गलत छुट्याउन हम्मेहम्मे नै पर्छ। नेपालका नीति निर्माताहरूको सोच पनि त्यहि कमजोरीबाट प्रेरित देखिन्छ। जसका कारण अनलाइन मिडियाका लागि बनेका नियम र निर्णयहरू सहि लयमा देखिएका छैनन्।

समग्र नेपाली पत्रकारिता जगत्लाई बुझ्नुपर्ने निकायका रूपमा रहेको प्रेस काउन्सिल नेपालले एउटा समाचारको शीर्षकका कारण कार्वाही गरेको वक्तव्य निकालेको र आफ्ना प्रकाशनहरूमा यथेष्ट स्थान दिएको एउटा वेबसाइटका सामग्रीहरूमा साथीभाइका बीच पनि बोल्न नसकिने शब्द प्रयोग गरिएका अश्लील सामग्रीहरू पनि छन् भन्ने कुराको हेक्का पुऱ्याएको देखिदैन। वास्तवमा त्यो वेबसाइट पत्रकारिताको अभ्यास गर्ने साइट थिएन, समाचारको आवरणमा अश्लील सामग्री बेचेर आर्थिक फाइदा लिने प्रयास थियो जसलाई राज्यको निकायले दुरुत्साहित गर्नुका साटो मिडियाको रूपमा प्रचार गरिदिएर अनलाइन पत्रकारितालाई बदनाम गरिदिन मद्दत पुऱ्यायो।

## इन्टरनेट र प्रेस स्वतन्त्रता

विचार तथा अभिव्यक्ति स्वतन्त्रता आधारभूत मानव अधिकार हो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६७ र मानव अधिकारसम्बन्धी

विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ मा सुनिश्चित गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा माध्यमको आधारमा फरक नहुने भनी तोकिएका कारण त्यो अधिकार इन्टरनेटमा समेत लागू हुन्छ । अभिव्यक्ति स्वतन्त्रताको अधिकारअन्तर्गत सूचना तथा विचारहरू 'खोजी गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने' अधिकार सामेल रहने कुरा अन्तर्राष्ट्रिय मापदण्डहरूमा उल्लेख छ । यही अधिकारहरू नै प्रेस स्वतन्त्रताको जग हो ।

नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत प्रत्येक नेपाली नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरिएको छ । यसअन्तर्गत इन्टरनेटको प्रयोग गरेर गरिने विचार र अभिव्यक्तिको स्वतन्त्रतासमेत पर्दछ । त्यसैगरी संविधानको धारा १९ मा सञ्चारको हकअन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन भन्ने व्यवस्था गरिएको छ । यी अधिकारहरूको प्रत्यायोजनमा नै प्रेस स्वतन्त्रता निहीत छ । यस अर्थमा अनलाइन वा अन्य प्रकारका पत्रकारितामा कानुनन् कुनै विभेद गरेको छैन । साथै, पत्रकार नभए पनि कुनै पनि नेपाली नागरिकले इन्टरनेटसहितका कुनै पनि माध्यमबाट प्रसार गर्ने सामग्रीहरू समेत यही व्यवस्थाअन्तर्गत उनीहरूको अधिकारका कुरो हुन्छ ।

तर, अभिव्यक्ति स्वतन्त्रता निरपेक्ष अधिकार भने होइन, यसका केही वैध सीमाहरू छन् । अन्तर्राष्ट्रिय सन्धिहरू वा राष्ट्रिय कानुनहरूमा ती वैध सीमाहरूको व्याख्या गरिएका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६७ को धारा १९ ले अरूको अधिकार वा प्रतिष्ठाको सम्मान तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरेको छ । त्यसैगरी धारा २० ले युद्धको लागि गरिने कुनै पनि प्रचार एवं भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालत निषेध गरेको छ । नेपालको संविधानमा भएको व्यवस्थाअनुसार नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल् पर्ने राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य

गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई प्रोत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी कानुन बनाउन संसद्‌लाई अधिकार प्राप्त छ ।

## अभिव्यक्ति अधिकारका सीमा

विश्वव्यापीरूपमा ग्रहण गरिएका विचार तथा अभिव्यक्ति स्वतन्त्रताका सीमाहरू मूलतः ४ विषयमा केन्द्रित छन् १. गाली बेइज्जती २. घृणायुक्त अभिव्यक्ति ३. गोपनीयता हनन् र ४. अश्लीलता । पछिल्लो समयमा मिथ्या समाचारका कारण प्रजातन्त्र र मानव अधिकारमाथि हुनसक्ने गलत प्रभावका कारण यसलाई पनि नियन्त्रण गर्ने कानुन बन्नुपर्नेमा विश्वभर एकमत हुँदै गएको छ ।  मिथ्या समाचार (अङ्ग्रेजीमा फेक न्युज) भनेको जनमत प्रभावित गर्ने उद्देश्यले मूलतः झुटो वा गलत वा भ्रमपूर्ण वा अनर्थरूपमा घटना, अभिव्यक्ति, तथ्याङ्क र तर्क प्रयोग गरेर वा व्याख्या गरेर समाचारका रूपमा प्रस्तुत आमसञ्चारका माध्यम वा इन्टरनेटका सामग्री बुझाउछन् । सेन्टर फर मिडिया रिसर्च नेपालका अनुसार पीत पत्रकारिता वा प्रोपगन्डा भनिएका सबै सञ्चार सामग्रीलाई मिथ्या समाचारका रूपमा लिन सकिन्छ र इन्टरनेटको विकास विशेषगरी आममानिसले सहजरूपमा सामग्री प्रकाशन र वितरण गर्न सक्ने सोसल मिडियाको विस्तारका कारण मिथ्या समाचारको प्रयोग अझ बढी हुन गएको हो ।

हाम्रो परिप्रेक्ष्यमा घृणायुक्त अभिव्यक्ति बारेमा आवश्यक कानुनहरू छैनन् भने र गोपनीयता, अश्लीलता र गाली बेइज्जतीका कानुन वा कानुनी व्यवस्थाहरू अपूर्ण रहेका छन् । विशेषगरी इन्टरनेटको आगमनपछि विकसित परिवेशमा ती पूर्ण हुनसक्दैनन् । केही विषयहरू समेटिने कानुनहरू बन्ने क्रममा रहेका छन् ।

## अनलाइन पत्रकारिता र कानुन

नेपालमा अनलाइन पत्रकारिताको टाउकोमाथि बाँधिएको तरवारको रूपमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ रहेको छ । यो दफाले इन्टरनेटमा प्रकाशन हुने सामग्रीका लागि ५ बर्ष सम्मको कैद वा १ लाख सम्मको जरिवाना वा दुवै हुनसक्ने व्यवस्था छ । दफा ४७ अनुसार ‘कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चारमाध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा

सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल् पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।' जसरी पनि व्याख्या गर्न मिल्ने यो दफाले राज्यलाई तजविजि अधिकार दिएको छ। जसले गर्दा यो दफाको सबैभन्दा बढी प्रयोग पत्रकारहरूलाई दुःख दिनका लागि भएको देखिन्छ। यो गलत दफाका कारण कतिपय अवस्थामा कार्वाही हुनुपर्ने अभिव्यक्ति अधिकारका सीमाभन्दा बाहिरका सामग्रीहरू कार्वाहीमा नपर्ने र कार्वाहीमा पर्नुनपर्ने पत्रकार वा नागरिकलाई अनावश्यक खिचलो आइपर्ने देखिएको छ। यसले अनलाइन पत्रकारितामा हकमा प्रेस स्वतन्त्रतालाई संकुचित पार्ने प्रयास गरेको छ।

२०७५ साल भाद्र १ गतेबाट लागू हुने फौजदारी कसूरहरूलाई नियमन गर्ने अपराधसंहितामा इन्टरनेटसँग प्रत्यक्ष सरोकार राख्ने केही कसूरहरू छन् । मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद ५ को दफा १२१ मा अश्लील प्रकाशन र प्रचारप्रसारका बारेमा व्यवस्थामा कसैले पनि शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा रेखाचित्र, चलचित्र, तस्बिर रेकर्ड वा अरू कुनै वस्तु बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विद्युतीय सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्नु हुँदैन ।

त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजायको व्यवस्था गरिएको छ। त्यस्तै अपराधसंहिताले अनुमतिबिना कसैको तस्बिर खिच्न तथा त्यसरी खिचेको तस्बिरमा अरू कसैको तस्बिर राखी अर्को तस्बिर बनाउनमा समेत रोक लगाएको छ। त्यसैगरी कुनै एक व्यक्तिको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृतरूपको तस्बिर बनाउन वा प्रकाशन गर्नु पनि फौजदारी अपराध हो ।

अपराधसंहिताको दफा २९८ अनुसार विद्युतीयमाध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृतरूपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्नु वा अनधिकृतरूपमा कसैलाई हस्तान्तरण गर्नु वा गराउनु फौजदारी कसूर हो । त्यस्तै आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न गराउनु फौजदारी कसूर हो । अपराधसंहिताको दफा ३०६ को व्यवस्थाअनुसार लेखेर, आचरण वा आकार वा

चिह्न वा प्रचारप्रसारद्वारा वा अरू कुनै किसिमबाट कसैको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी बेइज्जत गरेमा वा त्यस्तो कुरा प्रचारप्रसार वा प्रकाशन गरेमा वा त्यस्तो कुनै सामग्री जानीजानी बिक्री वा वितरण गरेमा वा गराएमा त्यो फौजदारी कसूर हुने र इन्टरनेट प्रयोग गरेमा थप सजाय हुने व्यवस्था छ।

## निगरानी र खवरदारीको आवश्यकता

विद्युतीय कारोबार ऐनको व्यवस्थाका साथसाथै अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ जारी गर्दाको प्रक्रिया र अभ्यासलाई हेर्ने हो भने नीति निर्माताहरूको सोच अनलाइन पत्रकारितालाई नियन्त्रण गरेर जानुपर्छ भन्ने मानसिकताबाट प्रेरित भएको देखिन्छ। समयमा सचेत निगरानी र खवरदारीको अभावमा नेपाल पत्रकार महासंघलाई समेत रनभुल्लमा पारेर जसरी यो निर्देशिका आयो र लागू भयो त्यसबाट नेपाली पत्रकार समुदायले अबका दिनहरूमा बन्ने कानुनहरूमा पर्याप्त निगरानी र खवरदारी गर्नुपर्ने आवश्यकता देखिएको छ।

अनलाइन पत्रकारितासँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुमा कानुनहरू निर्माण हुने प्रक्रियामा छन् साथै भाद्र १ गतेदेखि अपराधसंहिता प्रचलनमा आउनेछ। नयाँ बन्ने कानुनहरू मात्रै होइन, संविधान र बनेका कानुनका प्रावधानहरू कसरी प्रयोग र व्याख्या हुन्छ र त्यसले अनलाइनको प्रेस स्वतन्त्रतालाई संकुचन पार्छ या पार्दैन भन्ने विषयवस्तुमा अहिल्यै केही भन्न सकिने अवस्था छैन। तर, नेपाल पत्रकार महासंघ र समग्र पत्रकारिता जगत् चनाखो भई यी व्यवस्थाले प्रेस स्वतन्त्रतालाई संकुचित पार्न नदिन निगरानी र खवरदारी गर्न नसकेमा विशेषगरी अनलाइन पत्रकारिताका लागि प्रेस स्वतन्त्रता नहुने अवस्था आउन सक्दैन भन्न सकिदैन।

***(आचार्य सेन्टर फर मिडिया रिसर्च नेपालका कार्यकारी निर्देशक एवम् नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य हुनुहुन्छ)।***

# लोकतन्त्रपछि प्रेस स्वतन्त्रता हननका घटना

**भुवन केसी/हिरण्य जोशी**

राजनैतिक पद्धतिको अभ्यासलाई मापन गर्ने मुख्य कसी हो प्रेस स्वतन्त्रता । प्रेस स्वतन्त्रताको स्तरले राजनैतिक पद्धतिको अभ्यासको स्थितिलाई प्रष्ट पार्छ । अधिनायकवादी र निरङ्कुश व्यवस्था तथा एकदलीय व्यवस्थामा प्रेस स्वतन्त्रता हुँदैन, लोकतन्त्रमा प्रेस स्वतन्त्रता हुन्छ भन्ने मान्यता छ । तर, अभ्यासबाट लोकतान्त्रिक शासन व्यवस्था हुँदैमा मात्र प्रेस स्वतन्त्रता सुनिश्चित हुँदैन भन्ने देखिएको छ । 'कार्यपालिका, व्यवस्थापिका, राजनीतिक दल, कर्मचारीतन्त्र, सुरक्षा निकाय, नागरिक समाज, विभिन्न संघसंस्था तथा व्यक्तिमा लोकतान्त्रिक आचारण भएन भने लोकतन्त्र भएपनि प्रेस स्वतन्त्रता हुन्छ भन्ने निश्चित हुँदैन् ।'[१] मूल्य-मान्यता र आचारणको अभाव, सामाजिक परिवेश, आर्थिक तथा सांस्कृकित पक्षलगायतका कारणले गर्दा लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस स्वतन्त्रता हनन् हुने गरेको पाइन्छ । यस आलेखमा प्रेस स्वतन्त्रता हननका प्रकृति कस्ता हुन्छन्, २०६२/०६३ सालको जनआन्दोलनबाट प्राप्त लोकतन्त्रपछि कस्ताखालका घटना भए र त्यसलाई न्यूनीकरण गर्न आगामी दिनमा कसरी अघि बढ्नुपर्छ भन्नेबारे चर्चा गरिएको छ ।

## प्रेस स्वतन्त्रता हनन्

प्रेस स्वतन्त्रताको दुईवटा अवधारणा छन; प्रेस स्वतन्त्रता र जवाफदेहीतासहितको प्रेस स्वतन्त्रता । पहिलो अवधारणाले पूर्ण प्रेस स्वतन्त्रताको परिकल्पना गरेको हुन्छ । सत्य-तथ्य कुरा बाहिर ल्याउनुपर्छ भन्ने मान्यता राखिएको हुन्छ । दोस्रोले प्रेस स्वतन्त्रता भनेको स्वेच्छाचारी हुँदैन, मूल्य-मान्यता र सामाजिक दायित्व तथा जवाफदेहीताबाट प्रेस निर्देशित हुन्छ भन्ने मान्यता राख्छ । जुनसुकै अवधारणाबाट निर्देशित भएर अघि बढे पनि कतिपय अवस्थामा अभ्यासमा भने प्रेसलाई नीतिगत र व्यावहारिकरूपमा अवरोध सिर्जना गरेको पाइन्छ । यस्तो अवरोध नीतिगतरूपमा सरकार पक्षबाट हुन्छ भने व्यावहारिकरूपमा सरकार र गैरसरकारी पक्षबाट हुनसक्छ । 'युद्ध, सशस्त्रद्वन्द्व, बन्द, हडताल, आन्दोलन, विरोध प्रदर्शन भइरहेको, राजनीतिक संक्रमण रहेको, विभिन्नखालका अपराध गर्ने समूह सक्रिय भएको, अनियमितता र भ्रष्टाचार व्याप्त

---

[१] *पत्रकारको सुरक्षा नीति, २०७४* । २०७४ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

रहेको ठाउँमा पत्रकारको सुरक्षामा बढी चुनौती आउने गर्छ । यस क्रममा पत्रकारलाई मार्ने, बेपत्ता पार्ने, आक्रमण गर्ने, पक्राउ गर्ने, यातना दिने, धम्की दिने, आतंकित पार्ने, अवरोध सिर्जना गर्ने, सञ्चारमाध्यममा आक्रमण गर्ने, पत्रकारका परिवारलाई समेत धम्की दिने जस्ता घटना हुने गर्दछन् (पौड्याल, केसी र अधिकारी, सन् २०१५) ।'

अवरोध, आक्रमण र नियन्त्रण जुनसुकै पक्षले गरे पनि त्यहाँ प्रेस स्वतन्त्रता हनन् हुन्छ। '...आमसञ्चार स्वतन्त्रता हनन् भन्नाले छापा, विद्युतीय वा अनलाइन माध्यमबाट पत्रकारिता गर्ने क्रममा व्यावसायिक कार्य गर्न राज्य वा गैरराज्यपक्षबाटसमेत बाधा उत्पन्न गरिएको अवस्थालाई बुझिनेछ।'[२]

प्रेस स्वतन्त्रता हननका घटनासँग कुनै न कुनैरूपमा हिंसा जोडिएको हुन्छ। हिंसालाई मूलतः तीन प्रकार; शारीरिक, मानसिक र भौतिक वस्तुमाथिको आक्रमणका रूपमा लिने गरिन्छ । 'आमसञ्चार माध्यममाथि गरिने आक्रमणमध्ये सबैभन्दा खतरनाक शारीरिक हिंसा नै हुन्छ। जसअन्तर्गत हत्या, कुटपिट र अङ्गभङ्ग तुल्याइने अवस्थालाई लिइन्छ । मानसिक हिंसाअन्तर्गत पत्रकारहरूले दुर्व्यहार, दुरुत्साहन वा सेन्सरसीपको अवस्था सामना गर्नुपर्दछ। धम्की यसै अन्तर्गत पर्छ ।'[३]

केही घटना शारीरिक र मानसिक दुवै जोडिएर पनि आउन सक्छन् । '...अपहरण, विस्थापन, बेपत्ता र यातनाको सन्दर्भमा पत्रकारले शारीरिक र मानसिक दुवै किसिमका हिंसाको सामना गर्नुपर्दछ । त्यसैगरी पत्रकारिताका साधन वा आमसञ्चारमाध्यमका कार्यालयमाथि गरिने आक्रमणलाई भौतिक वस्तुमाथिको आक्रमणको श्रेणीमा राख्न सकिन्छ ।'[४]

'आमसञ्चारमाध्यमविरूद्धका कतिपय हिंसालाई कानुनी र नैतिक हिंसाको श्रेणीमा पनि राख्न सकिन्छ। अदालतको मानहानी वा कानुनी आधार देखाएर गरिएको गिरफ्तारीलाई यस श्रेणीमा राख्न सकिन्छ। त्यसैगरी पत्रकारलाई निरुत्साहित गर्ने उद्देश्यले अमर्यादित शब्दको प्रयोग गरियो वा धम्की दिइएको घटनालाई नैतिक हिंसाका रूपमा पनि बुझ्न सकिन्छ।[५]

---

[२] *प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड*। २०७३ । काठमाडौं : नेपाल पत्रकार महासंघ।

[३] *प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड*। २०७३ । काठमाडौं : नेपाल पत्रकार महासंघ।

[४] *प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड*। २०७३ । काठमाडौं : नेपाल पत्रकार महासंघ।

[५] *प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड*। २०७३ । काठमाडौं : नेपाल पत्रकार महासंघ।

प्रेस स्वतन्त्रता हननका घटनाको अनुगमन गर्न नेपाल पत्रकार महासंघले संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार पारेको छ। जसमा १० वटा मुख्य र त्यसअन्तर्गत सहायक मानदण्ड कायम गरिएको छ। मृत्यु/हत्याअन्तर्गत लक्षित हत्या, लक्षित नगरी भएका हत्या, शंकास्पद मृत्यु, दुर्घटनाबाट मृत्यु, आत्महत्या राखिएको छ जसअन्तर्गत घटना दर्ता गर्दा त्यस्ता घटनाहरू पत्रकारिता पेशासँग जोडिएको छ कि छैन भन्ने हेर्ने गरिन्छ।

गिरफ्तारी अन्तर्गत स्वेच्छाचारी गिरफ्तारी, गिरफ्तार गरी हिरासतमा राखिएको, जेल चलान, अल्पकालिन नियन्त्रण, यातनासहित नियन्त्रण (भौतिक र मानसिक) राखिएको छ। बेपत्ताअन्तर्गत बेखबर, बेपत्ता पारिएको, अपहरण राखिएको छ। यस्तै कब्जा/अवरोधअन्तर्गत जफत, साधन लुटपाट, संस्था नियन्त्रण, सञ्चार संस्था अवरूद्ध, रिपोर्टिङमा अवरोध, प्रकाशन, प्रसारण वा वितरणमा अवरोध राखिएको छ।

आक्रमणअन्तर्गत हत्या प्रयास, चोटपटक, कुटपिट, आगजनी राखिएको छ भने लैङ्गिक हिंसाअन्तर्गत बलात्कार, बलात्कार प्रयास, यौनजन्य दुर्व्यहार राखिएको छ। यस्तै धम्कीअन्तर्गत ज्यानमार्ने धम्की मनोवैज्ञानिक धम्की, गाली गलौज, परिवारका सदस्यलाई धम्की राखिएको छ।

पेशागत असुरक्षाअन्तर्गत रोजगारी बिमुख गराउने, सेवा सुविधाबाट वञ्चित र कामबाट वञ्चित राखिएको छ। त्यस अतिरिक्त मानदण्डमा विस्थापन र नीतिगत बन्देज राखिएको छ। यही मानदण्डलाई आधार बनाएर हेर्दा लोकतन्त्र स्थापनपछि ११ वर्षमा प्रेस स्वतन्त्रता हननका २१ सय ४८ वटा घटना भएका छन्। त्यसमा सबैभन्दा बढी ७२४ वटा धम्कीका घटना भएका छन्। त्यसपछि आक्रमणका ६ सय, कब्जा/अवरोधका ३ सय ५६, पेशागत असुरक्षाका २ सय ४४, गिरफ्तारीका १ सय ७०, विस्थापनका १५, हत्याका १४, बेपत्ताका ११, नीतिगत बन्देका ४ र लैंगिक हिंसाका चारवटा घटना भएका छन्। ११ वर्षमा १४ जना पत्रकारको हत्या भएको छ। यो सबैभन्दा डरलाग्दो पक्ष हो। यस तथ्यांकका आधारमा हेर्दा धम्की र आक्रमण ठूला चुनौतीका रूपमा रहेको देखिन्छ।

| क्र. स. | घटनाको प्रकृति | वर्ष | | | | | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६३/६४ | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | |
| १ | हत्या | - | ३ | २ | २ | १ | २ | २ | १ | १[६] | - | | - | १४ |
| २ | गिरफ्तारी | ४ | ८२ | ३२ | ४ | ३ | ४ | - | ५ | २ | ३ | १५ | १६ | १७० |
| ३ | बेपत्ता | १ | ५ | १ | - | २ | - | १ | - | - | - | - | १ | ११ |
| ४ | कब्जा/ अवरोध | ३१ | ८२ | २५ | ३४ | ३ | ६७ | ६० | १० | ५ | १९ | १४ | ६ | ३५६ |
| ५ | आक्रमण | ६९ | १२४ | १०६ | २८ | ४१ | ८१ | ५० | १२ | १३ | ४१ | १८ | १७ | ६०० |
| ६ | लैंगिक हिंसा | - | - | - | - | - | - | - | - | १ | - | - | - | १ |
| ७ | धम्की | ७७ | ९४ | ६३ | ९५ | ५९ | १२३ | ९४ | १५ | ८ | ५३ | २४ | १९ | ७२४ |
| ८ | विस्थापन | १२ | - | ३ | - | - | - | - | - | - | - | - | - | १५ |
| ९ | पेशागत असुरक्षा | २८ | ४५ | - | ६ | - | ३ | २२ | १ | ११५ | २३ | १ | - | २४४ |
| १० | नीतिगत बन्देज | - | - | - | - | - | | - | - | - | - | १ | ३ | ४ |
| | कूल | २२२ | ४३५ | २३२ | १६९ | १०९ | २८० | २२९ | ४४ | १४५ | १३९ | ७३ | ६२ | २१४८ |

[६] नेपाल पत्रकार महासंघको सन् २०१४/१५ को प्रतिवेदनमा भवितव्य मृत्यु (प्राकृतिक मृत्यु) का १० वटा घटनालाई समावेश गरिएकोमा यहाँ त्यसलाई समावेश गरिएको छैन ।

त्यसैगरी २०६८/०६९ मा प्रेस स्वतन्त्रता हननका ४ सय २५ वटा घटना भएका छन्, जुन लोकतन्त्र स्थापनापछि एकै वर्षमा भएका सबैभन्दा धेरै घटना हुन् । ०६८/०६९ मा २ सय ८०, ०७०/०७१ मा ४४, ०७२/०७३ मा १ सय ३९, ०७३/०४४ मा ७३ र ०७४/०७५ वैशाख १६ गतेसम्म ६२ वटा घटना भएका छन् । यी घटना नेपाल पत्रकार महासंघको अनुगमन एकाइमा अभिलेख भएका घटनाहरू हुन् । प्रेस स्वतन्त्रता हननका घटनाको तथ्यांकमा घट्ने बढने क्रम रहेको देखिन्छ । पछिल्ला चार वर्षको तथ्यांक हेर्दा प्रेस स्वतन्त्रता हननका घटना घट्दोक्रममा छ । यो सकारात्मक पक्ष हो । तर, संख्या कम भन्दैमा प्रेस स्वतन्त्रताको अवस्था सुधार हुँदै गएको छ भन्ने ढुक्क हुन सकिदैन । घटनाको प्रकृति, नियन्त्रण र स्वनियन्त्रणको अवस्था के छ, त्यसलाई पनि केलाउनु पर्ने हुन्छ । प्रत्यक्ष भौतिक आक्रमणका घटनाहरू कम भए पनि 'भौतिक असुरक्षाकै कारण सूचनाको पहुँच र प्रसारण/वितरणमा अवरोध हुनुका साथै पत्रकार र सञ्चारमाध्यमहरूमा भयको वातावरण सिर्जना भई स्वनियन्त्रणको स्थिति देखापरेको छ, जसले प्रेस स्वतन्त्रताको उपभोगमा गम्भीर असर पारेको पाइएको छ (विष्ट, २०७४)।' सन् २०१४ मा सार्वजनिक एउटा अनुसन्धानले ६३ प्रतिशत पत्रकारले काममा स्वनियन्त्रण गरेको देखाएको थियो (भट्टराई र मैनाली, सन् २०१४) ।

प्रेस स्वतन्त्रता हननका घटना कम हुँदैमा त्यहाँ प्रेस स्वतन्त्रता उच्चतम अभ्यास भएको छ भन्ने मान्न नसकिने कुराको नमूनाका रूपमा भुटानलाई लिन सकिन्छ । त्यसका साथै भएका सबै घटनाहरू पत्रकार र मिडिया हाउसले सार्वजनिक गर्छन् नै भन्ने पनि छैन । किनकि कतिपय अवस्थामा पत्रकार र मिडिया हाउसले घटनालाई सार्वजनिक गर्नेभन्दा पनि त्यसलाई भित्रभित्रै मिलाउने वा भन्दै नभन्ने प्रवृति पनि छ ।

२०६२/०६३ सालमा लोकतन्त्र स्थापनापछि प्रेस र पत्रकारमाथि हुने आक्रमण रोकिनु पर्ने हो । तर, राजनीतिक संक्रमण, राजनैतिक तथा सामाजिक आन्दोलन, क्षेत्रीय आन्दोलन, जातिय आन्दोलन, निर्वाचनलगायतका क्रममा प्रेसमाथि निरन्तर आक्रमण भएको पाइन्छ ।

शान्तिप्रक्रियामा आएपछि पनि नेकपा माओवादीसँग जोडिएर प्रेस स्वतन्त्रता हननका धेरै घटना भए । यस्तै संविधानसभाको निर्वाचन, संविधान निर्माणका बेला तराईका विभिन्न क्षेत्रमा भएका आन्दोलन, जनजाति आन्दोलन, प्रदेश निर्माणका क्रममा भएका क्षेत्रीय आन्दोलन तथा स्थानीय, प्रदेश र संघीय संसद्को निर्वाचनका बेला प्रेस स्वतन्त्रता हननका घटनाहरू बढी मात्रामा भएको पाइन्छ । संविधानसभाको पहिलो निर्वाचन

भएको वर्षको तुलनामा संविधानसभाको दाम्रो निर्वाचन, स्थानीय तह, प्रदेशसभा र संघीय संसद्को निर्वाचनमा प्रेस स्वतन्त्रता उल्लंघनका घटना धेरै कम भएका छन् ।

सरकार तथा प्रतिपक्षमा रहेका दलहरूले आफ्नो अनुकूल नहुनासाथ प्रेसलाई तारो बनाको पनि पाइन्छ । सरकारी पक्षले नीतिगतरूपमासमेत प्रेसका अधिकारलाई कुण्ठित गर्ने प्रयास गरेको छ । अदालतको अपहेलनासम्बन्धी विधेयक र अनलाइन सञ्चालनसम्बन्धी निर्देशिका यसका उदाहरण हुन् । अदालतको अपहेलनासम्बन्धी विधेयक जनमत लिएपछि अघि बढाइएन भने नेपाल पत्रकार महासंघलगायत पत्रकारका विभन्न संघसंगठनको विरोध हुँदाहुँदै अनलाइन सञ्चालन निर्देशिका जारी गरियो । प्रेसका अधिकारलाई संकुचन गर्ने सम्बन्धमा अदालत पनि पछि परेका छैन । आफ्नो विरूद्ध श्रृखंलावद्धरूपमा कान्तिपुर दैनिकमा समाचार प्रकाशित भएपछि र मानहानीको मुद्दा दर्ता भएपछि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले आफ्नो विरूद्ध समाचार प्रकाशित गर्न नमिल्ने आसयसहितको व्यवस्था गर्न प्रेस काउन्सिल नेपाललाई निर्देशन नै दिए । प्रेसका अधिकार हनन् हुँदा त्यसका विरूद्ध सशक्त आवाज बुलन्द गर्नुपर्ने पत्रकार र पत्रकारका विभिन्न संघसंगठनहरूले पनि प्रेस स्वतन्तालाई असर पार्ने गतिविधि गरेको पाइन्छ । नेपाल पत्रकार महासंघको कार्यालयमा समेत तालाबन्दी गरेका घटना छन् ।

## समस्या र चुनौती

राजनैतिक परिवर्तन, सामाजिक तथा आर्थिक परिवर्तनदेखि सामाजिक सद्भाव कायम राख्नेसम्ममा नेपाली मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । २०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली, २०६३ सालमा लोकतन्त्रको वहाली, संविधानसभाको निर्वाचन, गणतन्त्रको स्थापना, संविधानसभामार्फत नयाँ संविधान जारी, संघीयताको कार्यान्वयन, इराकमा १२ जना नेपाली मारिएपछि भडकिएको हिंसालाई न्यूनीकरण, सामाजिक- आर्थिक परिवर्तनलगायतमा मिडियाको भूमिका प्रंशसनीय छ ।

प्रेस काउन्सिल नेपालका अनुसार आर्थिक वर्ष २०७३/०७४ सम्ममा ३८ सय ६५ वटा पत्रिका दर्ता भएका थिए । जसमा ८ सय ६३ वटा नियमित छन् ।[७] इजाजतपत्र प्राप्त रेडियोको संख्या ७ सय ४०[८], प्रसारण इजाजत प्राप्त टेलिभिजन स्टेसनको संख्या १ सय १६[९] र  प्रेस काउन्सिलमा १०६४ वटा अनलाइन सूचीकरणका लागि दर्ता भएका छन् ।[१०] नेपाल पत्रकार महासंघको सदस्यता संख्या १३ हजार ५० छ ।[११] मिडिया र पत्रकारको संख्या वृद्धि हुनु सकारात्मक पक्ष हो । तर पनि कतिपय पक्षमा मिडिया चुकेका छन् । कतिपय मिडिया व्यावसायिक छैनन् । मिडिया सञ्चालकको विभिन्न ठाउँमा लगानी छ । त्यसको परिणाम मिडियाको कन्टेन्टमा समेत देखिने गरेको छ । कतिपय मिडिया राजनीतिकरूपमा विभाजित छन् ।

आचारसंहिता पालनामा समस्या रहेको छ। पत्रकार राजनीतिक रूपमा पनि विभाजित छन्। राजनीतिक मुद्दा, सशस्त्रद्वन्द्व, सामाजिक आन्दोलन, क्षेत्रीयताका मुद्दा, जातियताका मुद्दामा समेत विभाजित हुने गरेको पाइएको छ। पक्षधर भएका मिडिया र पत्रकारमा मात्र होइन, स्वतन्त्र र व्यावसायिक दाबी गर्ने मिडिया र त्यसमा कार्यरत पत्रकारमा पनि बेला-बेलामा समस्या देखिने गरेको छ। प्रेस स्वतन्त्रता हननूका घटना हुनुमा त्यो पनि एउटा पक्ष हो । प्रेस स्वतन्त्रता हननूका घटना हुँदा त्यसको मूल कारण पहिचान गर्न पनि बेलाबेलामा समस्या पर्ने गरेको छ । त्यसको कारण मिडिया सञ्चालक र पत्रकारको विभिन्न ठाउँमा संलग्नता र फरक-फरक भूमिका हुनु हो । आवद्धता र लगानीमा पारदर्शिताको अभाव र आचारसंहिता पालनामा समस्या हुँदा पत्रकारको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ। 'उत्तरदायी र जिम्मेवार पत्रकारिताको अभावमा पत्रकारिता पेशा विश्वसनीय बन्न सक्दैनन र स्वयं पत्रकार पनि असुरक्षित हुन पुग्छन् ।'[१२]

---

[७] उज्यालो वर्ष, उत्साहपूर्ण उपलब्धी। Retrieved April 29, 2018, from http://www.presscouncilnepal.org/np/wp-content/uploads/2017/10/final-report-48-finel.pdf

[८] इजाजत पत्र प्राप्त एफएम रेडियोहरुको विवरण। Retrieved April 29, 2018 , from https://www.moic.gov.np/upload/documents/fm-list-2074-04-16_1501498105.pdf

[९] टेलिभिजन प्रसारणको इजाजतपत्र जारी भएको । Retrieved April 29, 2018, from https://www.moic.gov.np/upload/documents/tv-list-2074-04-16_1501498146.pdf

[१०] सूचीकरणका लागि दर्ता हुन आएका अनलाइनहरुको विवरण। Retrieved Feb 27, 2018, from http://www.presscouncilnepal.org/np/wp-content/uploads/2018/02/Online-Media-Registered-Elistment-Updated-2074-9-29.pdf

[११] Members . Retrieved April 29, 2018 from http://fnjnepal.org

[१२] *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र*। २०७१। काठमाडौं : नेपाल पत्रकार महासंघ।

अर्को महत्वपूर्ण पाटो भनेको अधिकांश मिडियामा संस्थागतरूपमा सुरक्षा रणनीति छैन । मिडिया र पत्रकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । तर, मिडिया सञ्चालन गर्दा र रिपोर्टिङमा हुनसक्ने सम्भावित जोखिमको आंकलन गरी त्यसलाई न्यूनीकरण गर्न मिडिया र पत्रकार पनि तयारी अवस्थामा हुनुपर्ने भए पनि त्यसतर्फ मिडियाको ध्यान गएको छैन । किनकि व्यावसायिक पत्रकारिता गर्दागर्दै पनि प्रेसमाथि चुनौती आउन सक्छ । खोजी पत्रकारितामा सुरक्षा चुनौती सबैभन्दा बढी हुन्छ । 'कपितय बेला व्यावसायिक अभ्यास हुँदाहुँदै पनि पत्रकारमा सुरक्षा चुनौती रहन्छ । किनकि व्यावसायिक पत्रकारिताले सत्य कुराहरू बाहिर ल्याउँछ, त्यो कसैलाई मन पर्न पनि सक्छ र नपर्न पनि । सत्य स्वीकार नगर्ने र मन नपराउनेहरूले पत्रकारमाथि धावा बोल्न सक्छन् । प्रेसमाथि सुरक्षा चुनौती ल्याउनेमा प्राय सत्ता र शक्तिमा रहनेहरू हुन्छन्, जो गलत क्रियाकलापमा संलग्न हुन्छन् । यस अतिरिक्त विभिन्न संघसंस्था तथा व्यक्तिबाट पनि चुनौती आउने गर्छ ।'[१३] '...व्यावसायिक पत्रकारिता छ भन्दैमा पनि पत्रकारको शत प्रतिशत सुरक्षा हुँदैन । किनकि निर्भीकरूपमा सत्यतथ्यको उजागर गर्दा पत्रकारमाथि सुरक्षाको खतरा रहन्छ, त्यो जुनसुकै देशमा जस्तोसुकै राजनीतिक शासन प्रणाली होस् ।'[१४]

मिडिया क्षेत्रमा नयाँ-नयाँ प्रविधि आएका छन् । 'नयाँ प्रविधि र मिडियाको विकासले सकारात्मक परिणाम र अवसर त सिर्जना गरेको छ नै साथै थुप्रै समस्या र जटिलता पनि थपेको छ (आचार्य, २०७०) । प्रेस स्वतन्त्रता हनन् र पत्रकारको सुरक्षासँग डिजीटल सुरक्षा पनि जोडिएर आउँछ । 'ल्यापटप र मोबाइल जस्ता इलेक्ट्रोनिक उपकरणहरू, त्यसमा रहेका तथ्याङ्कहरू र इन्टरनेटमार्फत हुने सञ्चार सन्देशको सुरक्षाका उपायहरू डिजिटल सुरक्षा हो' (आचार्य र सिग्देल, सन् २०१८) । तर, डिजीटल सुरक्षाबारे पर्याप्त जानकारी नुहँदा पनि पत्रकार प्रताडित हुन परेको छ ।

### आगामी बाटो

२०७२ सालमा जारी गरिएको नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गरिएको छ । प्रेस स्वतन्त्रताको भूमिकालाई राज्य र गैरराज्य पक्षले व्यावहारिकरूपमा नै आत्मसाथ गर्न जरूरी छ, त्यसका लागि मिडिया लिट्रेसीको आवश्यकता छ ।

---

[१३] *पत्रकारको सुरक्षा नीति, २०७४* । २०७४ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।
[१४] *पत्रकारको सुरक्षा नीति, २०७४* । २०७४ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

मिडियामा सरकार र निजी क्षेत्रको लागनी छ। निजीमा व्यक्ति, समुदाय, व्यापारिक प्रतिष्ठानदेखि रजनीतिक नेताहरूको प्रत्यक्ष/अप्रत्यक्ष लगानी रहेको छ। लगानीमा पारदर्शिता र जवाफदेहिता जरूरी छ। मिडियामा जसको लगानी भए पनि पत्रकारिताका मूल्य-मान्यतालाई पालना गर्न आवश्यक छ। प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघले संयुक्तरूपमा जारी गरेको आचारसंहिता मात्र होइन, मिडियाले आफ्नो लागि आफैं आचारसंहिता जारी गर्ने र त्यसलाई पालना गर्न जरूरी छ। मिडिया सञ्चालक र पत्रकारको विभिन्न ठाउँमा आवद्धता भएकाले केही घटना भए त्यो मिडिया र पत्रकारिताका कारण हो कि अरू कारणले भनेर पनि खुट्याउन जरूरी छ। कारण अरू हुने र तत्काल त्यसलाई प्रेस स्वतन्त्रता हननको आवरण दिँदा पछि समस्या पर्ने सम्भावना पनि उत्तिकै रहन्छ।

२०७४ साल भदौ ४ र ५ गते काठमाडौंमा सम्पन्न नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनले पत्रकार सुरक्षा नीति, २०७४ पारित गरेको छ। यसमा सुरक्षा चुनौतीलाई अति संवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी सोहीअनुसार अबलम्बन गर्नुपर्ने रणनीतिका साथै सुझाव र सम्बोधन गर्ने तरिका उल्लेख गरिएको छ।[१५] यस्तैगरी चुनौतीको सामना गर्नका लागि जानकारी लिने/सम्बन्धित पक्षहरूसँग बुझ्ने, विज्ञप्ति प्रकाशित गर्ने, दबाबमूलक गतिविधि गर्ने, मुद्दा दर्ता गर्ने/ गराउने, उद्धार गरी स्थान परिवर्तन गर्नेलगायतका उपाय पनि उल्लेख गरिएको छ। यो सुरक्षा नीतिलाई आधार बनाएर मिडिया हाउसले आफ्नो अनुकूलको सुरक्षा नीति बनाउनु पर्छ। त्यसो गर्दा डिजीटल सुरक्षालाई पनि समावेश गर्नुपर्छ। प्रेस स्वतन्त्रता हननका घटना राज्य र गैरराज्य जुनसुकै पक्षबाट भए पनि नेपाल पत्रकार महासंघ, मिडिया, पत्रकार, पत्रकारका पेशागत संगठन, नागरिक समाज, राजनीतिक दललगायतले प्रतिवाद गर्नुका साथै घटनाको छानबिन गरी दोषीलाई कारवाही गर्ने वातावरण सिर्जना गर्नुपर्छ। त्यसो भएमा प्रेस स्वतन्त्रता हननका घटनालाई अझ न्यूनीकरण गर्न सकिन्छ।

***(केसी नेपाल पत्रकार महासंघमा सिनियर प्रोजेक्ट अफिसर र जोशी प्रोग्राम म्यानेजर हुनुहुन्छ)।***

[१५] *पत्रकारको सुरक्षा नीति, २०७४*। २०७४। काठमाडौं : नेपाल पत्रकार महासंघ।

## सन्दर्भ सामग्री

### नेपालीमा

आचार्य, उज्ज्वल र सिग्देल, सन्तोष । सन् २०१८ । *इन्टरनेट र यसको सुरक्षित प्रयोग*। काठमाडौं : फ्रिडम फोरम ।

आचार्य, उज्ज्वल । २०७० । अनलाइन पत्रकारिता । दिपक अर्याल, भुवन केसी र तिलक पाठक (सं), *मिडिया रिडर* (पृ.११७-१३०) । ललितपुर : जगदम्बा प्रकाशन ।

*पत्रकारको सुरक्षा नीति, २०७४*। २०७४ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

पौड्याल, बद्री, केसी, भुवन र अधिकारी, हरिकला । सन् २०१५ । *व्यावसायिक बनौ, सुरक्षित रहौं पत्रकार महिलाको सुरक्षा निर्देशिका* । काठमाडौं : सञ्चारिका समूह, युनेस्को काठमाडौं अफिस र इन्टरनेशनल मिडिया सपोर्ट (आइएमएस) ।

*प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड*। २०७३ । काठमाडौं : नेपाल पत्रकार महासंघ र इन्टरनेशनल अलर्ट ।

अर्याल, कुन्दन, मगर, उजिर र घिमिरे, समिर । *प्रेस स्वतन्त्रता हनन् अनुगमनका लागि संस्थागत ढाँचा सम्बन्धी साझा मानदण्ड* । २०७१ । काठमाडौं : नेपाल पत्रकार महासंघ र युनेस्को काठमाडौं अफिस ।

विष्ट, डा. महेन्द्र । २०७४ । *नेपालमा प्रेस स्वतन्त्रता*। काठमाडौं : सेन्टर फर मिडिया रिसर्च नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. ।

*सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र*। २०७१ । काठमाडौं : नेपाल पत्रकार महासंघ र इन्टरनेशनल अलर्ट ।

### अंग्रेजीमा

Bhattarai, Binod & Mainali, Raghu . 2014 . *Killing Journalism Softly.* Kathmandu : The Writing Workshop P.LtD & Alliance for Social Dialogue (ASD) .

नेपालमा पत्रकारको भौतिक सुरक्षाको अवस्थाबारे चर्चा गर्दा अहिले प्रत्यक्षरूपमा पत्रकारको हत्या र अपहरणका घटनाहरू नभए पनि पक्राउ, धम्की र सेल्फ सेन्सरसीपको अवस्था कायमै छ । विगतमा प्रेस स्वतन्त्रता हनन्का घटनामा संलग्नमाथि कारवाही हुन नसक्दा दण्डहीनताको अवस्था कायमै छ भने आक्रमणमा परेका पत्रकार र तिनका परिवारले न्याय तथा उचित क्षतिपूर्ति पाउन सकेका छैनन् ।

पत्रकारको हत्या, बेपत्ता एवं आक्रमणमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हनन्का घटना रोक्ने र दोषीलाई कारबाही गराउने, पत्रकारविरूद्धको हिंसा एवं मिडियामा सेल्फ सेन्सरसीपको अवस्थाको अन्त्यलगायत पत्रकारको भौतिक सुरक्षा र स्वतन्त्रताको जगेर्नाका लागि निरन्तररूपमा क्रियाशील रहने महासंघले निर्णय गरेको छ ।



Federation of Nepali Journalists (FNJ)